बेनिघाट रोराङ गाउंपालिकाले लैसस्रास विश्लेषणमा आधारित योजना तर्जुमा, लैसस्रासको विषयलाई विकासका योजना, कार्यक्रम तथा नीतिहरुमा मूलप्रवाहीकरण गर्ने खालका क्षमता विकासका गतिविधिहरुमा विशेष जोड दिन आवश्यक देखिएको अध्ययनको निष्कर्ष रहेको छ ।

लैङ्गिक अडिट लेखाजोखा अध्ययन प्रतिवेदन
२०७६ चैत्र

Poudel, Lok P

लैङ्गिक अडिट लेखाजोखा अध्ययन प्रतिवेदनको विषयसूची

क.सं.	विषयवस्तु	पेज नं.
१	लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण अध्ययनको कार्यकारी सारांश	२ देखि ५
२	पृष्ठभूमि, महत्व, उद्देश्य, अध्ययनका क्षेत्रहरु, अध्ययन विधि, सन्दर्भ सामाग्री विश्लेषण अध्ययनको निचोड, सोट विश्लेषणका प्राप्तीहरु, सहभागिहरु र माकुरे जालो	६ देखि १९
३	लैङ्गिक अडिट अध्ययनवाट प्राप्त भएका सवल, कमजोर पक्ष तथा चुनौतिहरु	२० देखि २२
४	लैङ्गिक तथा सामाजिक समावेशीकरण विकास कार्ययोजना	२३ देखि २६
५	निष्कर्ष/सुझाव	२६
६	**अनुसूचीहरु**	
	अनुसूची १: जेण्डर अडिट स्कोर	२७ देखि ३३
	अनुसूची २: गाउंपालिकाका कर्मचारीहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धि अभिमुखीकरण	३४
	अनुसूची ३: लक्षित समूह छलफल वडा नं. ३ का सहभागीहरु	३६
	अनुसूची ४: लक्षित समूह छलफल वडा नं. ५ का सहभागीहरु	३७ देखि ३८
	अनुसूची ५: लक्षित समूह छलफल वडा नं. ३ को प्रश्नावली तथा उत्तर	३८ देखि ४०
	अनुसूची ६: लक्षित समूह छलफल वडा नं. ५ को प्रश्नावली तथा उत्तर	४० देखि ४२
	अनुसूची ७ : प्रमुख सूचनादाता अन्तर्वार्ता प्रश्नावली तथा उत्तर	४३ देखि ५२
	अनुसूची ८: लैङ्गिक अडिट कार्यदलको वैठक माइन्युट	५३
	अनुसूची ९: प्रमुख सूचनादाता अन्तर्वार्ता स्वास्थ्य शाखा संयोजक	५४ देखि ५५
	अनुसूची १०: छलफलका केही झलकहरु: स्टाफहरुलाई जेसीको वारेमा अभिमुखीकरण	५५ देखि ५६

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण अध्ययनको कार्यकारी सारांश

लैङ्गिक लेखाजोखावाट प्राप्त निचोडको संक्षेपीकरण यस प्रकार रहेको छ । संक्षेपीकरण गर्दा लैङ्गिक लेखाजोखाको अंक तालिकामा भएका सूचकहरुलाई नै आधार मानिएको छ ।

मुख्य सूचक	कुल अंकभार	प्राप्त अंक भार	खाडल	समाधान
कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण	७	३.०	कानून तथा नीतिको तर्जुमाको क्रममा जोखिम तथा वन्चितिकरणमा परेका वर्गहरुको सहभागिता नभएको, केही ऐन नियम सो वर्गलाई ध्यानमा राखी बनेको तर सो नीतिको वारेमा सम्वन्धित वर्गलाई जानकारी नभएको । पालिकाले वनाएको उपभोक्ता समिति सम्वन्धि कार्यविधि, सडक वालवालिका सम्वन्धि कार्यविधि क्रमशः स्वयं उपभोक्ता समिति र वालक्लवलाई जानकारी नभएको । गाउंपालिकाका पदाधिकारीहरुलाई लैससास कार्यविधिको वारेमा खासै जानकारी नभएको । विपन्न वर्ग, पछाडि परेका वर्गहरुको आवाज, अधिकार र छनौटलाई शशक्त गर्ने खालका केही नीतिहरु वनेको भए पनि त्यसका लागि कार्यक्रम र वजेटको व्यवस्था नगरिएको ।	लैससास नीति कर्मचारी तथा पदाधिकारीहरुको वीचमा छलफलमा ल्याई पालिकाले पारित गरेका नीति तथा अवका दिनमा वनाउने नीतिहरुको वारेमा सम्वन्धित पक्षलाई जानकारी दिने, उनीहरुको सुझाव लिने खालका कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्नु पर्ने ।
लैससास विश्लेषणमा आधारित योजना तर्जुमा	७	२.०	गाउंपालिकाले लैससास विश्लेषणमा आधारित योजना तर्जुमा नगरेको, आजिवियो नवनाइएको र बनेको वार्षिक योजनामा पनि यो विषय ओझेलमा परेको । गाउंपालिकाले वन्चितिकरण तथा जोखिममा परेका वर्गहरुका लागि छुट्टै कोषको व्यवस्था गरी सोही कोष परिचालनको नीति वनाई कार्यक्रम तर्जुमा गर्ने नगरेको भएता पनि सो वर्गको हितलाई मध्यनजर गरी केही हदसम्म भए पनि कार्यक्रम सञ्चालन गरेको । सवै वडाहरुमा महिला हिंसा विरुद्धको १६ दिने अभियान, वालदिवस, अपाङ्ग दिवस मनाउने चलन नभएको ।	गाउंपालिकाले आगामी दिनमा आजिवियो वा वार्षिक योजना वनाउंदा लैससास विश्लेषणको प्रतिवेदनले औंल्याएका कुराहरु समावेश गर्नु पर्ने, वन्चितिकरणमा परेका वर्गहरुको विशेष कोष तथा कार्यक्रम तय गर्नका लागि लैससास समितिले पैरवी गर्ने वातावरण तयार गर्नु पर्ने, महिला विरुद्ध हुने विभिन्न प्रकारका हिंसा, वाल दिवस, अपाङ्ग दिवस मनाउनका लागि समुदायमा आधारित संस्थाहरुको क्षमता विकास गर्ने र पालिकाको महिला तथा वालवालिका शाखालाई मुख्य जिम्मेवार वनाई लानु पर्ने देखियो ।
योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन	७	३.५	लैससासको विषयलाई योजना तर्जुमाको आधारको रुपमा ऐन बोले पनि व्यवहारमा अंगिकार नगरेको देखिएको, योजना तर्जुमा गर्दा, अनुगमन गर्दा लक्षित वर्ग विशेष कार्यक्रम वनाउने नगरिएको, न्यायमा पहुंच	आगामी दिनमा योजना तर्जुमा गर्दा लैससास विश्लेषणलाई योजना तर्जुमाको आधारको रुपमा लिइनु पर्ने, मेलमिलापकर्ताहरुको तालिम

			नपुगेका जोखिम तथा वन्चितिकरणमा परेका वर्गहरुको हितका लागि मेलमिलापकर्ताहरुको तालिमका लागि श्रोत विनियोजन नगरिएको, अनुगमनको सूचक वनाई अनुगमन गर्ने र अनुगमनवाट प्राप्त नतिजा सम्वन्धित शाखा तथा सरोकारवालासंग छलफल अन्तर्किया गर्ने नगरिएको, पालिकाले वैदेशिक रोजगारमा जान चाहने युवती, महिला, जोखिम तथा वन्चितिकरणमा परेका वर्गको तथ्याङ्क नराखेको तथा त्यसका लागि क्षमता विकास कार्यक्रम नवनाएको, त्यस्तै वैदेशिक रोजगारीवाट नेपाल फर्किएका तर नेपालमै केही काम गर्न चाहाने महिला उद्यमीहरुको रेकर्ड राखी उनीहरुका लागि स्वरोजगारका कार्यक्रमहरु डिजाइन गर्ने विषयमा गाउंपालिकाले कुनै सोच अघि नसारेको । महिला लक्षित कार्यक्रमको श्रोत पनि महिला तथा आमा समूहको भवन निर्माणका लागि जाने भएकोले यो क्षेत्र थप मारमा परेको ।	तथा वडास्तरीय मेलमिलाप केन्द्र तथा न्यायिक समितिको संस्थागत विकासका लागि यथोचित वजेट व्यवस्था हुन आवश्यक देखिएको, पालिकामा वैदेशिक रोजगारमा गएका महिला, युवती आदिको तथ्याङ्कको अभिलेख जरुरी भएको साथै वैदेशिक रोजगारमा जान चाहाने महिलाहरुका लागि महिला हिंसाको घटनावाट वचाउन उनीहरुलाई तालिम, सचेतना निर्माणका लागि क्षमता विकास कार्यक्रम आवश्यक भएको, महिला उद्यमशीलताका कार्यक्रमहरु तर्जुमा गरी उनीहरुको आर्थिक समृद्धिका लागि गाउंपालिकाले काम गर्नु पर्ने देखिएको । महिला लक्षित कार्यक्रममा विनियोजन गरिएको श्रोत महिलाहरुको सचेतना निर्माणमा खर्च गर्न सके महिला माथि हुने हिंसा, दुव्यवहारलाई कम गर्न सकिने ।
आन्तरिक संरचना	७	३.५	पालिकाभित्र महिला तथा वालवालिका शाखाको स्थापना भएको भएता पनि यसमा एकातर्फ पर्याप्त क्षमतावान कर्मचारीको अभाव भएको, साथै वस्ती, वडास्तरमा वन्चितिकरण, जोखिममा परेका वर्गहरु माथि भएको हिंसाका घटनाको वारेमा लिपिवद्ध हुन नसक्दा योजना तर्जुमामा यो क्षेत्रमा लगानी गर्न पर्छ भन्ने पैरवी गर्न कठिनाई भएको । उनीहरुमाथि भएको हिंसाका घटनाहरुले के कसरी उनीहरुको समृद्धि र सम्मानमा असर पारी उनीहरुलाई थप गरिवीको दलदलमा फसाउंछ भन्ने विषयमा अध्ययन नभएको, न्यायिक समिति मार्फत केही केसहरुको मध्यस्थता भएको भएता पनि कतिपय केसहरु मौखिक रुपमा मिलाइने र केही केसहरुको अभिलेख राखिने गरिएको भएता पनि त्यसको फलोअप गरिने नगरिएको । महिला हिंसाका घटनाहरु घटेकै स्थलमा गई पीडितहरुको पक्षमा	पालिकाभित्र भएको महिला तथा वालवालिका शाखालाई सुदृढ वनाउनु पर्ने, वडा तथा वस्तीस्तरमा घटेका घटनाहरुको लिपिवद्ध प्रतिवेदन तयार पार्नु पर्ने, लैङ्गिक रुपमा खण्डीकृत तथ्याङ्क पालिकामा हुनु पर्ने, न्यायिक समितिले गरेका मध्यस्थताका घटनाहरुको विस्तृत मामिला अध्ययन गरी अभिलेख राख्नु पर्ने, न्यायिक समितिमा हाल भएको केस लोडलाई वढाउन न्यायिक समितिको क्षमता विकास गरिनु पर्ने, न्यायिक समिति र वडास्तर तथा वस्तीस्तरमा मध्यस्थता गर्ने आमा एवं महिला समूह वीच

			सहजिकरण गर्ने वा मध्यस्थता गर्ने आन्तरिक संरचनाको पर्याप्त क्षमताको अभावको कारणले पीडकहरुको मनोवल उच्च रही रहने प्रवृत्ति कायम भएको कुरा लक्षित समूहको छलफलको क्रममा केही महिलाहरुले राखेको । वडास्तरमा भएका आमा समूह, महिला समूहहरुले पनि महिला हिंसाको सम्वन्धमा धेरै सवालहरुमा मध्यस्थता गरेका तर उनीहरुले गरेको कामको समयमै उचित कदर नहुनुको साथै उनीहरुले गर्दै आएका असल अभ्यासहरु न्यायिक समितिसंग कंही कतै नजोडिने वा उनीहरुले गरेका असल अभ्यासहरुको समीक्षा नहुने भएकोले उनीहरुको मनोवल खस्किने अवस्थामा रहेको लक्षित समूह छलफलको क्रममा प्राप्त भएको ।	आपसी छलफल, अन्तर्क्रिया गर्ने वातावरणको श्रृजना गर्नु पर्ने ।
क्षमता विकास	७	१.५	गाउंपालिकाले संस्थागत स्वमूल्याङ्कन मार्फत क्षमता विकासका खाडलहरु पहिचान नगरेको, पालिकाका कर्मचारीहरुलाई संस्थागत स्वमूल्याङ्कन के हो भन्ने विषयमा थाहा नभएको, विपन्न र वन्चितिकरणमा वर्गहरुको रणनैतिक आवश्यकता पुरा हुने खालका कुनै विशेष कार्यक्रम र वजेट तर्जुमा नभएको, लैङ्गिक हिंसा विरुद्धको शुन्य सहनशीलताको विषयमा स्वयं नीति निर्माता (पालिका पदाधिकारीहरुलाई) जानकारी नभएको, महिला हिंसाका घटनाहरुलाई एउटा सामान्य दैनिक घटनाको रुपमा लिई उनीहरुलाई त्यसको विरुद्धमा बोल्न सिकाउनुको साटो सहन सिकाउने सामाजिक मान्यता रहेकोले पीडकहरुको मनोवल उच्च रहेको, उपभोक्ता समितिमा नीति वमोजिम ३३ प्रतिशत महिला सहभागि हुने व्यवस्था भए पनि उपभोक्ता समितिमा रहेका महिलाहरुलाई उपभोक्ता समितिमा रहेर आफूले के काम गर्ने, कसरी गर्ने भन्ने विषयमा जानकारी नहुंदा नाम उनीहरुको रहने तर काम स्वयं पुरुषले नै गर्ने परिपाटी कायमै रहेको, स्वयं शिक्षकहरुले चेपाङ्गका छोराछोरीले अंग्रेजी सिक्न सक्दैनन भन्नुले यसको मनोवैज्ञानिक असर चेपाङ्गका छोराछोरीहरुमा परेको, अस्थायी परिवार नियोजनका साधनहरु स्वयं महिलाले प्रयोग गर्नु पर्ने र पुरुष परिवार नियोजनका साधन प्रयोगकर्तालाई साधनप्रति आकर्षित गर्न नसक्दा महिलाहरुमाथि थप मानसिक समस्या थपिएको, २ वटा छोरीछोरीमा स्थायी	पालिकाका कर्मचारी तथा पदाधिकारीहरुलाई संस्थागत स्वमूल्याङ्कनको वारेमा जानकारी आवश्यक भएको, पालिकाले संस्थागत स्वमूल्याङ्कन गर्न आवश्यक भएको, विपन्न तथा वन्चितिकरणमा परेका वर्गहरुको लागि रणनैतिक योजना आवश्यक भएको, महिला विरुद्धका घटनामा शुन्य सहनशीलताको विषयमा छलफल, पैरवी, अन्तर्क्रियाका कार्यक्रमहरु राख्न आवश्यक भएको, उपभोक्ता समितिमा रहेका महिलाहरुको सहभागितालाई अर्थपूर्ण वनाउन उनीहरुका लागि छुट्टै क्षमता विकासका कार्यक्रम राख्न आवश्यक भएको । चेपाङ्ग समुदायमा विद्यार्थी, अभिभावक, व्यवस्थापन समितिका सदस्यहरु, शिक्षकको वीचमा शिक्षक आचार संहिता तथा लैङ्गिक मैत्री आचार संहिताको वारेमा छलफल आवश्यक भएको । पुरुष परिवार नियोजनका प्रयोगकर्ता वढाउन तथा छोरीको भ्रुण

			वन्ध्याकरण गर्ने पुरुषलाई पुरस्कृत गर्ने नीतिको अभावमा पुरुषहरुलाई स्थायी वन्ध्याकरणमा आकर्षित गर्न नसक्दा महिलाहरुले नै स्थायी वन्ध्याकरण गर्नु पर्ने देखिएको ।	हत्यालाई रोकी आमाको स्वास्थ्यमा सुदृढिकरण गर्न २ छोरीछोरीमा स्थायी वन्ध्याकरण गर्ने जोडीहरुलाई पुरस्कृत गर्ने नीति गाउंपालिका तथा वडाले अवलम्वन गर्नु पर्ने ।
नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता	७	२.५	पालिकाका पदाधिकारी तथा शाखा प्रमुखहरुका लागि महिला विरुद्ध हुने सवै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धी, वेईजिङ्ग घोषणा पत्रका १२ वटा प्रतिवद्धता, दिगो विकासका १७ वटा लक्ष्यहरु, वाल अधिकार जातिय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी आदिको वारेमा जानकारी नभएको ।	अन्तराष्ट्रिय सन्धी सम्झौताको वारेमा कर्मचारी तथा पदाधिकारीहरुलाई अभिमुखीकरण गरी यसलाई स्थानीयकरण गर्ने ।
सुशासन	७	२.५	गाउंपालिकाले आयोजना गर्ने सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षणले महिलाहरुका विशेष मुद्दाहरुलाई सम्वोधन गर्ने नगरेको, पालिकाले सार्वजनिक सुनुवाई तथा वहिर्गमन अभिमत, नागरिक सन्तुष्टी प्रतिवेदन पत्र सार्वजनिक गर्ने नगरेको, पालिका तथा वडामा टांस गर्नु पर्ने नागरिक वडापत्रको विषयमा अधिकांश महिला समूह, वाल समूहलाई जानकारी नभएको, पालिकामा हुने विभिन्न संरचना जस्तै स्वास्थ्य चौकी व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति तथा अन्य नीतिगत संरचनाहरु महिला, जोखिममा परेका वर्गहरुको यथेष्ट प्रतिनिधित्व हुने हिसावले नवनाइएको साथै जहां महिलाहरुको प्रतिनिधित्व हुने हिसावले वनाइएका छन तिनीहरुमा पनि महिलाहरुको पहुंच स्थापना गर्न नसकिएको ।	गाउंपालिक तथा वडाले नागरिक वडा पत्र राख्ने, सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण गर्दा महिलाका सवालहरुको उठान गर्ने, पालिकाभित्र रहेका विभिन्न संरचनाहरुमा ३३ प्रतिशत महिला सहभागिता अनिवार्य गर्नु पर्ने ।

लैङ्गिक वजेट लेखाजोखामा अपनाएका विधि तथा सहभागिताः

कार्यक्रम	मिति	स्थान	महिला	पुरुष	दलित	जम्मा
गाउंपालिकाका स्टाफहरुलाई अभिमुखीकरण	२०७६/१०/२७	वेनिघाट गाउंपालिका	११	१९	०	३०
लक्षित समूह छलफल वडा नं ५	२०७६/११/०६	वडा कार्यालय	२४	८	२	३२
लक्षित समूह छलफल वडा नं ३	२०७६/११/०७	वडा कार्यालय	१३	११	३	२४
प्रमुख सूचनादातासंगको अन्तर्वार्ता	२०७६/११/१८ देखि २५	वेनिघाट गाउंपालिका	३	४	१	७
कार्यदलको वैठक	२०७६/११/२८	वेनिघाट गाउंपालिका	२	८	०	१०
जम्मा			५३	५०	६	१०३

१. पृष्ठभूमि

बेनिघाट रोराङ गाउंपालिका चितवनको इच्छाकामना गाउंपालिकाको पूर्व, गजुरी गाउंपालिकावाट पश्चिम, इच्छाकामना गाउंपालिकावाट उत्तर तथा गजुरी गाउंपालिका र सिद्धलेख गाउंपालिकावाट दक्षिणमा अवस्थित छ । यो गाउंपालिकाको कुल क्षेत्रफल झण्डै २०७ वर्ग कि.मि.रहेको छ । यस गाउंपालिकामा कुल खेतीयोग्य जमिन झण्डै ८५.७३ वर्ग कि.मि.रहेको छ । पालिकाको कुल जनसंख्या ३३०२९ रहेको छ जसमध्ये १६२१६ महिला तथा १६८०२ जना पुरुष रहेका छन । कुल जनसंख्याको झण्डै २४.२ प्रतिशत हिस्सा चेपाङ समुदायको रहेको छ । चेपाङ समुदायका महिला, वालवालिकाहरुको सामाजिक, आर्थिक, शैक्षिक, सरसफाई, स्वास्थ्यको अवस्था दयनीय रहेको विभिन्न व्यक्तिहरुसंगको भेटघाट, छलफल, प्रतिवेदनले देखाउंछ । पालिकाको कुल घरधुरी संख्या ५८५४ रहेको छ जसमध्ये झण्डै ६८ प्रतिशत घरहरुको छानो टिनवाट बनेको छ भने १३ प्रतिशत घरहरुको पक्की छानो रहेको छ । झण्डै १२.७ प्रतिशत घरहरुको छानो छाउने खरजन्य सामाग्रीवाट बनेको छ । जमिनको भिरालोपन हेर्ने हो भने यहां ३० देखि ५० डिग्रि भिरालोपन भएको जग्गाको प्रतिशत झण्डै ४८ रहेको छ । गाउंपालिकामा झण्डै ३८ प्रतिशत वनजंगल छ भने ४२ प्रतिशत खेतीयोग्य जमिन रहेको छ । गाउंपालिकामा २६७ जना अपाङ्ग व्यक्तिहरु रहेका छन जसमध्ये झण्डै ५१ प्रतिशत शारीरिक रुपमा अपाङ्ग रहेका छन भने १६.४ प्रतिशत आवाज सम्वन्धि अपाङ्गताले पीडित छन । त्यस्तै ७.४ प्रतिशतहरुमा कान नसुन्ने समस्या रहेको छ भने ८.३३ प्रतिशत मानिसहरु मानसिक अपाङ्गताले पीडित छन ।

गाउंपालिकाले जोखिमयुक्त वालवालिकाका लागि सामाजिक सुरक्षा कार्यविधि २०७६, सडक वालवालिकाको खर्च व्यवस्थापन कार्यविधि २०७६ तर्जुमा गरी २०७६ को गाउंसभावाट पास गरेको छ । त्यस्तै अपाङ्गता परिचय पत्र वितरण सम्वन्धी कार्यविधि, २०७५, न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ तर्जुमा गरी मेलमिलापको कार्यलाई अघि वढाएको छ ।

त्यस्तै नेपालको संविधान २०७२ को प्रस्तावनामा उल्लेख भएको सामन्ती, निरंकुश र एकात्मक राज्य व्यवस्थाले श्रृजना गरेको सवै प्रकारको विभेद र उत्पीडनको अन्त्य गर्दै वहुजातिय, वहुभाषिक, वहुधार्मिक, वहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी सवै प्रकारको वर्गीय, जातिय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेदको अन्त गर्ने परिकल्पना गरेको छ । समाजमा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय स्थापना गर्नका लागि समानुपातिक, समावेशी तथा सहभागितात्मक विकासको मार्ग प्रशस्त गर्ने विषय उल्लेख भएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लैससास**) सम्बन्धी व्यवस्था प्रस्तावनमा नै उल्लेख गरिएको छ । यसका अलावा दफा ११ को गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको उपदफा (२) (त) मा जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र असक्तहरुको व्यवस्थापन गर्ने जिम्मेवारी अन्तर्गत विभिन्न क्रियाकलापहरु संचालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ । यसैगरी सोही दफाको उपदफा (३) गाउँपालिका तथा नगरपालिकाले आफ्ना योजना बनाउँदा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा समाजिक समावेशीकरण अभिबृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनी उल्लेख गरेको छ ।

यसै गरी वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत तथ्यांक अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, विकास कार्य अन्तर्गत बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदि व्यवस्था गरिएको छ भने स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन अन्तर्गत योजना तर्जुमा प्रकृयामा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड दिइएको, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरिएको छ ।

सन् २०१५ को सेप्टेम्बरमा सम्पन्न संयुक्त राष्ट्रसंघको साधारण सभाले २०१६ देखी २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ । दिगो विकासका लक्ष्यहरुले विशेष गरी हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता, समानताका साथै भोक, गरीबीको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जीवनयापनका लागि परिकल्पना गर्दछ । यसका साथै यी लक्ष्यहरुले गरिबीको रेखामुनी रहेका बालबालिका, किशोरकिशोरी, महिला, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, पछाडि पारिएका समुदाय जस्तै दलित, जनजाति, आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उद्देश्य राखेको छ । चरम गरीबीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसँग लड्न र पछाडि परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगति गर्नका लागि कोही पनि पछाडि नछुटुन् भन्ने मुख्य सिद्धान्तलाई दिगो विकासका लक्ष्यले अंगिकार गरेको छ । दिगो विकास लक्ष्यले व्यक्तिको मर्यादालाई विकासको मुख्य आधारको रुपमा स्थापित गरेको छ । कोहि पनि पछि नछुटुन् भन्ने अवधारणाले समावेशी र दिगो विकासका उपलब्धि र नतिजा प्राप्तिका लागि विशेषत परम्परागत रुपमा सिमान्तकृत, विपन्न र जोखिम अवस्थामा रहेका व्यक्ति र समुहलाई विकासको प्रकृयामा ल्याउने कुराको सुनिश्चित गर्दछ । दिगो विकास लक्ष्य सामाजिक, आर्थिक र वातावरणीय विकासको एक विश्वव्यापी अवधारणा हो । सन् २०३० सम्ममा सबै प्रकारका विभेदहरु उन्मुलन गरी समानता र न्यायमा आधारित समाजको आधार तयार गर्न आवश्यक पर्ने लक्ष्यहरु राखिएका छन् । दिगो विकासका लक्ष्यहरुले समानता र न्यायमा आधारित समाज, मानव, पृथ्वी, समृद्धि, शान्ति जस्ता सवालहरुको साझेदारीमार्फत संभव छ भनी प्रतिवद्धता जनाएको छ । लैङ्गिक समानता दिगो विकास लक्ष्य मध्येको एक महत्वपुर्ण लक्ष्य हो जुन लक्ष्य नं. ५ मा राखिएको छ । यसका साथै लैङ्गिक समानता सबै लक्ष्यहरुमा मुलप्रवाहीकरण गरिएको छ ।

पन्ध्रौ योजना (आर्थिक वर्ष २०७६/०७७ - २०८०/०८१) को आधारपत्रमा (क) लैङ्गिक समानता तथा महिला सशक्तिकरण, (ख) बालबालिका तथा किशोरकिशोरी (ग) जेष्ठ नागरिक (घ) अपाङ्गता भएका व्यक्ति (ङ) सामाजिक सुरक्षा तथा संरक्षण (च) समावेशीकरण लगायतका विषयहरुलाई छुट्टै शिर्षकका रुपमा राखिएको छ ।

संविधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न आवश्यक रहेको छ ।

२. अध्ययनको महत्व

गाउंपालिकाले तर्जुमा गर्ने आवधिक योजना, वार्षिक योजना, नीति, रणनीति तथा कार्यक्रमहरुलाई लैङ्गिक मैत्री वनाई समावेशी तथा समानुपातिक एवं दीगो विकासमा टेवा दिनका लागि यो अध्ययन महत्वपूर्ण मानिएको छ । गाउंपालिकाका नीति, रणनीतिका अतिरिक्त यसले अपनाउंदै आएको विकासका अभ्यासहरुमा पनि आवाजहीन, अधिकारहीन, छनौटहीन वर्गहरुको अधिकार सुनिश्चित गर्नका लागि पनि यसको आवश्यकता भएको हो । यसका लागि गाउंपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धि कार्यविधि वनाई कार्यक्रम तथा रणनीतिहरुमा "लैङ्गिक मूलप्रवाहीकरण गरी "लैङ्गिक उत्तरदायी बजेट" मार्फत "लैंगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरूको सशक्तिकरण गर्नका लागि पनि यो अध्ययनको महत्व वढेको छ । गाउंपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा आफ्नो सवल पक्ष, सुधार्नु पर्ने विषय क्षेत्र, समस्या तथा चुनौतिहरुको पहिचान गरी निराकरणका उपायहरु पहिचान नगरी विकासका गतिविधिहरुलाई सञ्चालन गर्दै जाने हो भने गरिव र धनी विचको खाडल वढ्दै जान्छ । दीगो विकासका लक्ष्य हासिल गर्नका लागि पनि यो अध्ययन जरुरी छ । यो अध्ययनवाट प्राप्त खाडलहरुको आधारमा कार्ययोजना वनाउदै जाने र कार्ययोजनाका आधारमा कार्यक्रम कार्यान्वयन गरिने हो लैङ्गिक सचेतिकरण तथा शशक्तिकरणमा ठूलो पुऱ्याउन सकिन्छ । साथै यसवाट प्राप्त नतिजालाई आवधिक योजना तर्जुमा, वार्षिक योजना तर्जुमा, नीतिगत सुधारमा पनि प्रयोग गर्न सकिने भएकोले यसलाई गाउंपालिकाले निकै महत्वपूर्ण दस्तावेजको रुपमा लिएको छ ।

३. लैङ्गिक समानता सामाजिक समावेशीकरण परीक्षणको उद्देश्यहरु

- गाउंपालिकाको योजना तर्जुमा, नीति निर्माण, रणनीति निर्माण, कार्यक्रम कार्यान्वयन तथा अनुगमनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विषयहरुलाई कुन हदसम्म प्रतिविम्वित गर्न सकिएको छ त्यसको लेखाजोखा गर्न ।
- क्षेत्रगत रुपमा देखा परेका खाडलहरुलाई सम्वोधन गर्न आवश्यक कार्ययोजना वनाई कार्यान्वयन गर्न
- पालिकामा लैङ्गिक समानता सामाजिक समावेशीकरण सम्वन्धी कार्यविधि वनाई सो अनुसार योजना तर्जुमा, नीति निर्माणको पद्धतिलाई अनुशरण गर्ने वातावरण तयार पार्न

४. अध्ययनका क्षेत्रहरु

- कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
- लैससास विश्लेषणमा आधारित योजना तर्जुमा
- योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन
- आन्तरिक संरचना
- क्षमता विकास
- नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता
- सेवा प्रवाह र संस्थागत संस्कृति
- सुशासन

५. अध्ययनको तरिका र विधि

५.१ अभिमुखिकरण

लैङ्गिक अडिट अध्ययनका लागि सवै भन्दा पहिला गाउंपालिका सवै स्टाफहरुलाई राखी मिति २०७६ साल माघ २७ गते आधादिने लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्वन्धि अभिमुखीकरण कार्यक्रम गरिएको थियो । यसमा कुल ३० जना सहभागिहरुको उपस्थिति रहेको थियो जसमध्ये ११ जना महिला तथा १९ जना पुरुषको सहभागिता रहेको थियो । यसमा गाउंपालिकाका सवै कर्मचारीहरुलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अवधारणा, महत्व, लैङ्गिक समानता नहुंदा यसले हाम्रो समाजमा पारेको प्रभाव र असरका साथै जेण्डरको प्रक्रिया र सूचकहरुको वारेमा छलफल भएको थियो । साथै यो अभिमुखिकरण कार्यक्रमवाट जेण्डर अडिट प्रक्रियालाई सहजिकरण गर्नका लागि एउटा कार्यदल गठन गरिएको थियो । गाउंपालिकाको प्रशासन शाखा प्रमुखको संयोजकत्वमा गठित सो समितिमा योजना शाखा, आर्थिक शाखा, महिला तथा वालवालिका शाखा, प्राविधिक शाखा, न्यायिक समिति, सामाजिक शाखा, शिक्षा तथा स्वास्थ्य शाखाका प्रमुखहरुलाई सदस्यको रुपमा कार्य जिम्मेवारी दिने काम भएको थियो । अभिमुखीकरण कार्यक्रममा सहभागि भएका कर्मचारीहरुको नाम, थर र पद अनुसूची २ मा उल्लेख गरिएको छ । साथै कार्यदलको वैठकवाट गरिएको लैङ्गिक अडिटको नतिजा अनुसूची १ मा उल्लेख गरिएको छ ।

५.२ सन्दर्भ सामाग्री विश्लेषणः

गाउंपालिकाको कार्यदलका सदस्यहरुको सहजिकरण मार्फत गाउंपालिकाका विभिन्न नीति तथा कार्यक्रमका दस्तावेज तथा नीतिहरु कत्तिको लैङ्गिकमैत्री छन भन्ने विषयमा छलफल गर्ने, विश्लेषण गर्ने तथा त्यसमा सुधार गर्नु पर्ने विषयमा टिपोट गर्ने उद्देश्यले गाउंपालिकाले गत वर्ष तथा सो भन्दा अघिल्लो वर्ष पारित गरेका नीतिहरुमध्येवाट केही नीतिहरु च्याण्डम स्याम्पल विधिवाट छनौट गर्ने काम भएको थियो ।सन्दर्भ सामाग्रीहरुको छलफल, विश्लेषण तथा सुधारका लागि गरिएको केही टिपोटहरु यस प्रकार रहेका छनः

शिक्षा नियमावली, २०७४

प्रस्तावनामा लैङ्गिक समानता, समता, समानुपातिक तथा समावेशी विकास, विपन्न वर्ग, भौगोलिक विभेद तथा जातिगत विभेद आदिका विषयमा केही पनि नबोलेको । संरचना/भूमिकाः विद्यालय खोल्ने अनुमति सम्वन्धि उप शीर्षकमा विपन्न वडा, जातजाति, पिछडिएको वर्ग भएको स्थान विशेषलाई विद्यालय खोल्ने अनुमति दिने भन्ने शव्द राख्न सकिन्थ्यो तर त्यो राखेको पाइएन । विद्यालयले पालना गर्नु पर्ने शर्त तथा बन्देज अन्तर्गत विद्यालयमा वालमैत्री, अपांगतामैत्री तथा लैङ्गिकमैत्री बातावरण सृजना गर्ने भन्ने कुरा उल्लेख भएको । सोही उपशीर्षकमा विद्यालयमा नेपालको राष्ट्रिय एकता, सार्वभौमिकता, जातीय, क्षेत्रीय, भाषिक, लैंगिक ,सामाजिक तथा धार्मिक सहिष्णुतामा खलल

पार्ने कुनै पनि क्रियाकलाप हुन नदिने भन्ने कुरा उल्लेख गरिएको । सोही उपशीर्षक अन्तर्गत विद्यालय तथा छात्रावासमा स्वस्थकर,सत्य, निष्ठा र नैतिक चरित्र निर्माण, उद्यमशिलता प्रवर्द्धन, सामाजिक सद्भाव प्रवर्द्धन तथा सामाजिक विकृति -वालविवाह, निरक्षरता, छुवाछुत, जातिगत उचनीचता, छोरी माथिको विभेद आदि) उन्मुलनको वातावरण कायम गर्न स्थानीय पाठ्यक्रम तयार गरी स्वीकृतिको लागि प्रस्तुत गर्ने र कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउने भनिएको । यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत तहसम्म मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी प्रक्रिया नियम ७ बमोजिम हुनेछ, तर पाठ्य सामाग्री निर्माण गर्दा वालमैत्री, लैङ्गिकमैत्री हुनु पर्छ नभनिएको । विद्यालय खोल्नका लागि धरौटी राख्ने शीषर्क अन्तर्गत बिशेष आवश्यकता भएका विद्यार्थीका लागि वा सिमान्तकृत वर्गका लागि विद्यालय खोल्दा कार्यापालिकाले निर्धारण गरेको मापदण्ड बमोजिम धरौटी छुट दिन सकिनेछ भन्ने व्यवस्था भएको । शिक्षा नियमावलीले छात्रा विद्यालयको परिकल्पना नगरेको । शिक्षा नियमावली अन्तर्गत कार्यपालिकाको जिम्मेवारीमा विपन्न वर्ग, वडा, जातजाति, महिला आदिलाई शिक्षाको मूल प्रवाहमा ल्याउन जोड गर्ने कुरा उल्लेख नभएको । शिक्षा अधिकृतको काम, कर्तव्य र जिम्मेवारीमा समावेशी शिक्षामा जोड दिने कुरा उल्लेख गरिएको । प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत, स्थानीय श्रोतव्यक्ति आदिको भूमिका, कर्तव्य र जिम्मेवारीलाई लैङ्गिक रुपमा उत्तरदायी वनाउन आवश्यक देखिएको । पालिकास्तरीय शिक्षा समितिको संरचनामा अध्यक्षले तोकेका कार्यपालिकाका महिला तथा दलित समेत तीन जना सदस्य रहने व्यवस्था गरिएको । शिक्षा समितिमा रहेको १३ जनाको संरचनामा ३ जना महिला सदस्य रहने प्रावधान राखिएको जुन ३३ प्रतिशत भन्दा कम हुन आउने । शिक्षा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत समावेशी शिक्षाको व्यवस्थापन गर्न सहयोग गर्ने भनिएको । त्यस्तै विद्यालय व्यवस्थापन समितिको संरचनामा विद्यालयका अभिभावकले आफूहरु मध्येबाट चुनेका कम्तिमा एकजना महिला सहित तीन जना सदस्यको व्यवस्था गरिएको जस अनुसार महिला सहभागिता १२.८ प्रतिशत हुन आउने । विद्यालयस्तरीय वालक्लवले मनोनयन गरेको एक छात्रा र छात्रलाई स्थायी आमन्त्रित सदस्यको रुपमा राखिएको । विशेष शिक्षा गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना अपाङ्गता भएका व्यक्ति सदस्य रहने व्यवस्था गरिएको । संस्थागत विद्यालयको हकमा १४ प्रतिशत महिला सहभागिताको सुनिश्चितता गरिएको । साथै विद्यालय व्यवस्थापन समितिको बैठकमा बाल क्लबका प्रतिनिधी हरुले राखेको दृष्किोण निर्णय पुस्तिकामा उल्लेख गर्नु पर्नेछ तर प्रचलित कानुन विपरितका कुनै निर्णय भएकोमा बालप्रतिनिधीहरुलाई जिम्मेवार बनाईने छैन (वालक्लवको भूमिकालाई वलियो वनाउन खोजिएको) । सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा लैङ्गिक समानता, समता तथा सामाजिक समावेशीकरण सम्वन्धि प्रावधान नराखिएको ।

शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्था अन्तर्गत स्रोत कक्षा सञ्चालित विद्यालयमा उपनियम (२) बमोजिम शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्दा अपाङ्गता भएका विद्यार्थीका कम्तीमा एक जना अभिभावक हुनु पर्नेछ । परीक्षा सञ्चालन तथा समन्वय समितिको संरचना लैङ्गिक समानता, समता तथा सामाजिक समावेशीकरणको सवालमा तटस्थ रहेको । वार्षिक परीक्षा नदिने विद्यार्थीलाई कक्षा चढाउने सम्बन्धी व्यवस्थामा विरामी विद्यार्थीको हकमा कावु भन्दा वाहिरको परिस्थिति परेमा प्र.अ.ले मुख्य मुख्य विषयको परीक्षा लिई कक्षा चढाउन सक्ने व्यवस्था भएको स्थानमा दलित, पिछडिएको वर्गलाई विशेष प्राथमिकता भनिए राम्रो हुने । प्रधानाध्यपक तथा शिक्षकहरुको भूमिकामा महिला, दलित, पछाडि परेको वर्ग क्षेत्रका जातजाति (जस्तै चेपाङ्ग) लाई शिक्षाको मूल प्रवाहमा ल्याउने जस्ता वाक्यांश उल्लेख नगरिएको । शिक्षक नियुक्तिको सम्वन्धमा पनि महिला, दलित वा पछाडि परेको वर्गवाट शिक्षक लिइने कुरालाई उल्लेख नगरिएको । (६) उपनियम (५) बमोजिम सरुवा गर्दा साधारणतया अपाङ्गता भएका शिक्षक र महिला शिक्षकलाई पायक पर्ने स्थानमा सरुवा गरिनेछ । छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने : (१) संस्थागत विद्यालयले कूल विद्यार्थी सङ्ख्याको दश प्रतिशत विद्यार्थीहरुलाई देहाय बमोजिमका विपन्न एवं सिमान्तकृत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । यसरी सिफारिस गर्दा कम्तीमा ५ प्रतिशत बालिका अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ :राष्ट्रिय योजना आयोगबाट परिभाषित भए बमोजिम निरपेक्ष गरिबीको रेखामा पर्ने र सो भन्दा कम आम्दानी भएको, (घ)अपाङ्गता भएका बालबालिका । शिक्षक तथा कर्मचारीले पाउने बिदा: अन्तर्गत प्रसूती बिदा प्रसूतीको अघि वा पछि गरी अन्ठानब्बे दिन, प्रसूती स्याहार बिदा पन्ध्र दिनको व्यवस्था उल्लेख गरिएको, मिनाहा दिन सक्ने: प्राकृतिक विपद् वा कावु बाहिरको परिस्थितिले गर्दा सामुदायिक विद्यालयको सम्पत्ति हानी नोक्सानी हुन गएको प्रमाणित हुन आएमा वीस हजार रूपैयाँसम्मको भए प्रधानाध्यापकको सिफारिसमा व्यवस्थापन समितिले, पचास हजार रूपैयाँसम्मको भए व्यवस्थापन समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले, एक लाख

रूपैयाँसम्मको भए अध्यक्षले मिनाहा दिन सक्नेछ। सोभन्दा बढी रकम मिनाहा दिनु परेमा कार्यपालिकाको सिफारिसमा गाउँ सभाले मिनाहा दिन सक्नेछ भन्ने वाक्यांशमा यदि छात्राको मात्र विद्यालय भएमा वा छात्रा संख्या ६० प्रतिशत वा सो भन्दा वढी भएमा भन्ने वाक्यांश जोड्दा छात्रा मैत्री विद्यालयहरुको निर्माणमा योगदान पुग्न सक्थ्यो । विद्यालयलाई दिइने अनुदानमा (क) विद्यालयको विद्यार्थी सङ्ख्या, (ख) विद्यालयको शिक्षक सङ्ख्या, (ग) विद्यालयको परीक्षाको परिणाम, (घ) विद्यालयको आर्थिक अवस्था भनिएको तर लैङ्गिक समानता, समता, समानुपातिक तथा समावेशी विकास, विपन्न वर्ग, भौगोलिक विभेद तथा जातिगत विभेद आदि समावेश नगरिएको । यस ऐनमा शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्न कार्यपालिकाले प्रत्येक विद्यालयका लागि निश्चित भौगोलिक क्षेत्रलाई सेवा क्षेत्रको रुपमा तोकिदिन सक्नेछ । त्यस्तो भौगोलिक क्षेत्र भित्रका टुहुरा, अलपत्र परेका र बेसाहारा तथा अतिविपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छोडेका बालवालिकालाई छात्रबृत्ति वा विशेष व्यवस्था गरी वा निजका अभिभावक वा संरक्षकलाई सघाई वालवालिकालाई विद्यालयमा ल्याउनु गाउँपालिका, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको जिम्मेवारी हुनेछ भनी उनीहरुको जिम्मेवारीको शीर्षकमा नलेखी अन्यत्र ऐनमा उल्लेख गरिएको। ऐनमा शिक्षक तथा कर्मचारीले पालना गर्नु पर्ने आचार संहिताको वारेमा धेरै कुरा उल्लेख गरिएको भए पनि महिला हिंसा, लैङ्गिक समानता, वालहिंसा, वालश्रमिक, छुवाछुत, बोक्सी आदि जस्ता विषयमा शिक्षकलाई जिम्मेवार नवनाइएको । त्यस्तै विद्यार्थीले पालना गर्नु पर्ने आचारसंहितामा पनि लैङ्गिक हिंसा, छुवाछुत आदि कुरा उल्लेख नभएको ।

सहकारी ऐनः २०७४:

प्रस्तावनामाः सामाजिक न्याय भन्ने शव्द परेको । संरचना/भूमिकाः परिभाषा शीर्षक अन्तर्गत "सहकारी मूल्य" भन्नाले स्वावलम्वन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनुपर्छ भनी उल्लेख भएको। संस्थाको गठन तथा दर्ताको सम्वन्धमा ऐनमा समानता, समता, भौगोलिक, जातिय गरिवी, सामाजिक समावेशकरणका विषयमा नबोलिएको। सहकारी संस्थाको कार्यक्षेत्र ३ वटा वडा भनिएको भएता पनि अति विपन्न, दलित, जनजातिको वाहुल्यता भएको वडा भनी किटान गरिएको छैन । सदस्य हुन नपाउने शीर्षक अन्तर्गत लैङ्गिक हिंसा जस्तै वहुविवाह, यौन शोषण आदि गरेको प्रमाणित भएमा भन्ने कुरा थप गर्दा कसो होला। सञ्चालक समितिमा भएसम्म ३३ प्रतिशत महिला सदस्यको प्रतिनिधित्वको कुरा ऐनले बोलेको । सञ्चालकलाई पदबाट हटाउन सक्ने प्रावधान अन्तर्गत लैङ्गिक संवेदनशीलताका कुराहरु उल्लेख नगरिएको व्याजदरको विषयमा विपन्न, दलित, गरिवहरुका लागि सहुलियत दरमा ऋण दिन सकिने विषयमा ऐनले बोलेको छैन । अभिलेख राख्नु पर्ने शीर्षकमा खण्डिकृत तथ्याङ्कको कुरा नगरिएको । लेखापरीक्षक लगायत अन्य कर्मचारी नियुक्तिमा महिला, दलित, विपन्न वर्गलाई प्राथमिकता दिइने छ भन्ने वाक्यांश राखिएको छैन । लिक्विडेटरको नियुक्तिको सम्वन्धमा पनि महिला, दलित, गरिवलाई गाह्यता दिन सकिने छ भन्ने वाक्य छैन । संस्थाले वार्षिक प्रतिवेदन पेश गर्ने भन्ने शीर्षक अन्तर्गत सुशासन तथा जिम्मेवारीको अवस्था भनी उल्लेख भएको भएता पनि यसमा लैङ्गिक समानता, समता, सामाजिक न्याय आदिका विषय स्पष्ट रुपमा लेखिएको छैन संस्थाले सामाजिक परीक्षण गराउन सक्ने भनी अन्य कुरा मनासिव उल्लेख भएकोमा सामाजिक न्यायका कुरा पनि उल्लेख हुन सके राम्रो ।

अनुदान तथा आर्थिक सहायता परिचालन कार्यविधि २०७४

प्रस्तावनाः लैङ्गिक समानता, समता, समानुपातिक तथा समावेशी विकास, विपन्न वर्ग, भौगोलिक विभेद तथा जातिगत विभेद आदिका विषयमा केही पनि नबोलेको । संरचना/भूमिका/व्यवस्थाः प्राथमिकता क्षेत्र र संस्थाको सूची दर्ता अन्तर्गत महिला, दलित, आदिवासी जनजाती र पिछडिएका समुदायहरुसंग सम्बन्धित आयमूलक, सीपमूलक, रोजगारी सिर्जना एवं क्षमता विकास गर्ने कार्यक्रमहरुमा लगानी गर्ने कुरा उल्लेख गरिएको । आर्थिक सहायताको हकमा अशक्त विरामी, अपाङ्ग, बृद्ध बृद्धाहरुलाई पनि लगानी गर्न सक्ने प्रावधान राखिएको अनुदानका विषयगत क्षेत्रहरु अन्तर्गत अपाङ्ग बालबालिका हेरचाह, उद्धार, शिक्षा र पुर्नस्थापना सम्बन्धी कार्यक्रमहरु राखिएको अनुदानका विषयगत क्षेत्रहरु अन्तर्गत सडक बाल बालिकाको पुर्नस्थापना, शिक्षा, उद्धार सम्बन्धी कार्यक्रमहरु राखिएको अनुदानका विषयगत क्षेत्रहरु अन्तर्गत घरेलु बाल श्रमिक सम्बन्धी कार्यक्रमहरु, सडक बाल बालिकाको पुर्नस्थापना, शिक्षा, उद्धार सम्बन्धी कार्यक्रमहरु राखिएको औषधी उपचारका लागि आर्थिक सहायता दिंदा सामाजिक समावेशीकरण, समानता, समता आदि कुरा नराखिएको

अनाथ तथा जोखिमयुक्त वालवालिकाहरुको लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन सम्वन्धि कार्यविधि २०७६

प्रस्तावनाः लैङ्गिक समानता, समता, समानुपातिक तथा समावेशी विकास, विपन्न वर्ग, भौगोलिक विभेद तथा जातिगत विभेद आदिका विषयमा केही पनि नबोलेको । संरचना/भूमिका/व्यवस्थाः शुरुमा जोखिमयुक्त वालवालिकाको परिभाषा तथा क्राईटेरिया तोकेको नभए पनि पछिल्लो पृष्ठमा क्राईटेरिया नतोकेको जोखिमयुक्त वालवालिकाको सामाजिक सुरक्षाको कुरा लेखिएको भएता पनि सामाजिक सुरक्षाको वारेमा स्पष्ट व्याख्या नगरिएको । कोष सञ्चालनको व्यवस्था अन्तर्गत ८ जनाको संरचना मध्ये १ जना महिलाको व्यवस्था गरिएको लाभग्राही समूह अन्तर्गत अनाथ वालवालिका, असहाय वालवालिका, आमावावु मध्ये एकको मृत्यु भई वेपत्ता भई दोश्रो विवाह गरी टाढा वसेको आदि समावेशी कुरा उल्लेख भएको । वुझाउनु पर्ने कागजातको हकमा भने जटिलता रहेको जस्तै जुन वालवालिकाको बाबा आमा नै छैनन, वावुआमामा मानसिक समस्याले ग्रस्त छन उनीहरुसंग जन्मदर्ता प्रमाण पत्र, अभिभावकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, मृत्यु भएको भए मृत्युदर्ता प्रमाण पत्र, अभिभावक अपाङ्ग भएमा अपाङ्गताको प्रमाणपत्र आदित्यादी झन्झटिलो देखिन्छ । लाभग्राही छनौटको प्राथमिकता उल्लेख भएको ।

करारमा कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि २०७४

प्रस्तावनाः लैङ्गिक समानता, समता, समानुपातिक तथा समावेशी विकास, विपन्न वर्ग, भौगोलिक विभेद तथा जातिगत विभेद आदिका विषयमा केही पनि नबोलेको । संरचना/भूमिका/व्यवस्थाः छनौट सम्बन्धी व्यवस्थामा सम्वन्धित उम्मेद्वारलाई अंकभार दिंदा दलित, जनजाति, महिला, सीमान्तकृत वर्ग तथा क्षेत्रका लागि भनी नछुट्टाइएको साथै छनौट समितिका सम्वन्धमा पनि कार्यविधि लैङ्गिक समानता, समता, समानुपातिक तथा समावेशी विकासका हिसावले मौन देखिएको ।

फोहरमैला व्यवस्थापन कार्यविधि २०७४

प्रस्तावनाः लैङ्गिक समानता, समता, समानुपातिक तथा समावेशी विकास, विपन्न वर्ग, भौगोलिक विभेद तथा जातिगत विभेद आदिका विषयमा केही पनि नबोलेको । संरचना/भूमिका/व्यवस्थाः ११ जनाको निर्देशक समितिको व्यवस्था गरिएको भएता पनि कतै पनि यति जना महिला, दलित, जनजाति वा पछाडि परेको वर्ग र क्षेत्र भनी स्पष्ट किटान नगरिएको । फोहरमैला सम्वन्धि विभिन्न काम गर्ने भनी उल्लेख गरिएको भएता पनि महिलाजन्य फोहर जस्तै स्यानिटेरी प्याडको प्रयोग तथा विर्सजन सम्वन्धि कुरामा खासै नबोलेको । फोहरमैला व्यवस्थापनमा महिलाहरुको ठूलो भूमिका हुने र घरयासी फोहरको मात्रा धेरै हुने तर महिलाहरुको क्षमता विकास, परिचालनको विषयमा कार्यविधि मौन रहेको ।

आर्थिक कार्यविधि नियमित तथा व्यवस्था गर्न बनेको कानुन २०७४

प्रस्तावनाः लैङ्गिक समानता, समता, समानुपातिक तथा समावेशी विकास, विपन्न वर्ग, भौगोलिक विभेद तथा जातिगत विभेद आदिका विषयमा केही पनि नबोलेको । संरचना/भूमिका/व्यवस्थाः कंहि कतै सो सम्वन्धि व्यवस्था नभएको र व्यवस्था गर्न सकिने स्थान पनि कम भएको ।

निर्माण व्यवसायी नियमन कार्यविधि २०७४

प्रस्तावनाः लैङ्गिक समानता, समता, समानुपातिक तथा समावेशी विकास, विपन्न वर्ग, भौगोलिक विभेद तथा जातिगत विभेद आदिका विषयमा केही पनि नबोलेको । संरचना/भूमिका/व्यवस्थाः इजाजत पत्र सिफारिस गर्ने समिति पनि लैङ्गिक समानता, समता, समानुपातिक तथा समावेशी विकासका हिसावले तटस्थ रहेको ।

न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः लैङ्गिक समानता, समता, समानुपातिक तथा समावेशी विकास, विपन्न वर्ग, भौगोलिक विभेद तथा जातिगत विभेद आदिका विषयमा केही पनि नबोलेको । संरचना/भूमिका/व्यवस्थाः दैनिक पेशी सूची भन्ने शीर्षकमा नाबालक पक्ष भएको बिवाद, शारिरीक असक्तता वा अपाङ्गता भएको व्यक्ति पक्ष भएको बिवाद, सत्तरी वर्ष उमेर पुरा भएको वृध्द वा वृध्दा पक्ष भएको बिवादलाई प्राथमिकताको सूचीमा राख्ने भनी उल्लेख भएको । मेलमिलापकर्ताको सूची तयार गर्ने काम अन्तर्गत अन्य धेरै क्राईटेरिया तोकिएको भएता पनि लैङ्गिक समानता, समता, समानुपातिक तथा समावेशी विकासको कुरा उल्लेख नभएको । मेलमिलापकर्ताको छनौटमा पनि महिला, दलित, विपन्न वर्गलाई प्राथमिकता दिने कुराहरु उल्लेख नभएको । मेलमिलापकर्ताको आचरणमा लैंङ्गिक संवेदनशीलताका कुराहरु उल्लेख नभएको ।

५.३ लक्षित समूह छलफलः

लक्षित समूह छलफलका लागि गाउंपालिकाका वडा नं. ३ र ५ लाई छानिएको थियो । समूह छलफललाई वस्तुपरक वनाउनका लागि प्रश्नावलीहरु वनाइएको थियो । वडा कार्यालयले बोलाएको वडा भेलामा महिला, वालवालिका तथा

उपभोक्ता समितिका पदाधिकारीहरुको सहभागिता सुनिश्चित गर्ने कार्य गरिएको थियो । वडा अध्यक्षको संयोजकत्वमा मिति २०७६ साल फागुण महिना ७ गते वडा नं.३ मा सम्पन्न लक्षित समूह छलफलमा कुल २४ जना सहभागीहरुको सहभागिता रहेको थियो । उपस्थित सहभागिहरुमध्ये १३ जना महिला ११ जना पुरुष तथा ३ जना दलित रहेका थिए । त्यसै गरी वडाध्यक्षको संयोजकत्वमा वडा नं ५ मा सम्पन्न लक्षित समूह छलफल मिति २०७६ साल फागुण ६ गते वडा कार्यालयको तालिम कक्षमा सम्पन्न भएको थियो । सो छलफल कार्यक्रममा कुल ३२ जना सहभागिहरु उपस्थित भएका थिए जसमध्ये २४ जना महिला ८ जना पुरुष तथा २ जना दलित रहेका थिए । लक्षित समूह छलफलमा उपस्थित सहभागिहरुको नामावली अनुसूची ३ र ४ मा उल्लेख गरिएको छ । साथै लक्षित समूहको छलफललाई प्रभावकारी वनाउनका लागि तयार गरिएका संरचित प्रश्नावली तथा त्यसको उत्तर अनुसूची ५ र ६ मा राखिएको छ । लक्षित समूह छलफलवाट प्राप्त भएका निष्कर्ष तथा सिकाई तपसिल बमोजिम रहेका छनः

आमा समूह/महिला समूह

- आमा समूह तथा वालक्लव गाउंपालिकामा सूचीकृत नभएको अहिले पनि आमा समूहको दर्ता नविकरणको कार्य जिल्ला प्रशासन कार्यालयवाट हुने गरेको ।
- आमा समूहले पालिका तथा वडावाट तालिम, सचेतना निर्माणका कार्यक्रमहरुमा सहभागि हुने अवसर नपाएको ।
- महिलामाथि हिंसा भएको बेलामा प्रयोगमा ल्याइने टोल फ्रि नम्वरको वारेमा गाउंपालिका, कार्यपालिका तथा लक्षित समूहका सहभागिहरुलाई जानकारी नभएको ।
- महिलाहरुले गर्भवती भएको बेला अहिले पनि जोखिमपूर्ण काम गर्न वाध्य भएको । सवै आमाहरुले आफूले चाहेको बेला शिशुलाई स्तनपान गराउने अवसर प्राप्त नगरेको ।
- गाउंपालिकाले महिला, पछाडि परेको वर्गका लागि के कस्तो नीति, कार्यक्रम वनाउने गरेको छ भन्ने विषयमा आमा समूह/महिला समुहका पदाधिकारीहरु जानकार नभएको ।
- आमा समूहका लागि पालिकाले क्षमता विकासका कार्यक्रमहरु तर्जुमा गर्ने तथा श्रोत विनियोजन गर्ने नगरेको भएता पनि आमा समूहको भवन निर्माणका लागि लगानी गर्ने गरेको ।
- वस्तीस्तरका योजना तर्जुमामा सहभागिहरु समयमै उपस्थित नहुने कारणले कार्यक्रम प्रभावित हुने गरेको ।
- छुवाछुत, जातिय विभेद विरुद्ध आमा समूह, गाउंपालिका तथा वडाले केही प्रयास गरेको भएता पनि यो पर्याप्त नभएको लक्षित समूहका सहभागिहरुले वताएको ।
- वडामा महिला स्वास्थ्य, किशोरी शिक्षा तथा अन्य प्रभावकारी शिविरहरु पर्याप्त मात्रामा सञ्चालन नभएको ।
- महिला शशक्तिकरण सम्वन्धि एफ.एम.रेडियो कार्यक्रमहरुमा उनीहरुको पहुंच स्थापित नभएको ।
- महिलामाथि हिंसा हुनु स्वभाविक हो, श्रीमान र सासुले गरेको हिंसालाई सहनु पर्छ भन्ने आम धारणाले गर्दा महिला विरुद्ध शुन्य सहनशीलता अपनाउन नसकिएको ।

उपभोक्ता समितिः

- उपभोक्ता समितिमा महिलाको सहभागिता अक्सर केसहरुमा नीतिगत औपचारिकता पुरा गर्नका लागि मात्र गरिएको । उपभोक्ता समिति अन्तर्गत छुट्टै अनुगमन समिति भएता पनि अनुगमनको चेकलिष्ट वनाई अनुगमन गर्ने नगरिएको ।
- उपभोक्ता समितिले अनुगमनको प्रतिवेदन वनाउने नगरेको ।
- उपभोक्ता समितिले अनुगमनको क्रममा देखेका कुरा अनुगमन समितिमा छलफल गर्ने नगरेको ।
- उपभोक्ता समितिको भनाई अनुसार गाउंपालिका तथा वडा कार्यालयमा नागरिक वडापत्र नभएको ।
- गाउंपालिकाले वनाएको उपभोक्ता समिति सम्वन्धि कार्यविधिको वारेमा उपभोक्ता समितिका पदाधिकारीहरुलाई जानकारी नभएको ।
- उपभोक्ता समितिलाई आफ्नो काम, कर्तव्य र अधिकारको वारेमा गाउंपालिकाले अनुशिक्षण दिने नगरेको ।

वालक्लवः

- गाउंपालिका तथा वडा कार्यालयले वाल संरक्षण, वालसहभागिता (वालवालिकाको क्षमता विकास सम्वन्धि कार्यक्रम पर्याप्त रुपमा नगरेको । लक्षित समूहमा सहभागि वालक्लवका सदस्यहरुले त्यस्तो खालको कुनै तालिम तथा अभिमुखीकरण कार्यक्रममा सहभागि नभएको ।
- वालविवाह वावुआमाको सहमति विना केटा र केटी भागेर हुने गरेकोले रोकथाम गर्न कठिनाई भएको ।
- वालक्लवले वालविवाह विरुद्धको अभियान, सञ्चार, छलफल खासै नगरेको ।
- वाल हेल्पलाईन १०९८ को वारेमा गाउंपालिका, वडा कार्यालय, तथा स्वयं वालक्लवलाई समेत जानकारी नभएको ।
- गाउंपालिकाले वनाएको वालवालिका सम्वन्धि ऐन नियमको वारेमा वालक्लवका पदाधिकारीहरुलाई जानकारी नभएको ।
- वालक्लवहरु गाउंपालिका तथा वडा कार्यालयमा सूचीकृत नभएको ।
- चेपाङ्गले अंग्रेजी सिक्न सक्दैनन भनेर शिक्षकहरुले होच्याउने गरेको र यसले चेपाङ्गका वालवालिकाहरुमा नकारात्मक असर पारेको ।

५.४ प्रमुख सूचनादाताहरुसंगको अन्तर्वार्ताः

संरचित प्रश्नावलीहरुको आधारमा तपसिलका व्यक्तिहरुको अन्तर्वार्ता लिने काम गरिएको थियो । उनीहरुको अन्तर्वार्ताको क्रममा प्राप्त मुख्य निष्कर्ष तल उल्लेखित तालिकामा राखिएको छ । प्रमुख सूचनादातासंग गरिएको छलफलको निचोड यस प्रकार रहेको छ । साथै अन्तर्वार्ताको प्रश्नावली तथा प्रश्नोत्तरको क्रममा प्रमुख सूचनादाताले भनेका कुराहरु अनुसूची ७.१, ७.२, ७.३, ७.४, ७.५ तथा ९ मा उल्लेख गरिएको छ ।

- गाउंपालिकाले नीति, नियमहरु पर्याप्त मात्रामा वनाएको भएता पनि यी नीति नियमहरु सम्वन्धित सरोकारवालाहरु वीचको छलफल भएर नवनेको । साथै वनेका ऐन नियमहरु पनि जानकारीका लागि लान नसकेको । साथसाथै यी नीति नियमको कार्यान्वयन पक्ष निकै कमजोर रहेको ।
- नीति नियम वनाउंदा सरोकारवालाहरुको सल्लाह सुझाव नलिइएको र स्वीकृत भएका नीति नियमहरुको वारेमा पनि कर्मचारीहरु तथा पदाधिकारीहरुलाई अभिमुखीकरण नगरिएको ।
- गत साल स्वीकृत भएका ऐन नियमहरु वेभ साईटमा राखिएको तर वेभ साइटमा गाउंपालिकाका अत्यावश्यक सूचना, आचार संहिता तथा प्रमुख गतिविधिहरु एवं शाखागत रुपमा प्राप्त प्रतिवेदनहरु नराखिएको ।
- गाउंपालिकालाई हालसम्म लैससास नीतिको वारेमा जानकारी नभएको । पूर्णिमाको प्राविधिक सहयोगमा लैङ्गिक लेखाजोखा कार्यक्रम गरेपछि वल्ल लैससास नीति वनाउनु पर्छ, यसका लागि छुट्टै वजेट विनियोजन गर्नु पर्छ भन्ने जानकारी भएको ।
- गाउंपालिकाले वन्चितिकरण तथा जोखिममा परेका वर्गहरुका लागि केही कार्यक्रमहरुको थालनी गरेको भएता पनि यो पर्याप्त भने छैन । वजेटको ठूलो भाग सडक निर्माणमा जाने गरेकोले पनि यो क्षेत्रमा ध्यान जान नसकेको । सडक निर्माणको क्रममा पनि लैससासका कतिपय पक्षहरुलाई समेट्दै जान सकिन्थ्यो तर त्यस सम्वन्धमा खासै छलफल, वहस हुने नगरेको ।
- अनुगमन समितिको वैठक वस्ने नगरेको । अनुगमन समितिले चेक लिष्ट वनाई योजनाको अनुगमन गर्ने परिपाटी नभएको । गाउंपालिकावाट आकस्मिक रुपमा अनुगमन हुने गरेको । कहिलेकांही उपभोक्ताले बोलाए पछि गाउंपालिकाका पदाधिकारी तथा प्राविधिक कर्मचारीले अनुगमन गर्ने गरेको ।
- अनुगमन समिति तथा गाउंपालिकाले कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्ने नगरेको ।
- न्यायिक समितिले गरेको कार्यसम्पादन सन्तोषजनक भएता पनि वडास्तरमा मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलापकर्ताहरुका लागि तालिमको आयोजना गर्न नसकिएको सोही कारणले अति गरिव, महिला, दलित, जातजातिहरुको न्यायिक समितिसंगको पहुंचमा कंही कतै कमी छ भन्ने आभास गरिएको ।
- लैङ्गिक तथा वहिष्करणमा परेका समूहहरुको विकासका लागि छुट्टै कोषको व्यवस्था नभएता पनि उनीहरुका लागि केही हदसम्म क्षमता विकास, भौतिक आयोजना मार्फत सेवा प्रदान गर्ने गरिएको ।
- पालिकाले गैससहरुको सूचीकृत गर्ने कार्य शुरु गरेको र अन्य संघ संस्थाहरुको पनि पालिका भित्रै वा वडामा सूचीकृत गर्ने गराउने निर्णय लिएको ।

- गाउंपालिकाले संस्थागत मूल्याङ्कन नगरेको । गाउंपालिकाका पदाधिकारी तथा स्टाफहरुलाई संस्थागत स्वमूल्याङ्कनको वारेमा खासै जानकारी नभएको । गाउंपालिकाले आफूले गरेका कामहरुको समीक्षा विषयगत क्षेत्रभित्र रहेर गर्ने नगरेको भएता पनि कार्यपालिकाको वैठकमा मोटामोटी रुपमा समीक्षा हुने गरेको ।
- गाउंपालिकाभित्र वैदेशिक रोजगारमा रहेका युवायुवती तथा महिलाहरुको तथ्याङ्क नभएको । साथै वैदेशिक रोजगारमा गएकाहरुलाई स्वदेश फिर्ता गर्ने वा जान चाहनेहरुलाई यसको प्रक्रियाको वारेमा सूसुचित गर्ने खालका क्षमता विकासका कार्यक्रमहरु नभएको ।
- गाउंपालिकाले आफ्ना कर्मचारीहरुका लागि लैससास सम्वन्धि अभिमुखीकरण खासै नगरेको तर पूर्णिमाको प्राविधिक सहयोगमा २ घण्टे छलफल कार्यक्रम आयोजना भएको ।
- स्थानीय सरकारका पदाधिकारी, कर्मचारीहरुलाई वेईजिङ्ग घोषणा पत्रका १२ वटा प्रतिवद्धताहरु, दीगो विकासका सत्र वटा लक्ष्यहरु, वालअधिकार तथा जातिय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी आदिको विषयमा जानकारी नभएको ।
- त्यस्तै महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदवाट पारित प्रस्ताव नं. १३२५ तथा १८२० को वारेमा जानकारी नहुनुको साथै यसका लागि वजेट विनियोजन हुन नसकेको ।
- निरक्षरता, घरेलु हिंसा, शारीरिक, मानसिक र संवेगात्मक हिंसा एकातिर महिलाहरुको मुद्दाको रुपमा रहेको छ भने अर्कोतर्फ श्रीमती कुट्नै श्रीमानलाई प्रहरीले थुन्यो भने महिलाहरु स्वयं आफ्नो श्रीमानको कसुर नभएको भनेर छुटाउन आउंछन भन्ने उपाध्यक्षको उक्तिवाट आम महिलामा महिला हिंसाको शुन्य सहनशीलताको विषयमा अभिमुखीकरण गर्न आवश्यक भएको निष्कर्ष प्राप्त हुन्छ ।
- गाउंपालिकाको पहुंचमा नभएका वर्ग, जातजाति, लिङ्गका मानिसहरुलाई सेवा प्रदान गर्न विशेष खालका शिविर कार्यक्रमहरु गाउंपालिकाले खासै नचलाएको ।
- वालवालिका, महिला, ज्येष्ठ नागरिक, अपाङ्गहरुको सेवाको लागि विगतका भौतिक संरचनाहरु मैत्री नभए पनि हालको भौतिक संरचनाहरु मैत्री वनाउने कोशिश गरिएको ।
- गाउंपालिकाले वडातहमा सार्वजनिक सुनुवाई गर्ने तथा होडिङ्ग वोर्ड राख्ने गरेको । तर पूर्ण रुपमा निर्देशिकाको पालना गरेर ग्राहक सन्तुष्टी फारम भर्ने, उनीहरु सेवावाट वाहिरिने बेलामा सोधपुछ गर्ने, सार्वजनिक सुनुवाई गर्दा सम्वन्धित सरोकारवाला वीच (सूचना प्राप्त उपभोक्ता) गर्ने परिपाटी वसाल्नु पर्ने देखिन्छ ।
- गाउंपालिकाले वनाउने ऐन नियम माथिल्लो निकायवाट दिइएको ऐनको ढांचा वमोजिम वनेकोले लैङ्गिक मैत्री छन भन्ने निष्कर्ष निकाल्न सकिने कुरा प्रमुख प्रशासकीय अधिकृतको अन्तर्वार्ताको क्रममा प्राप्त भएको । साथै उहांको भनाईमा कानून कानून विशेषज्ञले वनाउने भएकोले यसमा महिला तथा पछाडि परेका वर्गहरुलाई सहभागिता गराएर के हुन्छ भन्ने वुझाई कायमै रहेको अर्थात सहभागितालाई क्षमता विकासको अभिन्न पाटोको रुपमा स्वीकार नगरिएको अवस्था ।
- कानूनको वारेमा स्वयं कर्मचारी विज्ञ हुनु पर्ने, आफ्नो कार्यालयले के कस्तो नियम, नीति वनायो यसको वारेमा कर्मचारी स्वयं जानकार हुनु पर्छ भन्ने भनाईले पनि कर्मचारीहरुलाई कानुनको विषयमा समान वुझाई राख्न कठिनाई वनाएको देखाउंछ ।
- गाउंपालिकाले लैङ्गिक उत्तरदायी वजेटलाई आत्मसात गर्न नसक्नुको मुख्य कारणहरुमा गाउंपालिकाका योजनाहरु मागमा आधारित हुने र गाउंपालिकाका वडा तथा वस्तीस्तरवाट सवै भौतिक पूर्वाधारका आयोजनाहरु मात्र आउने भएकोले यस्तो हुन गएको हो भन्ने भनाईले पनि क्षमता विकासका कार्यक्रमहरु गाउंपालिकाले अंगिकार गर्न नसक्दा समुदायमा विकास भनेको भौतिक विकास निर्माण मात्र हो भन्ने सोचको विकास भएको देखिन्छ ।
- गाउंपालिकाले कृषि व्यवसाय सञ्चालनका लागि अनुदानको रुपमा श्रोत गएको तर लोक सेवा आयोगको तयारी कक्षाका लागि तथा महिला प्राविधिक तयार पार्नका लागि श्रोत नगएको ।
- महिला हिंसाको कारक तत्वको रुपमा रक्सी सेवन रहेको ।

- छोरीलाई शिक्षा नदिने अभिभावकहरुलाई दण्ड दिने नीति ल्याउन पर्छ भन्ने आशय प्रमुख प्रशासकीय अधिकृतले व्यक्त गर्नु भएको ।
- गाउंपालिकाले लैससास नीति नवनाएको भएता पनि पूर्णिमाको सहयोगमा लैससास नीति वनाई कार्यान्वयनमा ल्याउने गाउंपालिकाको प्रतिवद्धता रहेको ।
- लक्षित समूहको वजेट पनि भौतिक पूर्वाधारको क्षेत्रमा लगानी हुनु आफैमा विडम्वनापूर्ण रहेको ।
- गाउंपालिकाको आफ्नै सपना नभएको । आज हामी कहां छौं, भोलिको हाम्रो गन्तव्य कहां हो, ती गन्तव्यहरुमा पुग्ने वाटाहरु के के हुन ? भन्ने हिसावले नेतृत्वले दीर्घकालीन रणनीति वनाउन नसक्दा पालिकाले दिशावोध गर्न नसकेको । यही कारणले लैससास सम्वन्धि क्षेत्रमा लगानीको वातावरण वन्न नसकेको ।
- कतिवटा वच्चा पाउने, कहिले पाउने, परिवार नियोजनको साधन कुन प्रयोग गर्ने आदि विषयमा महिलाको निर्णय लागु हुने नगरेको । महिला सुरक्षाका लागि धादिङ्गमा सेफ हाउस भएको ।
- चेपाङ्ग समुदायमा लैससासलाई केन्द्रित गरेर एकिकृत सचेतना निर्माण (कृषि, खानेपानी, सरसफाई, महिला अधिकार, वालअधिकार, स्वास्थ्य, शिक्षा आदि सम्वन्धि कार्यक्रम तय भई कार्यान्वयन गर्न जरुरी भएको ।
- महिला विरुद्ध हुने १६ दिने अभियान, वालदिवस सवै वडाहरुमा सञ्चालन नभएको । पालिकाले केही वडामा सञ्चालन भएका अभियानलाई लिएर पालिकाभरि भएको भन्न नमिल्ने ।
- उपभोक्ता समितिमा महिला पदाधिकारी राख्ने गरिएको भएता पनि यो केवल एउटा औपचारिकता मात्र भएको । महिलालाई विशेष जिम्मा दिई काममा नलगाईएकोले यसवाट उनीहरुलाई पर्याप्त सिकाई नभएको । उनीहरुलाई (महिला सदस्यहरुका लागि) क्षमता विकासका कार्यक्रमहरु आवश्यक भएको ।
- वालवालिकाहरुमा कुलतको समस्या वढ्दै गएको । लागु पदार्थ दुव्यर्सनी सम्वन्धि समस्यालाई निराकरण गर्न किशोरी शिक्षा आवश्यक भएको ।
- महिला हिंसाका घटनाहरुमा पनि राजनीतिकरण हुने गरेको । महिला समूहहरु राजनैतिक पार्टीका गोटी वनेका । यही कारणले उनीहरु वीच साझा एजेण्डामा एकता हुन नसकेको ।
- महिलाहरुलाई घर वाहिरका कार्यक्रमहरुमा सहभागि हुने इच्छा हुन्छ तर सवैलाई घर वाहिर जाने छुट छैन । अहिले पनि महिलाहरुको गतिशीलतामा नियन्त्रण कायमै छ । श्रीमानहरु भत्ता खोज्छन भत्ता पाइन्छ भने जाउ भन्छन नत्र नजाउ भन्छन । महिला समूह, आमा समूहका वैठकमा कसरी भत्ता दिनु ? यसैले कार्यक्रमहरुमा उनीहरुको सहभागितामा समस्या आएको हो ।
- बेनिघाट गाउंपालिकाको वाहुनटारमा बाबु आमा नभएका टुहुरा वालवालिकाहरुका लागि क्वाइन नेपालले वालगृहको निर्माण गरेको छ जहां २० जना जति वालवालिकाले राम्रो खानपिन तथा शिक्षाको सेवा पाइरहेका छन ।
- एकल महिला तथा दलितलाई अहिले पनि शुभ साईतका विषयमा लान्छना लगाइन्छ ।
- वालवालिकाका वावु आमा, शिक्षकहरुका लागि अहिंसात्मक सञ्चारको तालिमको आवश्यकता भएको । वेनिघाटका केही विद्यालयहरुमा त अधिकांश छात्रछात्रा केवल जांच दिन मात्र आउने गरेको ।
- आमा समूह, महिला समूहले हिंसामा परेका दिदी वहिनीहरुलाई सेवा गर्न पनि निकै गाह्रे भएको आमा समूहका सदस्यहरुको भनाई रहेको । आफ्नी श्रीमती, आमा, दिदी वहिनी आदि माथि हिंसा गर्न पाउनु पर्छ भन्ने खालको अभिप्राय पाइन्छ हाम्रो समाजमा । हिंसा पीडितलाई न्याय दिलाउन खोज्दा पीडकहरुले आमा समूहको नेतृत्वको विरोध गर्छन ।
- अहिले पनि पुरुषको तुलनामा महिलाहरुले परिवार नियोजनका अस्थायी साधनहरु वढी प्रयोग गर्नु, महिलाहरुले प्रयोग गर्ने अस्थायी साधनले उनीहरुलाई साइड इभेक्ट गर्नु, पुरुषहरुलाई उनीहरुले प्रयोग गर्ने अस्थायी साधनतर्फ आकर्षित गर्न नसकिनु निकै ठूलो चुनौतिको विषय वनेको छ । महिलाको स्थायी वन्ध्याकरण पुरुषको तुलनामा जटिल हुनु तर स्थायी नियोजनका लागि पनि उनीहरु नै अघि सर्नु पर्ने अवस्था श्रृजना हुनुले महिलाहरुलाई थप कार्यभार सहन वाध्य वनाएको छ । पुरुषले स्थायी वन्ध्याकरण गऱ्यो भने उसको यौन जीवन कमजोर हुन्छ, स्थायी वन्ध्याकरण गरेको पुरुषले गरेको पुजा भगवानलाई स्वीकार हुंदैन भन्ने खालका सामाजिक उक्तिहरु विद्यमान हुनुले पनि परिवार नियोजनका लागि पुरुषको

सहभागितालाई वढाउन सकिएको छैन । त्यस्तै महिलाहरुलाई परिवार नियोजनको साधन प्रयोग गर्ने, छनौट गर्ने अधिकार पूर्ण रुपमा प्राप्ती नभएको अवस्था विद्यमान रहेको ।

- विपन्न वर्ग, पछाडि परेका वर्गहरुको अधिकार, आवाज तथा छनौटलाई शशक्त गर्ने खालका कार्यक्रम, कार्यविधिहरुको अभाव भएको ।
- स्वास्थ्य व्यवस्थापन समितिको संयोजक वडाध्यक्ष भएको र वडाध्यक्षको कार्यभार वढी भएकोले संयोजकको भूमिका राम्ररी निभाउन नसकेको । यसको सट्टामा कार्यभार महिला सदस्यलाई दिन सके स्वास्थ्य व्यवस्थापन समिति सक्रिय हुन सक्ने संभावना रहेको ।

५.४ कार्यदलको वैठकवाट जेण्डर अडिटको मापन गर्ने कार्य

प्रशासन शाखा प्रमुखको संयोजकत्वमा मिति २०७६ साल फागुण २८ गते वसेको वैठकवाट जेण्डर अडिटको निर्धारित ढांचा बमोजिम अंकभार दिने काम गर्नुको साथै कार्ययोजना वनाउने काम सम्पन्न गरेको छ । कार्ययोजना वनाउंदा SWOT विश्लेषणलाई आधार मानिएको छ । कार्यदलको वैठकको निर्णयप्रति यसै प्रतिवेदनको अनुसूची ७ मा उल्लेख गरिएको छ । कार्यदलको वैठक वसी जेण्डर अडिटको मापन गर्ने काम सम्पन्न भएको छ जसमा ५६ अंकभारमा यस गाउंपालिकाले २२.५ अंक प्राप्त गरेको छ । सोही अंक मापनको आधारमा SWOT विश्लेषण गरिएको ।

५.५ SWOT विश्लेषणः

जेण्डर अडिटको निर्धारित ढांचा बमोजिम अंकभार दिने काम पश्चात गाउंपालिकाको लैङ्गिक समानता र सामाजिक समावेशीकरण क्षेत्रमा रहेको सवल पक्ष, सुधार्नु पर्ने पक्ष, त्रास र चुनौति पहिचान गर्ने काम सम्पन्न भएको छ । SWOT विश्लेषणको निचोड तपसिल वमोजिम रहेको छ ।

- धेरै सवल पक्षहरु हुंदा हुंदै पनि कानून तथा नीति निर्माणको क्रममा वन्चितिकरणमा परेका वर्गहरुको सुझाव लिने विषयलाई कम आंकलन गरिएको देखियो । स्वीकृत भएका नीति तथा कानूनको विषयमा कर्मचारी तथा पदाधिकारीहरुलाई अनुशिक्षण नदिइएको, अपाङ्गता, सडक वालवालिकाको वारेमा केही नीति वनेको भएता पनि सरोकारवालाहरुलाई जानकारी दिने कुरालाई कम आंकलन गरिएको ।
- कानुन तथा नीति निर्माण भएको भएता पनि त्यसलाई कार्यान्वयन गर्नका लागि वजेट विनियोजन गरी कार्यक्रम तर्जुमा गर्ने काम नभएको ।
- लैससास विश्लेषणमा आधारित योजना तर्जुमाको सम्वन्धमा लैससास सम्वन्धि कामहरु भएको भएता पनि यसको प्रतिवेदन, यस सम्वन्धि तथ्याङ्कको अभाव भएको । लैससास वर्गहरुको हितलाई सम्वोधन गर्ने गरी विशेष कोष निर्माण गरी विशेष कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने कार्य नभएको ।
- योजना कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन अन्तर्गत अनुगमन समिति गठन भएको भएता पनि कियाशील नभएको । योजनाको अनुगमन सूचक वनाएर गर्ने नगरिएको साथै अनुगमनवाट प्राप्त निचोडलाई सम्वन्धित शाखाका कर्मचारी, उपभोक्ता समितिका पदाधिकारी, निर्वाचित पदाधिकारीसंग छलफल, परामर्श गर्ने संस्कृतिको विकास गर्न नसकिएको ।
- पुराना आयोजनाहरुको प्रभाव मूल्याङ्कनको विषय ओझेलमा परेको ।
- लैङ्गिक वहिष्करणमा परेका वर्ग, वडा, समुदाय, जातजाति पहिचान वा नक्साङ्कन नभएको ।
- लैससासको विषयलाई सारभूत रुपमा उठाउन घटना तथा मामिला अध्ययन जरुरी भएको र घटना तथा मामिला अध्ययन गर्ने काम नभएको ।
- गाउंपालिकाले गर्ने नियमित सार्वजनिक सुनुवाईमा वर्हिगमन अभिमत र नागरिक प्रतिवेदन पत्रको जानकारी लिने नगरिएको ।
- लैङ्गिक तथा सामाजिक रुपमा पछि परेका वर्गहरुको विकासमा पहुंच स्थापना गर्न सूचना सञ्चार सामाग्री तयार गर्ने नगरिएको ।

६. सहभागिहरुः

आमा तथा महिला समूहका पदाधिकारी, वालक्लवका तथा उपभोक्ता समितिका प्रतिनिधि, गाउंपालिकाका कर्मचारीहरु, कार्यपालिकाका सदस्यहरु । लैङ्गिक अडिट लेखाजोखाको विभिन्न प्रक्रियाहरुको क्रममा भएको सहभागिता यस प्रकार रहेको छ ।

कार्यक्रम	मिति	स्थान	महिला	पुरुष	दलित	जम्मा
गाउंपालिकाका स्टाफहरुलाई अभिमुखीकरण	२०७६/१०/२७	वेनिघाट गाउंपालिका	११	१९	०	३०
लक्षित समूह छलफल वडा नं ५	२०७६/११/०६	वडा कार्यालय	२४	८	२	३२
लक्षित समूह छलफल वडा नं ३	२०७६/११/०७	वडा कार्यालय	१३	११	३	२४
प्रमुख सूचनादातासंगको अन्तर्वार्ता	२०७६/११/१८ देखि २५	वेनिघाट गाउंपालिका	३	४	१	७
कार्यदलको वैठक	२०७६/११/२८	वेनिघाट गाउंपालिका	२	८	०	१०
जम्मा			५३	५०	६	१०३

७.. विश्लेषणका औजारहरु

- SWOT analysis
- माकुरे जालो विश्लेषण विधि

८. परीक्षणबाट आएका मुख्य प्राप्तिहरुः

कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

- कानुन तथा नीति निर्माणको क्रममा लाभग्राही विशेषतः महिला तथा सामाजिक रुपमा वन्चितिकरणमा परेका समुदायको सहभागिता नहुने गरेकोले यसप्रति गाउंपालिकाको ध्यानाकर्षण भएको ।
- गाउंपालिकाले लैससास नीति वनाउन पर्छ सो नीति वनाउंदा सम्वन्धित वर्ग, समुदायसंग छलफल, अन्तर्किया गर्नु पर्छ भन्ने कुराको वोध भएको ।
- गाउंपालिकाले समान ज्यालाको नीति, कार्यविधि वनाएर जानु पर्छ भन्ने सचेतना निर्माण भएको ।

लैससास विश्लेषणमा आधारित योजना तर्जुमा

- लैससास संवेदनशील आवधिक योजना वनाउने र सोही योजनाको आधारमा वार्षिक योजना तयार गर्ने परिपाटीलाई संस्थागत गर्न जरुरी छ भन्ने सन्देश प्राप्त भएको ।
- आवधिक योजनासंगै क्षेत्रगत योजनाहरु वनाउंदा पनि लिङ्ग, उमेर, भूगोल, जातजाति, भाषा, संस्कृति, वर्ग, अपाङ्गता, श्रवणहीनता, दृष्टिविहीन आदिका लागि विशेष कोषको व्यवस्था गर्ने नीति, कार्यक्रम जरुरी छ भन्ने साझा वुझाई प्राप्त भएको ।
- वार्षिक योजना तर्जुमामा विशेष भूमिका खेल्ने विषयगत समिति तथा अन्य समितिका पदाधिकारीहरुलाई लैससास संवेदनशील योजनाको महत्व, औचित्य, त्यस्ता योजना वनाउने ज्ञान तथा सीप अभिवृद्धि गर्नु पर्ने साझा सन्देश प्राप्त भयो ।

योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन

- योजनालाई प्रभावकारी, पारदर्शी, गुणस्तरीय वनाउन तथा सरोकारवालाहरु वीचको उत्तरदायित्व अभिवृद्धि गरी प्रभावकारी सिकाईका लागि अनुगमनको आवश्यकता भएको विषयलाई ह्दयंगम गरियो । साथै वेनिघाट गाउंपालिकाले प्रभावकारी अनुगमन गर्न नसकेको कुरा कार्यदलका सदस्यहरुले स्वीकार गरे ।
- परियोजना समाप्त भएपछि परियोजनाले लक्षित वर्गमा के कस्तो प्रभाव पाऱ्यो भन्ने हिसावले अनुगमन गर्ने नगरिएकोले ती परियोजनाहरुवाट प्राप्त सिकाई नयां परियोजना निर्माणमा लगाउन नसकिएको ।
- लैससास क्षेत्र तुलनात्मक रुपमा अरु क्षेत्रको तुलनामा छायांमा परेको र यसलाई क्रियाशील वनाउन गाउंपालिकाले यो क्षेत्रका लागि श्रोत विनियोजन गर्नु पर्ने देखिएको । साथै लैससास क्षेत्रलाई सुदृढ वनाउनका लागि महिला तथा वालवालिका शाखाको संस्थागत क्षमता अभिवृद्धि गर्नु पर्ने देखियो । न्यायिक समितिभित्रको केस लोड पनि कमजोर भएकोले वडास्तरका मेलमिलाप केन्द्रलाई सुदृढ गर्नु पर्ने देखियो ।

आन्तरिक संरचना

- पालिकाले महिला, वालवालिका, अपाङ्ग, दलित, पछाडि परेको वर्गहरु माथि भएको घरेलुहिंसाका घटना अध्ययनहरु गरी यसका आधारमा कार्यपालिकामा छलफल, वहस तथा पैरवी गर्ने वातावरण श्रृजना गर्नु पर्ने देखियो ।
- गाउंपालिकाले न्यायिक समिति मार्फत विपन्न वर्ग, महिला, दलितहरुका लागि केही मात्रामा सेवा पुऱ्याएको भए पनि यसको कार्यक्षेत्रलाई व्यापक वनाउन वडास्तरको मेलमिलाप केन्द्रलाई सुदृढ वनाई अघि वढ्नु पर्ने देखिएको र यसका लागि गाउंपालिकाले वजेट विनियोजन गर्नु पर्ने देखिएको । न्यायिक समितिमा आउन केश लोड कम भएको स्वीकारिएको ।

क्षमता विकास

- गाउंपालिकाले आफूले गरेका कामहरुको स्वमूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्न आवश्यक देखिएको ।
- गाउंपालिकाले स्वरोजगार तथा वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको रोष्टर तयार गरी उनीहरुको क्षमता विकासका लागि कार्य गर्नु पर्ने देखिएको ।
- गाउंपालिकाले महिलाहरुका रणनैतिक आवश्यकता पुरा गर्न कुनै काम नगरेकोले सो सम्वन्धमा ध्यानाकर्षण भयो ।

नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता

- पालिकाका पदाधिकारी तथा शाखा प्रमुखहरुका लागि महिला विरुद्ध हुने सवै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धी, वेईजिङ्ग घोषणा पत्रका १२ वटा प्रतिवद्धता, दिगो विकासका १७ वटा लक्ष्यहरु, वाल अधिकार जातिय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी आदिको वारेमा अनुशिक्षण आवश्यक भएको ।

सेवा प्रवाह र संस्थागत संस्कृति

- लैङ्गिक तथा सामाजिक रुपमा वहिष्करण तथा जोखिममा परेका व्यक्ति तथा समुदायको नक्साङ्कन गर्ने, अद्यावधिक गर्ने परिपाटीलाई पालिकाले संस्थागत गरी सो अनुसार उनीहरुको सहभागितामा उनीहरुकै लागि योजना तथा नीति तर्जुमा गर्न आवश्यक भएको ।
- गाउंपालिकाले दिने सेवा सुविधाहरु घुम्ती शिविरको रुपमा दिंदा सेवा प्रभावकारी हुने ।
- महिला हिंसा विरुद्धको शुन्य सहनशीलता प्रवर्द्धन गर्न समुदायमा भएका समूह, सहकारी, सामुदायिक संस्थाहरुको क्षमता विकास गर्नु पर्ने ।

सुशासन

- गाउंपालिकाले नियमित रुपमा आयोजना गर्ने सार्वजनिक सुनुवाईमा वर्हिगमन अभिमत, नागरिक प्रतिवेदन पत्र सार्वजनिक गर्ने अभ्यासलाई संस्थागत गर्न जरुरी देखिएको साथै लैससास सम्वन्धी घटना अध्ययनका आधारमा सूचना तथा शिक्षा सामाग्री तयार पारी समुदायमा सचेतना निर्माण गर्न जरुरी देखिएको ।

९. लैससास बजेट परिक्षण विधिवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

९.१ परीक्षण पश्चात सूचकहरुले प्राप्त गरेका अंक

क.सं.	क्षेत्र	पूर्णाङ्क	प्राप्ताङ्क
१	कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण	७	**३.०**
२	लैससास विश्लेषणमा आधारित योजना तर्जुमा	७	२.०
३	योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन	७	३.५
४	आन्तरिक संरचना	७	**३.५**
५	क्षमता विकास	७	**१.५**
६	नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता	७	**२.५**
७	सेवा प्रवाह र संस्थागत संस्कृति	७	**४.०**
८	सुशासन	७	**२.५**
	जम्मा	**५६**	**२२.५**

९.२ माकुरे जालो


कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
लैससास विश्लेषणमा आधारित योजना तर्जुमा
योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन
आन्तरिक संरचना
क्षमता विकास
नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता
सेवा प्रवाह र संस्थागत संस्कृति
सुशासन
7
6
5
4
3
2
1
0
अंक
प्राप्ताङ्क

१०. सबल पक्ष र सुधार गर्न पर्ने पक्षहरु

कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण			
सवल पक्ष	***सुधार्नु पर्ने पक्ष***	***त्रास***	***चुनौति***
स्वीकृत भएका कानुन र नीतिहरु वेवसाइटमा राखिएको	कानुन तथा नीति निर्माणको क्रममा वन्चितिकरणमा परेको वर्गको सुझाव लिने नगरेको ।	नीति र व्यवहार वीचको खाडल ठूलो भई हुनेखाने वर्गहरुको कार्यक्रममा पहुंच वढेको	वन्चितिकरणमा परेका वर्गहरु भौगोलिक रुपमा विकट स्थानमा, सूचनाको पहुंच नहुने स्थानमा बसोवास गर्दै आएको । उनीहरुको साक्षरता, शिक्षा, माग गर्ने क्षमताको कमी ।
	गाउँपालिकाको लैससास नीति नभएको ।	सम्वन्धित वर्गलाई राखी वस्तीतहमा नीतिगत वहस, छलफल तथा पैरवी नहुने भएकोले यस सम्वन्धित सूचनावाट उनीहरु वन्चित हुने गरेको ।	गाउंपालिकामा वन्चितिकरणमा परेका वर्गहरुको क्षमता विकास विकासको मुद्दा नवनेको ।
	स्वीकृत भएका कानुनहरु र नीतिहरुका बारेमा पदाधिकारी/कर्मचारीहरुलाई आंशिक रुपमा मात्र अभिमुखीकरण गरिएको ।	नीति वनेको भएता पनि सो नीति कार्यान्वयन गर्नका लागि वजेटको व्यवस्था नभएको ।	पदाधिकारीहरु स्वयंलाई बनेका नीतिहरुलाई कसरी वजेट तथा कार्यक्रम मार्फत क्रियाशीलता दिन सकिन्छ भन्ने ज्ञान र सीपको अभाव भएको ।
अपांगता, सडक वालवालिका सम्वन्धि नीति बनेको ।	अपांगता, सडक वालवालिका सम्वन्धि नीतिको वारेमा सम्वन्धित सरोकारवालाहरुलाई खासै जानकारी नभएको ।	बनेका नीतिहरु वन्चितिकरणमा परेका वर्गहरुको हकमा तटस्थ रहेको ।	अपाङ्गता क्षेत्रको आवश्यकता पहिचान नगरिएको साथै यो क्षेत्रमा विनियोजित रकम पर्याप्त नभएको ।
लैससास विश्लेषणमा आधारित योजना तर्जुमा			
बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता हुने गरेको	लैससास सम्वन्धि खण्डिकृत तथ्याङ्कको अभाव भएको ।	योजना तर्जुमा प्रक्रियामा वन्चितिकरणमा परेका वर्गहरुको सहभागिता सुनिश्चित गर्ने मापदण्ड, संयन्त्र, विधि र प्रक्रियाको अभाव भएको ।	वन्चितिकरणमा परेका वर्गहरुमा रहेको अत्याधिक गरिवी, रोजीरोटीको समस्या, महिला निरक्षरता आदि ।
बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेट तय भएको	लैससासको अवधारणालाई मुखरित गर्न लक्षित वर्गलाई मूलप्रवाहीकरण गर्ने आवधिक योजना तथा क्षेत्रगत रणनीति योजना नबनेको ।		
योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन			
उपभोक्ता समिति गठन गर्दा आम भेला गर्ने गरिएको	योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम गठित सुपरिवेक्षण तथा अनुगमन समितिले अनुगमनका सूचकहरु वनाउने नगरेको साथै अनुगमन र मूल्याङ्कनको संस्थागत विकासको पाटो साहै कमजोर भएको ।	उपभोक्ता समितिमा टांठावाठा व्यक्तिहरुको वोलावाल हुने गरेको । धेरै पूर्वाधार विकासका योजनाहरुको अनुपातमा प्राविधिक कर्मचारीको कमी, सूचक वनाएर अनुगमन गरिने कार्यलाई झन्झटिलो मानिने गरिएको ।	विकास पूर्वाधारहरुको गुणस्तर कमजोर भई दीर्घकालीन हुने नगरेको ।
उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता गराउने गरिएको	सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा लैंगिक तथा सामाजिकरुपमा वहिस्करणमा	अनुगमन समितिको नियमित वैठक हुने नगरेको ।	अनुगमनलाई प्रभावकारी वनाउन नसक्दा विकास आयोजनाहरु महंगा, खर्चिला,

साथै अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला सदस्य रहने व्यवस्था पनि गरिएको ।	परेका व्यक्ति र समुहलाई लागत अनुरुप पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने नगरिएको ।	उपभोक्ता समितिस्तर, पालिका तथा वडास्तरका सबै अनुगमन समितिको संस्थागत क्षमता कमजोर भएको ।	समयमा नसिद्धिने समस्या भएको ।
	नियमित रुपमा सबै प्रकारका सरोकारवालाहरुको सहभागितामा लैससास सम्वन्धी छलफल, सिकाई आदानप्रदान हुने नगरेको		
आन्तरिक संरचना			
न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान गरिएका विवादहरुको खण्डीकृत तथ्यांक (क्षेत्र र लाभान्वित) को अभिलेख राखिएको	बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग गरी लाभग्राहीहरुलाई सूचना प्रवाह गरिने नगरेको ।	वालवालिका तथा महिला विकास शाखालाई खासै महत्व नदिइएको, श्रोतको यथेष्ट विनियोजन नभएको, पर्याप्त मात्रामा क्षमतावान कर्मचारीको अभाव देखिएको ।	यो क्षेत्रमा लगानी गर्ने नेतृत्व तहको प्रतिवद्धता, इच्छा शक्तिमा कमी भएको ।
	लैंगिक वहिष्करणमा परेका वर्गहरुको पहिचान नभएको र सो वर्गका लागि विशेष खालका कार्यक्रमहरु डिजाइन हुन नसकेको ।	लैंगिक वहिष्करणमा परेका वर्गहरुको लागि लगानी गर्न नेतृत्व तहले चासो नदेखाएको । न्यायिक समिति, महिला तथा वालवालिका शाखा तथा मेलमिलाप केन्द्र वीच तादाम्यता, समन्वय नभएको ।	
क्षमता विकास			
गाउंपालिकामा पर्याप्त जनशक्ति भएको	गाउँपालिकाले हालसम्म संस्थागत स्व- मूल्याङ्कन गरी क्षमता विकास कार्ययोजना नवनाएको ।	आफ्ना कमजोरीहरु वाहिर आउंछन कि भन्ने डरत्रास	क्षमता विकासलाई विकासको एउटा महत्वपूर्ण आयामको रुपमा स्वीकार नगरिएको ।
गाउंपालिकाको आन्तरिक श्रोत राम्रो भएको	गाउँपालिकाले स्वरोजगार वृद्धि गर्ने तथा बैदेशिक एवं रोजगारीमा जाने समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने नगरेको ।	वैदेशिक रोजगारीमा जानेहरुले विभिन्न खालका झन्झट, सास्ती व्यहोर्नु परेको	
	गाउँपालिकाले महिलाहरुका रणनीतिक आवश्यकता पुरा गर्नका लागि लोक सेवा आयोग तयारी कक्षा, ग्रामीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी) तयार गर्ने नगरेको ।	क्षमता विकासको क्षेत्र ओझेलमा परेको ।	
नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता			
गाउंपालिकाले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रुपमा पछि परेको चेपाङ्ग समुदायका	महिला विकासका लागि भएका बेईजिङ घोषणा पत्रका बाह्रवटा प्रतिवद्धता र दिगो विकासका	गाउंपालिकाका लागि प्रेसर श्रृजना भई यसले यसको नियमित कार्य प्रणालीमा	जातियता, क्षेत्रियता, भाषिकता अनि लैंगिकताका सवालहरुलाई विकासको मुख्य

लागि केही विशेष कार्यक्रम लागु गरेको ।	सत्रवटा लक्ष्यहरु, बाल अधिकार, जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी (ICERD), ILO, अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने महासन्धि आदिको वारेमा स्थानीय सरकारका प्रतिनिधि र कर्मचारीहरुलाइ पर्याप्त ज्ञान नभएको ।	असर गर्छ कि भन्ने डर त्रास ।	एजेण्डाको रुपमा विश्लेषण गर्न सक्ने ज्ञान, चेतनाको अभाव ।
	महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परीषदबाट पारीत प्रस्ताव नं. १३२५ र १८२० को वारेमा पालिकाका कर्मचारी तथा पदाधिकारीलाई पर्याप्त ज्ञान नभएको ।		
सेवा प्रवाह र संस्थागत संस्कृति			
महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको	लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन तथा वार्षिकरुपमा अद्यावधिक गर्ने नगरिएको ।	लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको हितमा काम गर्दा निश्चित राजनैतिक रुपमा सक्रिय व्यक्तिको स्वार्थपूर्ति नहुने	हुनेखाने वर्गको पक्ष पोषण गर्ने संस्कृति, भत्तामुखी प्रवृत्ति,
	महिला हिंसा विरुद्दको शुन्य सहनशिलता नअपनाइएको ।	महिलाको सवालमा वकालत गर्ने, नीतिगत पैरवी गर्न नचाहने नेतृत्व	कमजोर संस्थागत क्षमता तथा पितृसत्तामुखी मानसिकता ।
	वालविवाह, वहुविवाह कायमै		
सुशासन			
Website निर्माण गरी विभिन्न सूचनाहरु (बार्षिक नीति, कार्यक्रम तथा बजेट, आय-व्यय, पार्श्वचित्र, जोखिम नक्साकंन, पञ्जीकरणको तथ्यांक, सामाजिक सुरक्षा भत्ताको विवरण तथा अन्य नियमित सूचनाहरु आदि) सार्वजनिकिकरण गर्ने गरेको ।	गाउँपालिकाले नियमित रुपमा आयोजना गर्ने सार्वजनिक सुनुवाईमा बर्हिगमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र (CRC) गर्ने नगरेको ।	सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षणलाई सहभागितामूलक वनाउन खोज्दा अनावश्यक झैझगडा, वैमनस्यता झेल्नु पर्ने ।	सामाजिक परीक्षणका औजारहरुलाई प्रक्रिया पुरा गर्ने काममा सीमित गरिएको । यसवाट हुने सिकाई उपलव्धीको सम्वन्धमा कम आंकलन गरिने गरेको ।
	लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन गर्ने नगरेको ।	लैससासको विषय ओझेलमा परेको ।	
	लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरूको पहुँचका लागि सूचना, शिक्षा र संचारको (IEC materials) सामाग्रीहरु प्रकाशन तथा वितरण गर्ने नगरिएको ।		

११. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

क.सं.	*कार्ययोजनाको नाम*	*कार्यक्रम गरिने स्थल*	*अनुमानित मिति*	*प्रमुख जिम्मेवारी*	*प्राविधिक सहयोग*	*कैफियत*
१	गाउंपालिकाले वनाएको ऐन, नियम, नीतिको वारेमा महिला तथा सामाजिक रुपमा वन्चितिकरणमा परेका वडाका समुदाय(आमा समूह, वचत सहकारी, विद्यार्थी, उपभोक्तासंग छलफल गर्ने		२०७६ चैत्रदेखि वैशाख	प्रशासन शाखा प्रमुख	लोक प्रसाद पौडेल तथा इन्जिनियर एकराज सुवेदी	पालिकाले वनाएको लैससास नीति, अपाङ्ग, सडक वालवालिका तथा अन्य नीतिको वारेमा जानकारी गराउने ।
२	गाउंपालिकालाई लैङ्गिक उत्तरदायी वजेट तर्जुमा प्रक्रियामा सहजिकरण गर्ने	पालिका	२०७६ निरन्तर	प्रशासन शाखा प्रमुख, योजना शाखा प्रमुख	लोक प्रसाद पौडेल तथा इन्जिनियर एकराज सुवेदी	
३	वस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सवै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिताका लागि सहजिकरण गर्ने	सवै वडा		प्रशासन शाखा प्रमुख, योजना शाखा प्रमुख	लोक प्रसाद पौडेल तथा इन्जिनियर एकराज सुवेदी	
४	वडातहका मेलमिलाप कर्ताहरुको तालिम, सहजिकरण, कोचिङ्ग तथा मेन्टरिङ्गमा सहयोग गर्ने	सवै वडा	२०७६ वैशाखदेखि असारसम्म	न्यायिक समिति	लोक प्रसाद पौडेल तथा इन्जिनियर एकराज सुवेदी	
५	महिला समूह, आमा समूह, वालक्लव, कृषि समूह, उपभोक्ता समूह आदिलाई भेला गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धि २ घण्टे अभिमुखीकरण गर्ने ।	सवै वडा	वैशाखदेखि असारसम्म निरन्तर	महिला विकास शाखा, शिक्षा शाखा, सामाजिक शाखा प्रमुख	लोक प्रसाद पौडेल तथा इन्जिनियर एकराज सुवेदी	
६	महिला समूह, आमा समूह, वालक्लव, कृषि समूह, सञ्चार समूहको सूचीकृत गर्न गाउंपालिकालाई सहयोग गर्ने ।	सवै वडा	चैत्रदेखि असारसम्म निरन्तर	प्रशासन शाखा प्रमुख, सामाजिक विकास शाखा प्रमुख	लोक प्रसाद पौडेल तथा इन्जिनियर एकराज सुवेदी	
७	गाउंपालिकाको संस्थागत स्वमूल्याङ्कन गरी क्षमता विकास योजना तर्जुमा गर्न गाउंपालिकालाई प्राविधिक सहयोग गर्ने		चैत्रदेखि असारसम्म निरन्तर	योजना, प्रशासन तथा सामाजिक शाखा	लोक प्रसाद पौडेल तथा इन्जिनियर एकराज सुवेदी	

८	गाउंपालिकाका कर्मचारी तथा पदाधिकारीहरुलाई लैससास सम्वन्धि अभिमुखीकरण, कोचिङ्ग, मेन्टरिङ्ग		चैत्रदेखि असारसम्म निरन्तर	महिला तथा वालवालिका शाखा योजना, प्रशासन तथा सामाजिक शाखा	लोक प्रसाद पौडेल तथा इन्जिनियर एकराज सुवेदी	
९	गाउंपालिकालाई महिलाहरुको रणनैतिक आवश्यकता पुरा गर्नका लागि लोकसेवा आयोग कक्षा, ग्रामीण महिला प्राविधिक, विद्यालयस्तरमा विपन्न विद्यार्थीहरुको प्रेरित गर्न नेतृत्व विकास सम्वन्धी कक्षा सञ्चालनका लागि श्रोत विनियोजन गर्न तथा कक्षा सञ्चालनमा प्राविधिक सहयोग पुऱ्याउने	पालिकास्तरमा	चैत्रदेखि असारसम्म निरन्तर	महिला तथा वालवालिका शाखा, योजना, प्रशासन तथा सामाजिक शाखा	लोक प्रसाद पौडेल तथा इन्जिनियर एकराज सुवेदी	
१०	पालिकाको प्रभावकारी अनुगमनका लागि सूचक वनाउने, प्रतिवेदन तयार गरी वेभसाइटमा राख्ने काममा सहयोग गर्ने	पालिकास्तरमा	चैत्रदेखि असारसम्म निरन्तर	योजना, प्रशासन तथा सामाजिक शाखा	लोक प्रसाद पौडेल तथा इन्जिनियर एकराज सुवेदी	
११	बेईजिङ घोषणा पत्रका बाह्रवटा प्रतिवद्धता र दिगो विकासका सत्रवटा लक्ष्यहरु, बाल अधिकार, जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी (ICERD), ILO, अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने महासन्धि आदिको वारेमा स्थानीय सरकारका प्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखिकरण	पालिकास्तरमा	चैत्रदेखि असारसम्म निरन्तर	योजना, प्रशासन, महिला तथा वालवालिका शाखा तथा सामाजिक शाखा	लोक प्रसाद पौडेल तथा इन्जिनियर एकराज सुवेदी	
१२	महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परीषदबाट पारित प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरेका कार्यक्रम हरुको	पालिकास्तरमा	चैत्रदेखि असारसम्म निरन्तर	योजना, प्रशासन, महिला तथा वालवालिका शाखा तथा सामाजिक शाखा	लोक प्रसाद पौडेल तथा इन्जिनियर एकराज सुवेदी	

	वारेमा स्पष्ट कार्ययोजना वनाई अभिमुखीकरणका कार्यक्रमहरु अघि वढाउने ।					
१३	महिला हिंसा विरुद्धको अभियान, किशोरी दिवस, अन्तराष्ट्रिय महिला दिवस, स्वच्छ महिनावारी दिवस सम्वन्धी छलफल तथा अन्तर्किया कार्यक्रममा सहजिकरण गर्ने ।	पालिकास्तरमा	चैत्रदेखि असारसम्म निरन्तर	योजना, प्रशासन, महिला तथा वालवालिका शाखा तथा सामाजिक शाखा	लोक प्रसाद पौडेल तथा इन्जिनियर एकराज सुवेदी	
१४	वालअधिकार महासन्धीको वारेमा अभिभावक, विद्यार्थी तथा शिक्षकहरुलाई अभिमुखीकरण गर्ने (वालश्रम, वालविवाह, वहुविवाह, घरेलु तथा महिला हिंसा उन्मुलनका वारेमा सम्वन्धित सरोकारवालाहरुसंग छलफल, अन्तर्किया गर्ने ।	विद्यालयस्तरमा	चैत्रदेखि असारसम्म निरन्तर	योजना, प्रशासन, महिला तथा वालवालिका शाखा तथा सामाजिक शाखा	लोक प्रसाद पौडेल तथा इन्जिनियर एकराज सुवेदी	
१५	पालिका तथा वडास्तरमा लैससास मैत्री आचरण सम्वन्धि फलेक्स प्रिन्ट राख्न प्राविधिक सहयोग गर्ने ।	पालिका तथा वडास्तरमा	चैत्रदेखि असारसम्म निरन्तर	सवै शाखा	लोक प्रसाद पौडेल तथा इन्जिनियर एकराज सुवेदी	
१६	पालिकामा सेवा लिन आउने सेवाग्राहीहरुको वारेमा एक्जिट पोल अन्तर्वार्ता लिई सम्वन्धित शाखालाई उनीहरुको वारेमा सेवाग्राहीले दिएको सकारात्मक, सुधार्नु पर्ने प्रतिक्रियाको वारेमा जानकारी गराउने ।	पालिका	चैत्रदेखि असारसम्म निरन्तर	सवै शाखा	लोक प्रसाद पौडेल तथा इन्जिनियर एकराज सुवेदी	
१७	गाउंपालिकाको वेभसाइटमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी नीति, कार्यनीति, अध्ययन अनुसन्धान, प्रतिवेदन वेभसाइटमा राख्ने	पालिकास्तरमा	चैत्रदेखि असारसम्म निरन्तर	योजना, प्रशासन, महिला तथा वालवालिका शाखा तथा सामाजिक शाखा	लोक प्रसाद पौडेल तथा इन्जिनियर एकराज सुवेदी	
१८	लैससास सम्वन्धी मामिला अध्ययन, राम्रा अभ्यासहरु लेखन गरी पालिकाका सवै कर्मचारी तथा पदाधिकारीलाई जानकारी गराउने तथा वेभसाइटमा राख्न सहयोग गर्ने ।	वडा तथा पालिकास्तरमा	चैत्रदेखि असारसम्म निरन्तर	योजना, प्रशासन, महिला तथा वालवालिका शाखा तथा सामाजिक शाखा	लोक प्रसाद पौडेल तथा इन्जिनियर एकराज सुवेदी	

१९	वालविवाह, वहुविवाह, घरेलु हिंसा, महिला हिंसा आदि सम्वन्धमा सूचना सामाग्री तयार गरी सम्वन्धित सरोकारवालाहरु वीच गरिने अभिमुखीकरणको दौरानमा उनीहरुलाई उपलव्ध गराउने ।	वडा तथा पालिकास्तरमा	चैत्रदेखि असारसम्म निरन्तर	योजना, प्रशासन, महिला तथा वालवालिका शाखा तथा सामाजिक शाखा	लोक प्रसाद पौडेल तथा इन्जिनियर एकराज सुवेदी	

१२. निष्कर्ष तथा सुझाव

गाउंपालिकाको आन्तरिक संरचना, कार्यसंस्कृति तथा योजना तर्जुमा एवं नीति निर्माण प्रक्रियामा वन्चितिकरणमा तथा जोखिममा परेका वर्गहरुको आवश्यकता पहिचान गर्ने, श्रोतको विनियोजन गर्ने तथा विनियोजित श्रोतलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न महिला तथा वालवालिका शाखा तथा त्यस्ता वर्गहरुको क्षमता विकास गर्ने प्रचलनमा कमी देखिएको ।

पालिकाले अन्य धेरै प्रकारका नीतिहरु वनाएको भए पनि हालसम्म लैससास नीति नवनाएकोले पनि हामी यो निष्कर्षमा पुग्न सकिन्छ कि यो विषयको वारेमा पालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई क्षमता विकासको आवश्यकता छ । पालिकाको विषयगत समिति तथा योजना एवं श्रोत विनियोजनमा प्रत्यक्ष भूमिका खेल्ने समिति तथा संरचनाहरुलाई पनि लैससासको विषयमा अभिमुखीकरण जरुरी छ ।

लैससासको विषयलाई पालिका योजना, नीति, रणनीतिमा मूलप्रवाहीकरण गरी वजेट विनियोजन मार्फत विशिष्ट खालका योजना, परियोजना निर्माणका लागि त्यस सम्वन्धि मामिला अध्ययनको जरुरी छ । मामिला अध्ययनले पालिकालाई ती वर्गहरुको रणनैतिक आवश्यकता पहिचानमा सहयोग पुऱ्याउन सहयोग गर्छ ।

पालिकाका नीति निर्माण तहमा वसेका व्यक्तित्वहरुलाई अन्तराष्ट्रिय सन्धी सम्झौताको वारेमा जानकारी हुन आवश्यक छ । अन्तराष्ट्रिय सन्धी सम्झौताको ज्ञानको आधारमा मात्र स्थानीय नीति निर्माण तथा त्यसको स्थानीयकरण गर्न सकिन्छ ।

पालिकामा रहेको न्यायिक समितिले महिलाका मुद्दाहरुलाई केही हदसम्म सम्वोधन गरेको भएता पनि दुरदराजमा वसेका महिलाहरुको शारीरिक, मानसिक तथा संवेगात्मक हिंसाहरुलाई समेट्न नसकेकोले अहिले पनि आम महिलाहरु हिंसा सहनु आफ्नो भाग्यमा लेखेको भन्ने स्वीकारेर वस्न वाध्य छन । त्यसैले यो कुरालाई सम्वोधन गर्न वडातहमा मेलमिलाप केन्द्र स्थापना गरी यसलाई सुदृढ गराउन सके महिला हिंसाहरुको प्रतिवेदन गर्ने दर वढाउनुको साथै मेलमिलाप मार्फत महिला हिंसामा न्युनीकरण ल्याउन सकिन्छ ।

महिला हिंसा एउटा शुन्य सहनशिलताको विषय हो भन्ने विषयमा महिला, पुरुष तथा आम समुदायमा एउटा शशक्त जागरणको आवश्यकता भएकोले हिंसावाट पीडित वा पीडित हुन सक्ने महिला, वालवालिका, पुरुष सवैलाई राखेर वडागत रुपमा आम जागरणको कार्यक्रमको थालनी गर्न पालिकाले शुरुवात गर्न जरुरी छ ।

अनुसूची १: जेण्डर अडिट स्कोर

क्र.स.	सवल पक्ष	अंक	प्राप्ताङ्क	पुष्ट्याई को आधार	कैफियत
१	**कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**	७	३.०		
क	गाउँपालिकाले तर्जुमा गर्ने कानुन (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड), नीति/रणनीति तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले सहभागिता हुने गरेको छ वा छैन ?	० - १	०.५	गाउंपालिकाको विधान समितिमा महिलाको सहभागिता रहेको, कार्यपालिकाको वैठकमा महिला सहभागिता भएको	
ख	कानुन तथा नीति निर्माणको क्रममा लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायको सुझाव लिईएको छ वा छैन ?	० - १	०		
ग	हालसम्म स्वीकृत भएका कानुनहरु र नीतिहरुका बारेमा पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण भएको छ वा छैन र समान बुझाई छ वा छैन ?	० - १	०.५	कर्मचारीहरु इडिट प्रक्रियामा सहभागि भएको	
घ	स्वीकृत भएका कानुन र नीतिहरु वेवसाइटमा राखिएको साथै प्रकाशन गरी सवैको पहुँचमा हुने गरी पालिकाका सम्वन्धित शाखाहरु र वडा कार्यालयमा राखिएको छ वा छैन ?	० - १	१	पुराना सवै ऐन नियमहरु वेवसाइटमा राखिएको	
ङ	गाउँपालिकाको लैससास नीति छ वा छैन ? तर्जुमा गरिएको भए लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायसंग छलफल गरी सुझाव समावेश गर्ने गरिएको छ वा छैन ?	० - १	०		
च	महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायहरु लक्षित गरी छुट्टै नीति, निर्देशिका वा कार्यविधिहरु वनेका छन् वा छैनन् ? (जस्तै अपांगता मैत्री, वालमैत्री, लैङ्गिक मैत्री, दलित वा जोखिममा परेको र अन्य समुदायको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि वनाइएको नीति कार्यविधिहरु)	० - १	१	अपांगता, सडक वालवालिका सम्वन्धि नीति बनेको ।	
छ	गाउँपालिकामा हुनसक्ने सबै प्रकारका विभेद / दुर्व्यवहार (जस्तै यौनजन्य, जातीय र महिला हिंसा नियन्त्रण, समान कामका लागि समान ज्यालाको लागि नीति बनाएर लागु गरिएको छ वा छैन ?	०–१	०		
२	**लैससास विश्लेषणमा आधारित योजना तर्जुमा**	७	२.०		
क	आवधिक योजनाको उद्देश्य, रणनीति तथा नतिजामा लैगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको आर्थिक तथा सामाजिक हैसियतमा परिवर्तन एवम् रुपान्तरण ल्याउने गरी स्पष्टरुपमा उल्लेख गरिको छ वा छैन ?	०–१	०		

क्र.स.	सवल पक्ष	अंक	प्राप्ताङ्क	पुष्ट्याई को आधार	कैफियत
ख	आवधिक तथा क्षेत्रगत योजना (जस्तै स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि, विपत जोखिम व्यवस्थापन आदि) तर्जुमा गर्दा गाउँ पार्श्वचित्रवाट प्राप्त लिङ्ग, उमेर, भूगोल, जातजाति, भाषा, सस्कृति, वर्ग, अपाङ्गता भएका व्यक्ति आदि अनुसारको छुट्टाछुट्टै अवस्था विश्लेषण गरि आवश्यकता पहिचान गर्ने गरिएको छ वा छैन ?	०–१	०		
ग	आवधिक, क्षेत्रगत, लैससास नीती अनुरुप वार्षिक नीती तथा कार्यक्रम वनाइने गरेको छ वा छैन ? यस्ता नीति र वार्षिक कार्यक्रम वीचको तादम्यता छ वा छैन ?	०–१	०		
घ	वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन गरी कार्ययोजना तयार गर्ने गरिएको छ ?	०–१	०.५	महिला तथा वालवालिका र विपन्न वर्ग लक्षित कार्यक्रम वार्षिक कार्ययोजनामा समेटिएको	
ङ	बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता हुने गरेको छ वा छैन ?	०–१	१	वस्तीस्तरको योजना तर्जुमा प्रक्रियाको वैठक माइनुट	
च	बार्षिक कार्यक्रम तर्जुमा गर्दा विषयगत समिति अनुसार छुट्याईएको बजेट र कार्यक्रममा लैससासलाई स्पष्ट रुपमा संवोधन गर्ने गरी विषयगत कार्यकमहरु तयार गरिएको छ वा छैन ?	०–१	०		
छ	बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेट तय भएको छ वा छैन	०–१	०.५	वार्षिक कार्यक्रम पुस्तिका	
३	**योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन**	७	३.५		
क	उपभोक्ता समिति गठन गर्दा आम भेला गर्ने गरिएको छ वा छैन ? उक्त भेलामा सहजीकरणका लागि कर्मचारी वा महिला वडा सदस्यहरुको भुमिका हुने गरेको छ वा छैन ?	०–१	१	उपभोक्ता समिति गठन माइन्युट	
ख	उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता छ वा छैन ? साथै अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला सदस्य रहने व्यवस्था छ वा छैन ?	०–१	१	उपभोक्ता समिति गठन माइन्युट	
ग	उपभोक्ता समितिमा लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुह, लाभान्वित समूह उपस्थिति रहेको अवस्थामा तिनीहरूको समेत प्रतिनिधित्व हुने गरेको छ वा छैन ?	०–१	१	उपभोक्ता समिति गठन माइन्युट	
घ	योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम गठित सुपरिवेक्षण तथा अनुगमन समितिले अनुगमनका सूचकहरु वनाउदा लैससास सम्वन्धी सूचकहरु समावेश गरी सूचक वनाइएको छ वा छैन ? र अनुगमन प्रतिवेदन कार्यपालिकामा छलफल हुन्छ वा हुदैन ?	०–१	०		

क्र.स.	सवल पक्ष	अंक	प्राप्ताङ्क	पुष्ट्याई को आधार	कैफियत
ङ	गत आ.व.को वार्षिक योजनामा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको उत्थानका लागि तर्जुमा गरिएका कार्यक्रम तथा वजेटको कार्यान्वयन पूर्णरुपमा भए वा भएनन् ?	०–१	०.५	वार्षिक योजना	
च	सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा लैंगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहलाई लागत अनुरुप पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरको छ वा छैन ?	०–१	०		
छ	नियमित रुपमा सबै प्रकारका सरोकारवालाहरुको सहभागितामा लैससास सम्वन्धी छलफल, सिकाई आदानप्रदान हुने गरेको छ वा छैन ? के यस्ता सिकाईहरु कार्यक्रम/योजना तयार वा नीति निर्माण गर्दा समावेश गर्ने गरिन्छ ?	०–१	०		
४	**आन्तरिक संरचना**	७	३.५		
क	गाउँपालिकामा गठीत न्यायिक समिति र वडा तहका मेलमिलाप केन्द्रमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको प्रतिनिधित्व भएको छ वा छैन ?	०–१	०.५	न्यायिक समिति वैठक निर्णय रजिष्टर	
ख	न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान गरिएका विवादहरुको खण्डीकृत तथ्यांक (क्षेत्र र लाभान्वित) को अभिलेख राखिएको छ वा छैन ?	०–१	१	न्यायिक समिति वैठक निर्णय रजिष्टर	
ग	गाउँपालिकाले गठन गर्ने गरेका समितिहरु, उपसमिति तथा कार्यदलमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको समानुपातिक प्रतिनिधित्व भएको छ वा छैन ?	०–१	०.५	योजना शाखाको माइन्युट	
घ	सामाजिक विकास शाखा/महिला तथा वाल विकास शाखा अन्तर्गत लैससास सम्पर्क व्यक्ति तोकिएको छ वा छैन ?	०–१	०.५	सम्पर्क व्यक्ति नतोकिए पनि काम सो क्षेत्रको काम भइरहेको ।	
ङ	लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुट्टै कोष तथा वजेटको व्यवस्था भएको छ (जस्तै वाल विकास कोष, अपाङ्गता विकास कोष, छात्रवृति कोष, दलित उत्थान विकास कोष आदि) ? उनीहरूको सक्रियता र आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्ने गरिएको छ वा छैन ?	०–१	०.५	छुट्टै कोषको व्यवस्था नभएको भएता पनि श्रोत विनियोजन गर्ने तथा कार्यक्रम सञ्चालन गर्ने काम भइरहेको ।	
च	बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरु समुदाय	०–१	०		

क्र.स.	सवल पक्ष	अंक	प्राप्ताङ्क	पुष्ट्याई को आधार	कैफियत
	स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग गरी लाभग्राहीहरुलाई सूचना प्रवाह गरिने गरेको छ वा छैन ?				
छ	गाउँपालिकाले टोल विकास संस्था तथा समुदायमा आधारित संस्थाहरु वा समितिहरु (जस्तैः महिला समुह, आमा समुह, वाल क्लब, संचार समुह, कृषि समुह) दर्ता/सूचीकृत गरी सक्रियरुपमा संचालनमा ल्याईएको छ वा छैन ?	०–१	०.५	प्रशासन शाखाको संस्था दर्ता तथा नविकरण रजिष्टर	
५	**क्षमता विकास**	**७**	**१.५**		
क	गाउँपालिकामा स्थानीय सरकारको संस्थागत स्व-मूल्याङ्कन गरी क्षमता विकास कार्ययोजना बनाईएको छ वा छैन ? यस्ता कार्ययोजनाका लागि आवधिक, क्षेत्रगत र वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्यवन गरिएको छ वा छैन ?	०–१	०		
ख	गाउँपालिकाले संचालन गर्ने क्षमता विकास कार्यक्रमहरुमा सहभागिहरुको छनौट गर्दा लैङ्गिक तथा सामाजिकरुपमा बहिष्करणमा परेका व्यक्ति र समुहलाई विशेष प्राथमिकतामा राखेर आवश्यकता पहिचानका आधारमा गर्ने गरिएको छ वा छैन ?	०–१	०.५	योजना शाखाको वैठक माइन्युट	
ग	गाउँपालिकाले स्वरोजगार वृद्धि गर्ने तथा बैदेशिक एवं रोजगारीमा जाने समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरको छ वा छैन ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरेको छ वा छैन ?	०–१	०		
घ	तालिम प्राप्त व्यक्तिहरुको क्षमतामा आएको परिवर्तनका सम्बन्धमा प्रभावकारी अनुगमन गर्ने गरेको छ वा छैन ? तालिमप्राप्त व्यक्ति वा सेवाप्राप्त गर्ने समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणमा परिवर्तन भएको अभिलेखिकरण गर्ने गरिएको छ वा छैन ?	०–१	०		
ङ	गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास तालिममा लैससास सम्वन्धी छुट्टै विषय राखि तालिम दिने गरेको छ वा छैन ?	०–१	०.५	तालिम तथा क्षमता विकास रजिष्टर	
च	गाउँपालिकाले महिलाहरुका रणनीतिक आवश्यकता पुरा गर्नका लागि लोक सेवा आयोग तयारी कक्षा, ग्रामीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी) तयार गर्ने गरेको छ वा छैन ?	०–१	०		
छ	लैससास विकासको लागि संघीय सरकार अन्तर्गतका संवैधानिक आयोगहरु, प्रदेश सरकार तथा जिल्लास्तरका कार्यालयहरुसंग समन्वय गर्ने गरिएको छ वा छैन ?	०–१	०.५	प्रमुख सूचनादातासंगको अन्तर्वार्ता	

क्र.स.	सवल पक्ष	अंक	प्राप्ताङ्क	पुष्ट्याई को आधार	कैफियत
६	**नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता**	७	२.५		
क.	महिला विकासका लागि भएका बेईजिङ घोषणा पत्रका बाह्रवटा प्रतिवद्धता र दिगो विकासका सत्रवटा लक्ष्यहरु, बाल अधिकार, जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी (ICERD), ILO, अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने महासन्धि आदिको वारेमा स्थानीय सरकारका प्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखिकरण गरिएको छ ? कोहि पनि पछाडी नछुटुन् भन्ने कुराको सुनिश्चितताको लागि अध्ययन र विश्लेषण गरी तथ्याङ्क अद्यावधिक गरिएको छ ?	०–१	०		
ख.	लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको साथै जोखिममा परेका समुदायका लागि विशेष कार्यक्रम सहित दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि स्थानीय तहले सरोकारवालाहरुसँगको सहकार्यमा कार्य गरिएको छ वा छैन ?	०–१	०.५	लक्षित वर्ग क्षमता विकास कार्यक्रम सञ्चालनमा रही रहेको ।	
ग.	महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परीषदबाट पारीत प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरेका कार्यक्रम हरुमा रकम विनियोजन गरेको छ वा छैन ?	०–१	०		
घ.	महिला विरुद्ध हुने सबैखालको हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको वजेट विनियोजन गरी कार्यक्रम समयमै सम्पन्न गरेको छ ?	०–१	०.५	कार्यक्रम सञ्चालन भएको माइन्युट रजिष्टर	
ङ	महिला अधिकार स्थापना र महिला माथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान जस्तै महिला हिंसा विरुद्धको १६ दिने अभियान, किशोरी दिवस, अन्तराष्ट्रिय महिला दिवस, स्वच्छ महिनावारी दिवस सम्बन्धी कार्यक्रम संचालन गर्ने गरेको छ वा छैन ?	०–१	०.५	कार्यक्रम सञ्चालन भएको माइन्युट रजिष्टर	
च	संयुक्त राष्ट्रसंघीय वाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ?	०–१	०.५	कार्यक्रम सञ्चालन भएको माइन्युट रजिष्टर	
छ	समाजमा विद्यमान जातीय विभेद र छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृतिक र धार्मिक कुरीति र अभ्यास हटाउनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ?	०–१	०.५	कार्यक्रम सञ्चालन भएको माइन्युट रजिष्टर	
७	**सेवा प्रवाह र संस्थागत संस्कृति**	७	४.०		

क्र.स.	सवल पक्ष	अंक	प्राप्ताङ्क	पुष्ट्याई को आधार	कैफियत
क	लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन तथा वार्षिकरुपमा अद्यावधिक गर्ने गरेको छ वा छैन ?	०–१	०		
ख	गत आ.व. मा सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि सेवा प्रवाहमा पहुँच पुऱ्याउन घुम्ति शिविर संचालन भए वा नभएको ?	०–१	०.५	कार्यक्रम सञ्चालन भएको माइन्युट रजिष्टर	
ग	बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना (सार्वजनिक स्थल) निर्माण भएका छन् वा छैनन् ? स्थानीय तहले सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाऊँको उचित व्यवस्थापन जस्तै पिउने पानी, महिला/पुरुष शौचालय, प्रतिक्षालय आदि छ वा छैन ?	०–१	०.५	अवलोकन, फोकस ग्रुप छलफल	
घ	महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ वा छैन (जस्तै गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा लगाउन नपाइने)	०–१	१	अवलोकन	
ङ	राष्ट्रिय तथा स्थानीय अभियान र सम्बन्धित मुद्धाहरुमा (जस्तै निकृष्ट प्रकारको वालश्रम, वाल विवाह, वहुविवाह, दाइजो प्रथा, वोक्सी, छुवाछुत प्रथा तथा घरेलु हिंसा, महिला हिंसा उल्मुलन / नियन्त्रणका लागि) अभियान/चेतनामूलक कार्यक्रमहरु सञ्चालन हुने गरेको छ वा छैन ?	०–१	०.५	कार्यक्रम सञ्चालन भएको माइन्युट	
च	महिला हिंसा विरुद्दको शुन्य सहनशिलता अपनाईएको छ वा छैन ? कार्यक्षेत्रमा हुने यौनजन्य हिंसा र दुर्व्यवहारको सम्वोधन गर्ने गरिएको छ वा छैन ?	०–१	०.५	लक्षित समूह छलफल	
छ	गाउँपालिकामा लैससासमैत्री आचरण, भाषा, व्यवहार आदि प्रयोगमा आएको छ वा छैन ? यस्तो व्यवस्थाका लागि पहल गरिएको छ वा छैन ?	०–१	०.५	लक्षित समूह छलफल	
८	**सुशासन**	**७**	**२.५**		
क	स्थानीय तहले सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, लैससास परिक्षण, गुनासो सुनुवाई, सामुदायिक सुचना पाटी, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वयन प्रभावकारी ढंगबाट गर्ने गरेको छ वा छैन ?	०–१	०.५	सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षणको उपस्थिति रजिष्टर तथा सामुदायिक सूचना पाटीको अवलोकन	
ख	सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग गर्दा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको सहभागिता सुनिश्चित गर्ने गरिएको छ वा छैन ?	०–१	०.५	सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षणको उपस्थिति रजिष्टर तथा सामुदायिक सूचना पाटीको अवलोकन	

क्र.स.	सवल पक्ष	अंक	प्राप्ताङ्क	पुष्ट्याई को आधार	कैफियत
ग	गाउँपालिकाले नियमित रुपमा आयोजना गर्ने सार्वजनिक सुनुवाईमा बर्हिगमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र (CRC) गर्ने गरेको छ वा छैन ?	०–१	०		
घ	Website निर्माण गरी विभिन्न सूचनाहरु (बार्षिक नीति, कार्यक्रम तथा बजेट, आय-व्यय, पार्श्वचित्र, जोखिम नक्साकंन, आवधिक तथा रणनीतिक योजनाहरु, पञ्जीकरणको तथ्यांक, सामाजिक सुरक्षा भत्ताको विवरण तथा अन्य नियमित सूचनाहरु आदि) सार्वजनिकिकरण गर्ने गरेको छ वा छैन ?	०–१	१	कार्यालयको वेभसाइडको अध्ययनवाट	
ङ	सार्वजनिक महत्वका सूचनाहरु साथै माथि "घ" मा उल्लेखित विवरण प्रकाशन गरी स्थानीय संचार माध्यम तथा सूचना पाटी वा सवैको पहुँचमा हुने स्थानमा सर्वजनिक गर्ने गरिएको छ वा छैन ?	०–१	०.५	कार्यालयको वेभसाइडको अध्ययनवाट तथा सूचनापाटीवाट	
च	लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन आदिको प्रकाशन गर्ने, स्थानीय तहका समितिहरुमा छलफल गर्ने, अन्य स्थानीय तह, नागरिक समाज तथा प्रदेश र संघ सम्वन्धित निकायहरुसंग आदान प्रदान गर्ने गरेको छ वा छैन ?	०–१	०		
छ	लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरूको पहुँचका लागि गरिएका सूचना, शिक्षा र संचारको (IEC materials) प्रवाह गरिएको छ वा छैन ? गरिएको भए त्यसले स्थानीय तहको विकास कार्यहरूमा सहभागितामा वृद्धि ल्याएको छ वा छैन ?	०–१	०		
	कुल जम्मा	५६	२२.५		

अनुसूची २: गाउंपालिकाका कर्मचारीहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धि अभिमुखीकरण



आज मिति २०७६ माघ २७ गते यस वेथिटार गाउँपालिका धादिङका गाउपालिकाका पदाधिकारी तथा कर्मचारीहरुका लागी लैङ्गिक समानता समता तथा जेण्डर अडेर सम्वन्धि विषयमा अभिमुखीकरण कार्यक्रम प्रतिभा व्यक्तिक उपस्थितिमा निम्न निर्णय गरीयो ।

१ गा.पा. अध्यक्ष डा. पितवहादुर डल्लाकोटी (हरी)
२ " उपाध्यक्ष डा. देवीप्रसाद खित्वाल
३ प्र.प्र. अधिकृत डा. लक्ष्मण प्रसाद भट्टराई
४ प्र. -"- डा. केदार कुमार खड्का
५ तिलोरवा अधिकृत डा. सन्तोष अर्याल
६ शिक्षा " डा. बोधराज पाठक
७ प्र. अधिकृत डा. रञ्जन खापकोटा
८ इन्जिनियर डा. दिलिप पन्डानी
९ कार्यक्रम संयोजक डा. सुदिप भण्डारी रोजगार
१० सुचना अधिकृत डा. विष्णु अधिकारी
११ स्वास्थ्य संयोजक डा. शंकर बाबु उप्रेती
१२ ना.सु. योजना डा. परशुराम घिमिरे
१३ लेखापाल डा. डिल्लीराम शर्मा
१४ " डा. उषाकुमारी पाण्डेय
१५ आ " डा. दिलकुमारी रमा
१६ म.वि.शाखा डा. पुजा खनाल
१७ स्वास्थ्य ए.ए. डा. सीता शाक्य
१८ सा.प. डा. रंगिता थापलिया
१९ बा.स. डा. मनकुला थापलिया
२० कृ.अ. डा. सुशिला गिरी
२१ एम आई यु अफिसर डा. गायत्री विसुराल
२२ निजी सचिव मणिराज गुरुङ
२३ वडाध्यक्ष गोविन्द पहिचान कार्यक्रम बाबुप्रसाद त्रिपाठी
२४ " " गणक लाल के. चौधरी
२५ गणक विश्वराज रिजाल
२६ " सुनिता डल्लाकोटी
२७ कार्यक्रम संयोजक डा. लोक पौडेल (रुपमा बार्सा)
२८ डा. रुद्रराज पुन्देर "
२९ भगवती भण्डारी
३० उपस्थित

२८. सरस्वती मगर (गायक)
२९. ज्ञानेन्द्र गुरुङ (गायक)
३० उपेन्द्र शाही (शिक्षक)

अनुसूची ३: लक्षित समूह छलफल वडा नं. ३ का सहभागीहरु



आज मिति २०७८ साल फागुन ७ गते वडा नं. ३ का वडाध्यक्ष श्री भुवन त्रिपाठीको संयोजकत्वमा तथा स्थानीयका सहभागी तथा सहजकर्तहरुको उपस्थितिमा जेण्डर अडिटको (Gender Audit) को कार्यलाई थप सहयोग पुगोस भन्ने ध्येयले लक्षित समूह छलफल कार्यक्रम सञ्चालन गरियो ।

क्र. सं.	नाम थर	पद	संस्था	हस्ताक्षर	
१	भुवन त्रिपाठी	वडाध्यक्ष	गाउँपालिका		
२	केशर ब. भुजेल	ए. अ.	वडाकार्यालय		
३	लोक पु० पौडेल				
४	मिलन वि. क	पार्टी सचिव	नेपाली कांग्रेस		
५	कल्पना नगर	कार्यपालिका सदस्य	कार्यपालिका	कल्पना	
६	रितु चेपाङ	उ. स. कोआर्डिनेटर	ओरलाङ स्वास्थ्य	Ritu	
७	टिका ब. चेपाङ	अध्यक्ष	उपभोक्ता समिति		
८	साबित्री सिलवाल	सदस्य	बाग्येश्वरी माध्यमिक	साबित्री	
९	अम्बिका कँडेल	अध्यक्ष	बाग्येश्वरी माध्यमिक	अम्बिका	
१०	सरस्वती सिलवाल	सदस्य	सरस्वती		
११	सीता विश्वकर्मा	सदस्य	वडा कार्यालय से.		
१२	खेमराज सिलवाल				
१३	डम्बर क. लोहनी	सदस्य	वडा नं. ३ का.	उ	
१४	पार्वती हकुरी	समूहका अध्यक्ष	गाउँपालिका नं. ३	Parbati	
१५	लाल बहादुर बुढा	सात व्यक्ति वडा प्रतिनिधि	वा. नं. ३.	लाल	
१६	युवराज खनडे	GIDME	purnima		
१७	अभ्यास लोहनी	विद्यार्थी			
१८	सुरज सिलवाल	विद्यार्थी			
१९	सुनीता थपलिया	"			
२०	फरना थापा नगर	"			
२१	आकाश वि. क.	"			
२२	निरु चौधरी	"			
२३	विद्या सिलवाल	विद्यार्थी			
२४	बिनिता चेपाङ			बिनिता	

अनुसूची ४: लक्षित समूह छलफल वडा नं. ५ का सहभागीहरु



अज मिति २०६५ साल फागुण ६ गते वडा नं. ५ का वडाध्यक्ष श्री रोशन कु. सिलवाल को संयोजकत्वमा तपसिलका सहभागीहरुको उपस्थितिमा लक्षित समूह छलफल कार्यक्रम सम्पन्न गरियो।

क्र. सं.	नाम थर	पद	संस्था	हस्ताक्षर
१.	रोशन कुमार सिलवाल	वडा अध्यक्ष	वडा नं. ५	[illegible]
२.	इन्द्रा कडेल	वडा सदस्य	वडा नं. ५	[illegible]
३.	लोन फ्र फिक्स	योजना प्रमुख	Purnima	[illegible]
४.	एकराज सुवेदी	DCPME	Purnima	[illegible]
५	विजुला कडेल	महिला सहकारी सदस्या	सुन्दरदीप महिला सहकारी	विजुला
६	यशमाया बरकोटी	"	"	यशमाया
६	प्रतिमा कडेल	उपाध्यक्ष	कर्ज टोल	[illegible]
८	विन्दा कडेल	सदस्य	आमा समुह	[illegible]
९	मिलुमाया कडेल	"	"	[illegible]
१०	जमुना कडेल	"	"	[illegible]
११	प्रभा कडेल	"	"	[illegible]
१२	चन्द्रादेवी कडेल	"	"	[illegible]
१३	सुब्बा सुनार	दलित प्रतिनिधि		[illegible]
१४	कुलचन्द्र [illegible]	सचिव (नेपाल राष्ट्र बैंक)		[illegible]
१५	माया कडेल	सदस्य	आमा समुह	माया
१६	सुशिला कडेल	"	"	[illegible]
१७	सावित्रा कडेल	"	"	सावित्रा
१८	गंगा आले	"	"	गंगा
१९	सुन कुमारी श्रेष्ठ	"	"	[illegible]
२०	सकुन्तला गौली	"	"	सकुन्तला
२१	देवमाया श्रेष्ठ	"	"	देवमाया
२२	मित्रादेवी नेपाली	अध्यक्ष	आमा समुह सदस्य	[illegible]
२३	नन्द कुमारी कडेल			नन्द
२४	यम कुमारी श्रेष्ठ	का. सं.	वडा नं. ५	यम
२५	[illegible]	मा. पु.	"	[illegible]
२६	रामजी कडेल		वडा नं. ५	[illegible]
२७	हीमनाथ कडेल			[illegible]
२८	लक्ष्मी [illegible]			लक्ष्मी
२९	पर्फादेवी कडेल	अध्यक्ष	सुन्दरदीप महिला सहकारी	[illegible]
३०	[illegible]			[illegible]



अनुसूची ५: लक्षित समूह छलफल वडा नं. ३ को प्रश्नावली तथा उत्तर

आमा समूह वा महिला समूह सम्वन्धी प्रश्नावली:

१. आमा समूहले हाल सम्म गरेका प्रमुख कामहरुको वारेमा वताईदिनोस			
झैझगडा मिलाउने, सीप विकास (सिलाई कटाईका कार्यक्रम गर्ने (३० जनालाई गरेको)			
	छ	छैन	
आमा समूह गाउंपालिका वा वडामा सूचीकृत भए नभएको		√	
आमा समूहले पालिका वा वडावाट तालिम, सचेतना अभिवृद्धि सम्वन्धि कार्यक्रम पाए नपाएको		√	
पालिका वा वडावाट आमा समूहले पाएको अन्य सहयोग	√		भवन निर्माण
वडा तथा वस्तीस्तरको योजना तर्जुमा प्रकियामा तपाईहरु सहभागी हुनु भएको छ वा छैन ? को को सहभागि हुनु भएको छ ?	√		
पालिका तथा वडाले वस्तीस्तरको योजना तर्जुमा गर्दा वडाका सवै जातजाति, लिङ्ग, वर्गका मानिसहरुको सहभागिता हुन्छ कि हुन्न ?	√		
वस्तीस्तरको योजना तर्जुमा वैठकमा सहभागि भएको भए तपाईहरुको अनुभव वताउनोस	समयमा उपस्थित नहुने अनि सघन छलफल नहुने		
२. तपाईको समूहको महिला हिंसाको वारेमा अनुभव वताउनोस ?			
शारीरिक चोटपटक जस्तै आगो लगाउने, कपाल कुईयाउने, पिट्ने, हातहाला हाल गर्ने छ कि छैन ?	√		
संवेगात्मक तथा मानसिक हिंसा: विवाह गरेर ल्याएसी वास्तै नगर्ने, विना कारण छोड्दिने, तर्साउने, धम्काउने, सानो वच्चासंग आमालाई अलग्याउने, शारीरिक क्षमताले भ्याए भन्दा वढी काम लगाउने प्रचलन छ कि छैन ?	√		
महिलामाथि यसरी हुने हिंसा कम गर्न प्रयोगमा ल्याइने टोल फ्रि नं. को वारेमा जानकारी छ कि छैन ? जस्तै ११४५		√	
अन्तराष्ट्रिय महिला दिवस मनाउने गर्नु भएको छ कि छैन ?	√		
महिला विरुद्ध हुने १६ दिने अभियान सञ्चालन गर्नु भएको छ कि छैन ? छैन भने किन ?	√		
छुवाछुत, जातिय विभेद, लैङ्गिक विभेद हटाउनका लागि समूहले केही पहल गरेको छ कि छैन ? छ भने के के गरेको छ ?		√	

छुवाछुत, जातिय विभेद, लैङ्गिक विभेद हटाउनका लागि पालिका तथा वडावाट तपाईको वडामा सचेतनामूलक कार्यक्रम भएका छन कि छैनन ?		√	
तपाईको वडामा महिला स्वास्थ्य सम्वन्धि शिविर सञ्चालन भएका छन कि छैनन ? यदि छ भने तपाईहरुले भाग लिनु भएको छ कि छैन ?		√	
महिला शशक्तिकरण सम्वन्धी रेडियो वा टि.भि.मा कार्यक्रम हेर्नु हुन्छ ?		√	धादिङ्ग एफ.एम
३. महिला हिंसा विरुद्धको शुन्य सहनशीलताको वारेमा वताउनोस			
शुन्य सहनशीलता छ वा छैन		√	
शुन्य सहनशीलता न अपनाउनाले के असर पर्छ तपाईहरुलाई जानकारी छ कि छैन ?		√	
४. गाउंपालिका वा वडामा सेवा लिन जांदा तपाईले गरेको अनुभव वताउनोस			
सेवा लिन जांदा वस्ने ठाउंको व्यवस्था, खानेपानीको व्यवस्था, सौचालय, प्रतिक्षालय कस्तो लाग्यो ?	√		
सेवा दिने कर्मचारीहरुको स्वभाव कस्तो लाग्यो ?	√		राम्रो
५. तपाईको वडामा महिलाहरु गर्भवती हुंदा गरिने स्याहार सुसारको वारेमा वताईदिनोस			
के गर्भवती महिलाहरुले गर्भ परीक्षण गराउंछन ?	√		
गर्भवती भएको बेला घरवाट उचित माया, स्याहार तथा पोषिलो खानेकुरा पाउंछन ?		√	
गर्भवती भएको बेला जोखिमयुक्त काम गराउने प्रचलन छ कि छैन ?		√	
वच्चालाई आमाको विगौती दुध ख्वाउने चलन छ कि छैन ?	√		
आमाले वच्चालाई आफूले चाहेको समयमा स्तनपान गराउन सक्ने नसक्ने अवस्था कस्तो छ ?		√	
६ महिनासम्म आमाको दुध वाहेक अन्य कुरा पनि ख्वाइन्छ कि के छ ?	√		
६. गाउंपालिकाले विभिन्न प्रकारका नीति जस्तै ऐन कानुन वनाउंदा तपाईहरुसंग परामर्श लिने गरेको छ कि छैन ?			
गाउंपालिकाले हालसम्म के के नीतिहरु वनायो यसको वारेमा तपाईहरुलाई थाहा छ कि छैन ?		√	
थाहा नभएको भए के कारणले थाहा नभएको ?		√	
७. उपभोक्ता समितिमा महिलाहरुको सहभागिताको वारेमा वताईदिनोस न			
तपाईको समूहवाट कसैले उपभोक्ता समितिमा प्रतिनिधित्व गर्नु हुन्छ कि हुन्न ?	√		
उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिला सहभागी हुन्छन कि हुन्नन ?	√		
उपभोक्ता समिति गठन गर्दा सवैलाई जानकारी हुन्छ कि हुन्न ?	√		
उपभोक्ता समिति गठन गर्नु पूर्व आम भेला हुन्छ कि हुन्न ?	√		
उपभोक्ता समितिमा मुख्य पद मध्ये एउटामा महिला छन कि छैनन तपाईको वडामा ? जस्तै अध्यक्ष, सचिव, कोषाध्यक्ष मध्ये १ जना ।	√		
उपभोक्ता समूहले अनुगमन समिति वनाए नवनाएको	√		
उपभोक्ता समितिले वैठकमा दलित, विपन्न, महिला आदि लाभान्वित वर्गलाई समेत सहभागी गराई छलफल गराए नगराएको	√		
उपभोक्ता समितिले अनुगमनका चेकलिष्ट वनाए नवनाएको ?		√	
उपभोक्ता समितिले अनुगमनको प्रतिवेदन वनाउने गरे नगरेको		√	
उपभोक्ता समितिले वनाएको अनुगमन प्रतिवेदन गाउंपालिकाको अनुगमन समितिसंग छलफल हुने गरे नगरेको ?		√	
उपभोक्ता समितिले योजनाको पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण गर्ने गरेको छ वा छैन ?	√		
गाउंपालिका वा वडा कार्यालयले आयोजना गरेको सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी हुने गरेको वा नगरेको ?	√		
गाउंपालिका वा वडा कार्यालयमा नागरिक वडापत्र भए नभएको जानकारी छ कि छैन ?		√	
गाउंपालिकाले उपभोक्ता समिति सम्वन्धि वनाएको ऐन नियमको वारेमा उपभोक्ता समितिलाई जानकारी छ कि छैन ?		√	
उपभोक्ता समितिलाई आफ्नो काम कर्तव्य र अधिकारको वारेमा गाउंपालिकाले अनुशिक्षण गरेको छ कि छैन ?		√	
८. वालक्लवले गरेका महत्वपूर्ण काम वताईदिनोस			
तपाईहरुलाई वालअधिकारको वारेमा के थाहा छ ?	√		

तपाईहरुको वडामा वालहिंसा छ कि छैन ? (पिट्ने, नाम विगारेर भन्ने जस्तै रामे, गाली गलौज गर्ने, आरोप लगाउने आदि)	√		
विद्यालयमा लठ्ठीले पिट्ने चलन छ कि छैन ?	√		
समुदायमा वा विद्यालयमा वाल यौनहिंसाका केसहरु घटेका छन कि छैनन ?	√		
वडाका सवै विद्यालयहरुमा वालक्लव छन कि छैनन ?	√		
वालवालिकाले सवै खोप पाएका छन कि छैनन ?	√		
तपाईहरुको वडामा वालविवाह हुने गरेको छ कि छैन ?	√		भागेर
सवै वालवालिकाले चर्पीमा दिसा गर्न जान्छिन कि जान्नन ?	√		
वालक्लवलाई वडा तथा पालिकाले क्षमता विकासका कार्यक्रममा सहभागि गराएका छन छैनन ?		√	
वालक्लवको विद्यालय व्यवस्थापन समितिको वैठकमा सहभागिता कस्तो छ ?	√		
वालक्लवले वहुविवाह रोक्न पहल गरेका छन कि छैनन ?		√	
वालक्लवले वाल अधिकारको सचेतना निर्माण गर्न सडक नाटक गरेका छन कि छैनन ?	√		
गर्भपतन गराउने चलन ाकस्तो छ ?	√		
वडामा टुहुरा वालवालिका, सडक वालवालिका, होटेलमा काम गर्ने वालवालिका छन कि छैनन ?	√		
वालभरिया छन कि छैनन ?		√	
विद्यालयभित्र छुवाछुत छ कि छैन वालवालिका वीच ?		√	
दलित वालवालिकाका लागि दिइने वालसंरक्षण रकम सवैले पाएका छन कि छैनन	√		
वाल हेल्प लाइन १०९८, वालवालिका हराएमा वा भेटिएमा १०४ को वारेमा थाहा छ कि छैन		√	
वालअधिकार महासन्धीको वारेमा तपाईहरुलाई थाहा छ ?		√	
यस वडामा अपाङ्ग वालवालिका छन कि छैनन ?	√		
हाम्रा विकास संरचना खानेपानी धारो, चर्पी, भवन अपाङ्गमैत्री छन कि छैनन ?		√	
वालक्लवले दाईजो प्रथा, बोक्सी प्रथा, छुवाछुत, घरेलु हिंसा, महिला हिंसा घटाउन भूमिका खेलेको छ ?	√		अलिअलि
सरसफाई अनि खुला दिसामुक्त अभियानमा वालवालिकाको भूमिका छ कि छैन ?	√		
गाउंपालिकाले वालवालिका सम्वन्धि के के ऐन नियम वनाएको छ सो सम्वन्धमा वालक्लवलाई जानकारी छ कि छैन ?		√	
वालक्लव सूचीकृत भएको छ कि छैन ? वडामा वा पालिकामा ।		√	
कोही वालवालिका विद्यालय जानवाट छुटेका छन छैनन ?		√	
चेपाङ्गले अंग्रेजी पढ्न जान्दैनन सक्दैनन भनेर शिक्षकहरु स्वयं भनिरहन्छन यसले वालवालिकाहरुमा नकारात्मक असर पारेको सहभागिहरुको राय			

अनुसूची ६: लक्षित समूह छलफल वडा नं. ५ को प्रश्नावली तथा उत्तर

१. आमा समूहले हाल सम्म गरेका प्रमुख कामहरुको वारेमा वताईदिनोस आमाको जीवन सुरक्षा, खुलादिसामुक्त अभियान, प्लाष्टिकमुक्त गाउं तथा संस्थागत सुत्केरी			
झैझगडा मिलाउने, सीप विकास (सिलाई कटाईका कार्यक्रम गर्ने (३० जनालाई गरेको)			
	छ	छैन	
आमा समूह गाउंपालिका वा वडामा सूचीकृत भए नभएको		X	
आमा समूहले पालिका वा वडावाट तालिम, सचेतना अभिवृद्धि सम्वन्धि कार्यक्रम पाए नपाएको		X	
पालिका वा वडावाट आमा समूहले पाएको अन्य सहयोग		X	भवन निर्माण
वडा तथा वस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा तपाईहरु सहभागी हुनु भएको छ वा छैन ? को को सहभागि हुनु भएको छ ?	√		
पालिका तथा वडाले वस्तीस्तरको योजना तर्जुमा गर्दा वडाका सवै जातजाति, लिङ्ग, वर्गका मानिसहरुको सहभागिता हुन्छ कि हुन्न ?	√		

वस्तीस्तरको योजना तर्जुमा वैठकमा सहभागि भएको भए तपाईहरुको अनुभव वताउनोस	समयमा उपस्थित नहुने अनि सघन छलफल नहुने		
२. तपाईको समूहको महिला हिंसाको वारेमा अनुभव वताउनोस ?			
शारीरिक चोटपटक जस्तै आगो लगाउने, कपाल कुईयाउने, पिट्ने, हातहाला हाल गर्ने छ कि छैन ?	√		
संवेगात्मक तथा मानसिक हिंसा: विवाह गरेर ल्याएसी वास्तै नगर्ने, विना कारण छोड्दिने, तर्साउने, धम्काउने, सानो वच्चासंग आमालाई अलग्याउने, शारीरिक क्षमताले भ्याए भन्दा वढी काम लगाउने प्रचलन छ कि छैन ?		X	
महिलामाथि यसरी हुने हिंसा कम गर्न प्रयोगमा ल्याइने टोल फि नं. को वारेमा जानकारी छ कि छैन ? जस्तै ११४५		X	
अन्तराष्ट्रिय महिला दिवस मनाउने गर्नु भएको छ कि छैन ?	√		
महिला विरुद्ध हुने १६ दिने अभियान सञ्चालन गर्नु भएको छ कि छैन ? छैन भने किन ?	√		
छुवाछुत, जातिय विभेद, लैङ्गिक विभेद हटाउनका लागि समूहले केही पहल गरेको छ कि छैन ? छ भने के के गरेको छ ?	√		
छुवाछुत, जातिय विभेद, लैङ्गिक विभेद हटाउनका लागि पालिका तथा वडावाट तपाईको वडामा सचेतनामूलक कार्यक्रम भएका छन कि छैनन ?		X	
तपाईको वडामा महिला स्वास्थ्य सम्वन्धि शिविर सञ्चालन भएका छन कि छैनन ? यदि छ भने तपाईहरुले भाग लिनु भएको छ कि छैन ?	√		
महिला शशक्तिकरण सम्वन्धी रेडियो वा टि.भि.मा कार्यक्रम हेर्नु हुन्छ ?		X	
३. महिला हिंसा विरुद्धको शुन्य सहनशीलताको वारेमा वताउनोस			
शुन्य सहनशीलता छ वा छैन		X	
शुन्य सहनशीलता न अपनाउनाले के असर पर्छ तपाईहरुलाई जानकारी छ कि छैन ?		X	
४. गाउंपालिका वा वडामा सेवा लिन जांदा तपाईले गरेको अनुभव वताउनोस			
सेवा लिन जांदा वस्ने ठाउंको व्यवस्था, खानेपानीको व्यवस्था, सौचालय, प्रतिक्षालय कस्तो लाग्यो ?	√		
सेवा दिने कर्मचारीहरुको स्वभाव कस्तो लाग्यो ?	√		राम्रो
५. तपाईको वडामा महिलाहरु गर्भवती हुंदा गरिने स्याहार सुसारको वारेमा वताईदिनोस			
के गर्भवती महिलाहरुले गर्भ परीक्षण गराउंछन ?	√		
गर्भवती भएको बेला घरवाट उचित माया, स्याहार तथा पोषिलो खानेकुरा पाउंछन ?		X	
गर्भवती भएको बेला जोखिमयुक्त काम गराउने प्रचलन छ कि छैन ?	√		
वच्चालाई आमाको विगौती दुध ख्वाउने चलन छ कि छैन ?	√		
आमाले वच्चालाई आफूले चाहेको समयमा स्तनपान गराउन सक्ने नसक्ने अवस्था कस्तो छ ?		X	
६ महिनासम्म आमाको दुध वाहेक अन्य कुरा पनि ख्वाइन्छ कि के छ ?		X	
६. गाउंपालिकाले विभिन्न प्रकारका नीति जस्तै ऐन कानुन वनाउंदा तपाईहरुसंग परामर्श लिने गरेको छ कि छैन ?			
गाउंपालिकाले हालसम्म के के नीतिहरु वनायो यसको वारेमा तपाईहरुलाई थाहा छ कि छैन ?		X	
थाहा नभएको भए के कारणले थाहा नभएको ?		X	
७. उपभोक्ता समितिमा महिलाहरुको सहभागिताको वारेमा वताईदिनोस न			
तपाईको समूहवाट कसैले उपभोक्ता समितिमा प्रतिनिधित्व गर्नु हुन्छ कि हुन्न ?	√		
उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिला सहभागी हुन्छन कि हुन्नन ?	√		
उपभोक्ता समिति गठन गर्दा सवैलाई जानकारी हुन्छ कि हुन्न ?	√		
उपभोक्ता समिति गठन गर्नु पूर्व आम भेला हुन्छ कि हुन्न ?	√		
उपभोक्ता समितिमा मुख्य पद मध्ये एउटामा महिला छन कि छैनन तपाईको वडामा ? जस्तै अध्यक्ष, सचिव, कोषाध्यक्ष मध्ये १ जना ।	√		
उपभोक्ता समूहले अनुगमन समिति वनाए नवनाएको	√		
उपभोक्ता समितिले वैठकमा दलित, विपन्न, महिला आदि लाभान्वित वर्गलाई समेत सहभागी गराई छलफल गराए नगराएको	√		
उपभोक्ता समितिले अनुगमनका चेकलिष्ट वनाए नवनाएको ?		X	

उपभोक्ता समितिले अनुगमनको प्रतिवेदन वनाउने गरे नगरेको		X	
उपभोक्ता समितिले वनाएको अनुगमन प्रतिवेदन गाउंपालिकाको अनुगमन समितिसंग छलफल हुने गरे नगरेको ?		X	
उपभोक्ता समितिले योजनाको पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण गर्ने गरेको छ वा छैन ?	√		
गाउंपालिका वा वडा कार्यालयले आयोजना गरेको सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी हुने गरेको वा नगरेको ?	√		
गाउंपालिका वा वडा कार्यालयमा नागरिक वडापत्र भए नभएको जानकारी छ कि छैन ?		X	
गाउंपालिकाले उपभोक्ता समिति सम्वन्धि वनाएको ऐन नियमको वारेमा उपभोक्ता समितिलाई जानकारी छ कि छैन ?		X	
उपभोक्ता समितिलाई आफ्नो काम कर्तव्य र अधिकारको वारेमा गाउंपालिकाले अनुशिक्षण गरेको छ कि छैन ?		X	
८. वालक्लवले गरेका महत्वपूर्ण काम वताईदिनोस			
तपाईहरुलाई वालअधिकारको वारेमा के थाहा छ ?		X	
तपाईहरुको वडामा वालहिंसा छ कि छैन ? (पिट्ने, नाम विगारेर भन्ने जस्तै रामे, गाली गलौज गर्ने, आरोप लगाउने आदि)	√		
विद्यालयमा लठ्ठीले पिट्ने चलन छ कि छैन ?	√		
समुदायमा वा विद्यालयमा वाल यौनहिंसाका केसहरु घटेका छन कि छैनन ?		X	
वडाका सवै विद्यालयहरुमा वालक्लव छन कि छैनन ?	√		
वालवालिकाले सवै खोप पाएका छन कि छैनन ?	√		
तपाईहरुको वडामा वालविवाह हुने गरेको छ कि छैन ?		X	भागेर
सवै वालवालिकाले चर्पीमा दिसा गर्न जान्छिन कि जान्नन ?	√		
वालक्लवलाई वडा तथा पालिकाले क्षमता विकासका कार्यक्रममा सहभागि गराएका छन छैनन ?		X	
वालक्लवको विद्यालय व्यवस्थापन समितिको वैठकमा सहभागिता कस्तो छ ?	√		
वालक्लवले वहुविवाह रोक्न पहल गरेका छन कि छैनन ?	√		
वालक्लवले वाल अधिकारको सचेतना निर्माण गर्न सडक नाटक गरेका छन कि छैनन ?	√		
गर्भपतन गराउने चलन ाकस्तो छ ?	√		
वडामा टुहुरा वालवालिका, सडक वालवालिका, होटेलमा काम गर्ने वालवालिका छन कि छैनन ?		X	
वालभरिया छन कि छैनन ?		X	
विद्यालयभित्र छुवाछुत छ कि छैन वालवालिका वीच ?		X	
दलित वालवालिकाका लागि दिइने वालसंरक्षण रकम सवैले पाएका छन कि छैनन	√		
वाल हेल्प लाइन १०९८, वालवालिका हराएमा वा भेटिएमा १०४ को वारेमा थाहा छ कि छैन		X	
वालअधिकार महासन्धीको वारेमा तपाईहरुलाई थाहा छ ?		X	
यस वडामा अपाङ्ग वालवालिका छन कि छैनन ?	√		
हाम्रा विकास संरचना खानेपानी धारो, चर्पी, भवन अपाङ्गमैत्री छन कि छैनन ?		X	
वालक्लवले दाईजो प्रथा, बोक्सी प्रथा, छुवाछुत, घरेलु हिंसा, महिला हिंसा घटाउन भूमिका खेलेको छ ?	√		अलिअलि
सरसफाई अनि खुला दिसामुक्त अभियानमा वालवालिकाको भूमिका छ कि छैन ?	√		
गाउंपालिकाले वालवालिका सम्वन्धि के के ऐन नियम वनाएको छ सो सम्वन्धमा वालक्लवलाई जानकारी छ कि छैन ?		X	
वालक्लव सूचीकृत भएको छ कि छैन ? वडामा वा पालिकामा ।		X	
कोही वालवालिका विद्यालय जानवाट छुटेका छन छैनन ?		X	

अनुसूची ७ : प्रमुख सूचनादाता अन्तर्वार्ता:

७.१ उपाध्यक्ष

प्रमुख सूचनादाता (गाउंपालिकास्तरीय व्यक्तित्वसंग अन्तर्वार्ता)

विषय: कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

प्रश्न १: गाउंपालिकाले वनाएका ऐन, नियम, निर्देशिका कत्तिको लैङ्गिकमैत्री छन ?

गाउंपालिकाले नीति नियम वनाउंदा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको निर्देशिका अनुसार वनाएको तर कार्यान्वयन पक्ष कमजोर भएको । एकातर्फ कर्मचारीहरु आफैमा नयां संरचनामा कसरी काम गर्ने भने अन्यौल छ भने स्थानीय जनप्रतिनिधिहरुमा अन्यौलता कायमै रहेको छ ।

प्रश्न २: कानुन तथा नीति निमार्णको क्रममा लाभग्राही वर्ग विशेषत: महिला, सामाजिक रुपमा पछि परेका वर्गहरुको सल्लाह सुझाव लिने विषयलाई कसरी लिनु भएको छ ?

स्थानीय तहमा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिहरुलाई वास्तवमा कसरी नीति वनाउने भन्ने विषयमा पर्याप्त ज्ञान, सीपको अभाव भएको कारण पनि कानून निर्माण गर्दा सरोकारवालाहरुलाई सहभागि गराई उनीहरुको सरसल्लाह अनुसार नीति निर्माण नगरिएको ।

प्रश्न नं.३: स्वीकृत भएका कानुन तथा नीतिहरुको वारेमा सवै कर्मचारीलाई अभिमुखीकरण गर्ने विषयमा यहांको अवधारणा के छ ?

वास्तवमा नीति नियमको कार्यान्वयन गर्ने जिम्मा नै कर्मचारीको हो भने नीति नियम वनाउने काम जनप्रतिनिधिको हो । नीति नियम वनाई सकेपछि सो नीतिको वारेमा जनप्रतिनिधि, कर्मचारी तथा नागरिक समाजलाई जानकारी हुन पर्छ ।

प्रश्न नं. ४: स्वीकृत भएका ऐन नियम तथा नीतिहरु सवैको जानकारीका लागि वेभसाईटमा राख्ने विषयमा यहांको प्रतिवद्धता के छ ?

राख्ने गरिएको छ । यसमा नीति नियम वाहेक पालिकाले निर्माण गरेको सवै दस्तावेजहरु राख्ने गर्नु पर्छ ।

विषय: लैससास विश्लेषणमा आधारित योजना तर्जुमा

प्रश्न नं.१: गाउंपालिकाको के कस्तो लैससास नीति रहेको छ ? आगामी दिनमा गाउंपालिकाले लैससास नीतिलाई कसरी कार्यान्वयन गर्ने तयारी गर्दैछ ?

पालिकाका लागि यो नयां विषय नभए पनि कतिपय जनप्रतिनिधिहरुको लागि यो नयां विषय हो किनभने अहिले पनि हामीकहां विकास भनेको त्यही वाटो, विद्युत, खानेपानी भन्ने छ । समाजवाट पछि परेका, जोखिममा परेका महिला, दलित वर्गहरुको हित गर्न पर्छ, क्षमता विकास गर्नु पर्छ भन्ने विषयलाई विकास भन्ने मानसिकता नै नभएको कारण पनि लैससास नीति वन्न सकेको छैन । हामी अव तुरुन्त लैससास नीति वनाई लागु गर्ने दिसामा छौं ।

प्रश्न नं.२ गाउंपालिकाले वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिकदायी वजेटको अवधारणालाई कसरी आत्मसात गर्दै आएको छ ?

मैले माथि पनि भनें हामीले अव हाम्रो मानसिकतामा परिवर्तन गर्न जरुरी छ । विकासका कसका लागि सवै भन्दा वढी आवश्यक हो यसको हामीलाई हेक्का हुन जरुरी छ । जो आफैमा क्षमतावान छ उसका लागि किन चाहियो विकास अनि किन चाहियो हाम्रो सहजिकरण । तर अहिलेसम्म यहांले भने जस्तो लैङ्गिकदायी वजेटको अवधारणा शुरु गर्नै सकिएको छैन ।

प्रश्न नं.३: गाउंपालिकाले वन्चितिकरण तथा जोखिममा परेका व्यक्ति तथा समुदायका लागि विशेष कार्यक्रम तथा वजेट तर्जुमा गरी कार्यक्रम सञ्चालन गरेको अवस्था के छ ?

केही फाटफुट रुपमा गरेको भएता पनि विशेष कार्यक्रम तथा वजेट मार्फत कार्यक्रम सञ्चालन गरेको छैन ।

विषय: योजना कार्यान्वयन, अनुगमन, नियमन तथा मूल्याङ्कन

१. गाउंपालिका अन्तर्गत रहेको अनुगमन समितिलाई सक्रिय वनाउन यहांले खेलेको भूमिका के छ ? (सूचक वा चेकलिष्ट वनाउने, अनुगमन गएर आईसकेपछि सम्वन्धित पक्षसंग वैठक वस्ने, अनुगमनमा देखिएका त्रुटी तथा कमजोरीहरुलाई सुधार्ने आदि)

पालिकामा भएका विभिन्न योजनाहरुको प्राविधिक सहित अनुगमन गर्ने गरेको तर चेकलिष्ट वनाई अनुगमन गर्ने नगरिएको । साथै अनुगमन पश्चात अनुगमनको प्रतिवेदनका आधारमा सम्वन्धित सरोकारवालाहरुसंग छलफल तथा अन्तर्क्रिया गर्ने नगरेको ।

२. अनुगमन समितिको नियमित वैठक तथा अन्तर्क्रिया एवं छलफलको विषयमा यहां के भन्नु हुन्छ ?

अनुगमन समितिको अहिले सम्म वैठक नवसेको ।

३. अनुगमन समितिले कुनै कार्यक्रम सञ्चालन भए पश्चात त्यसको प्रभाव मूल्याङ्कनको अवस्था कस्तो छ ? यदि कमजोरीहरु छन भने त्यसलाई सुधार्नका लागि गरिएका प्रयासहरु के के छन ?

विषय: आन्तरिक संरचना

१. गाउंपालिकामा गठित न्यायिक समिति, वडातहका मेलमिलाप केन्द्रको कार्यसम्पादनको अवस्था कस्तो छ ? लैङ्गिक तथा सामाजिक रुपमा वहिष्करणमा परेका वर्गहरुले सो समितिवाट फाइदा पाउने अवस्था श्रृजना भएको छ कि छैन ?

न्यायिक समितिले राम्रो कार्य सम्पादन गरिरहेको भएता पनि वडास्तरमा मेलमिलाप केन्द्र स्थापना गर्न नसकिएको । मेलमिलाप कार्यकर्तालाई स्वयंसेवकको रुपमा काम गराउने कार्य व्यवहारिक नहुने हो कि भन्ने देखिएको । आजको जमानामा कसले स्वयंसेवकको रुपमा काम गर्ला र ? मेरो विचारमा उनीहरुका लागि तलव दिन जरुरी छ । न्याय दिए वापत जनतासंग उठाउने भन्ने कुरा पनि त्यति व्यवहारिक हुनन कि ?

२. लैङ्गिक तथा सामाजिक रुपमा वहिष्करणमा परेका समूहहरुको विकासका लागि छुट्टै कोषको व्यवस्था सम्वन्धमा कुन कुन सम्पन्न भएका छन ? जस्तै वालविकास कोष, अपाङ्गता कोष, छात्रवृत्ति कोष, दलित उत्थान विकास कोष आदि)

त्यस्तो कोषको स्थापना नभएको ।

३. गाउंपालिकाले पालिकास्तरमा भएका समुदायमा आधारित संघसंस्थाहरुको अभिलेख तथा उनीहरुको क्षमता विकासका लागि के कस्तो भूमिका खेल्दै आएको छ ?

गाउंपालिकाले सूचिकृत गर्ने कार्यको थालनी गरेको छ । यो कार्यलाई गति दिनका लागि सबै संघसंस्थालाई अभिमुखिकरण जरुरी छ ।

विषयः क्षमता विकास

१. गाउंपालिकाले आफूले सम्पादन गरेका कामहरुको सम्वन्धमा स्वःमूल्याङ्कन गर्ने विषयलाई कसरी लिनु भएको छ ? केही गाउंपालिकाहरुले आफ्नै सक्रियतामा संस्थागत स्वमूल्याङ्कनको पाटोलाई अघि वढाई क्षमता विकासको कार्ययोजना वनाएका छन । यसमा तपाईको भन्नु के छ ?

गाउंपालिकालाई हामीले संस्थागत विकास गर्ने गरी हिंडाउन जरुरी छ । हामीले भोलि आउने जनप्रतिनिधिहरुलाई हस्तान्तरण गर्ने गरी काम गर्नु पर्छ । नियम संगत तरिकाले हामीले कत्तिको काम गऱ्यौ भनें पो थिति वस्ला । त्यसैले मेरो विचारमा पालिकामा हामीले आफूले गरेका कामहरुको स्वमूल्याङ्कन गर्न जरुरी छ ।

२. गाउंपालिकाले स्वदेश तथा वैदेशिक रोजगारमा जाने व्यक्ति वा समूहको लागि के कस्तो नीति, रणनीति तथा क्षमता विकासको प्याकेज वनाई लागु गरेको छ ?

पालिकाभित्र हामीले वैदेशिक रोजगारमा रहेका युवा युवतीहरुको तथ्याङ्क संकलन गर्न सकेका छैनौं । वैदेशिक रोजगारीका लागि जान चाहनेहरुलाई वैदेशिक रोजगारमा जाने प्रकिया थाहा नहुंदा अलमल मात्र परेका छैनन उनीहरु ठगिएका छन । त्यसैले गाउंपालिकाले उनीहरुको क्षमता विकासको क्षेत्रमा लगानी गर्न जरुरी छ । तर हामीले गर्न सकेका छैनौं ।

३. गाउंपालिकाले पदाधिकारी तथा कर्मचारीहरुका लागि लैससास सम्वन्धी विषयमा तालिम चलाउने विषयमा के कस्तो सोच अघि सारेको छ ?

गरेको छैन तर गर्ने सोचमा रहेको छ । लैससास सम्वन्धि कार्यविधि हामीले अव आउने कार्यपालिकाको वैठकवाट पारित गरी यस सम्वन्धि कार्यकमहरु तय गरी वजेट विनियोजन गर्ने पहल गर्छौं ।

४. गाउंपालिकाले महिलाहरुको रणनैतिक आवश्यकता पुरा गर्नका लागि के कस्ता क्षमता विकासका क्षेत्रहरुको पहिचान गरी लागु गरेको छ ? (जस्तै लोकसेवा आयोग तयारी कक्षा, ग्रामीण महिला प्राविधिक तयार गर्नका लागि लगानीको वातावरण आदि)

तपाईले साहै महत्वपूर्ण कुरा गर्नु भयो । हामीले वास्तवमा यस्ता विषयहरु पहिचान गरी लगानी गर्नै पर्छ । म आगामी कार्यपालिकाको वैठकमा यो कुरा राख्छु अनि वडाअध्यक्षहरुसंग पनि यो कुरा गर्छु ।

विषयः नेपाल सरकार लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति तथा प्रतिवद्धता

१. स्थानीय सरकारका पदाधिकारीहरु, कर्मचारीहरुलाई वेईजिङ्ग घोषणा पत्रका बाह्वटा प्रतिवद्धता, दीगो विकासका सत्रवटा लक्ष्यहरु, वालअधिकार तथा जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी आदिका विषयमा प्रशिक्षित गरिनु कत्तिको आवश्यक छ ?

यो निकै महत्वपूर्ण विषय हो तर हामीहरु यो विषयमा खासै जानकार नहुनु यो हाम्रो कमजोरी हो । विकास योजना तर्जुमा गर्दा यो विषयमा हामी जानकार हुनै पर्छ । नेपाल सरकारले गरेका सन्धी सम्झौतालाई स्थानीयकरण गर्नु नै हामी जनप्रतिनिधिहरुको भूमिका हो ।

२. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी (सिडा), संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदवाट पारित प्रस्ताव नं.१३२५ र १८२० को कार्यान्वयनका लागि गाउंपालिकाले रकम विनियोजन गरेको छ कि छैन ? छैन भने किन ?

यस सम्वन्धमा पनि हामी जानकार छैनौं । हामीलाई यो जानकारी आवश्यक छ ।

३. वेनिघाट रोराङ गाउंपालिकाको लैङ्गिता सम्वन्धी प्रमुख मुद्दा र समस्याहरु के के हुन ?

महिलाहरुमा जनचेतना छैन । कतिपय महिलाहरु अहिले पनि निरक्षर छन । घरेलु हिंसाले पीडित छन । शारीरिक, मानसिक तथा संवेगात्मक हिंसाको शिकार भएका छन । श्रीमान कुटिरहन्छ उनी सहन गरिरहन्छिन । पहिला पिट्यो भनेर केस गर्छन अनि छोडी दिनु भन्छन । वहुविवाहमा स्वयं महिलाहरुको पनि हात छ ।

विषयः कार्यसंस्कृति

१.सेवा सुविधामा पहुंच नभएका व्यक्ति वा समूहहरुका लागि सेवा पुऱ्याउन पालिकाले खेलेको भूमिकाको वारेमा वताईदिनु हुन्छ कि ? (घुम्ती शिविर)

यो साहै महत्वपूर्ण कुरा हो । गाउंपालिका सबैको केन्द्र विन्दुमा छैन । त्यसैले गाउंपालिकाले आफ्नो सेवा सुविधा सबैको माझमा पुऱ्याउन शिविर गर्नु पर्छ । तर शिविर गर्ने विषयमा पहल हुन सकेको छैन ।

२. वालवालिका, महिला, ज्येष्ठ नागरिक, अपाङ्ग मैत्री भौतिक संरचना तथा सेवा प्रवाहमा उनीहरुको सहभागिता अभिवृद्धि गर्न के गर्न पर्ला ?

हामीले वृद्धहरुलाई कार्ड, अपाङ्गहरुलाई हुईल चियर, वृद्धहरुका लागि कम्मल वांड्ने प्रयास गरेका छौं । यसका लागि हामीहरुले अव वनाउने भौतिक संरचना अपाङ्गमैत्री, वालमैत्री तथा महिलामैत्री हुन जरुरी छ ।

३. गाउंपालिकाले वालविवाह, वहुविवाह, दाइजो प्रथा, बोक्सी, छुवाछुत तथा घरेलु हिंसा, महिला हिंसा उन्मुलनका लागि के कस्ता चेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरेको छ ? नगरेको भए के कारणले गर्न नसकेको हो वताईदिनुहुन्छ कि ?

गाउंपालिकाले स्वयं आफूले नगरेको भए पनि उन्मुलन गर्ने प्रयास गरेको छ । वोक्सी प्रथालाई उन्मुलन गर्नु पर्छ भन्ने सोच अघि वढाएको छ ।

सुशासनः

१. गाउंपालिकाले आयोजनाहरुमा सामाजिक जवाफदेहिता मापन गर्न के कस्ता उपायहरु अवलम्वन गर्दै आएको छ ?

सार्वजनिक सुनुवाई वडाहरुमा गर्ने गरेको साथै होडिङ्ग वोर्ड राख्ने गरिएको ।

२. गाउंपालिकाले वेभसाईट मा आफ्ना नीति, रणनीति, वार्षिक कार्यक्रम, आयव्यय विवरण, सामाजिक सुरक्षा सम्वन्धी अद्यावधिक जानकारी राख्ने सम्वन्धमा के कस्ता प्रयासहरु गरेको छ ?

सवै नराखे पनि प्रमुख नीति तथा कार्यक्रमहरु राखिएको छ ।

३. गाउंपालिकाले सुशासन प्रत्याभूति गर्नका लागि के कस्ता उपायहरु अवलम्वन गरेको छ ?

सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, होडिङ्ग वोर्ड आदि मार्फत सुशासन प्रत्याभूति गर्ने प्रयास गरिएको भएता पनि यो पूर्ण प्रयास भने होइन ।

४. गाउंपालिकाभित्रका नीति, कार्यक्रम, वजेट तर्जुमा, योजना कार्यान्वयन तथा व्यवहारमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषयलाई आन्तरिकिकरण गर्न के के गर्नु पर्ला ?

चेपाङ्ग तथा दलितहरुका लागि पनि हामीले शुरुवात गरेका छौं तर हाम्रो सवै भन्दा ठूलो समस्या कार्यान्वयनमा छ । कर्मचारीहरु सक्रिय भएर कार्यान्वयनमा लाग्नु पर्छ । के गर्दा राम्रो हुन्छ भन्ने कुरा त्यहांका समुदायहरुसंग छलफल गर्नु पर्छ । यसका लागि नीति वनाएर जानु राम्रो हुन्छ ।

७.२ प्रमुख प्रशासकीय अधिकृत

प्रमुख सूचनादाता (गाउंपालिकास्तरीय व्यक्तित्वसंग अन्तर्वार्ता)

विषयः कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

प्रश्न १: गाउंपालिकाले वनाएका ऐन, नियम, निर्देशिका कत्तिको लैङ्गिकमैत्री छन ?

गाउंपालिकाले वनाउने ऐन नियमहरु नेपालका कानूनी ढांचा जस्तै नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमूना ऐन कानूनहरुको अधिनमा रही वनाउने भएकाले बनेका ऐनहरुलाई लैङ्गिकमैत्री छन भनी मान्नु पर्छ । वरु स्थानीय सरकारले वनाएका ऐनहरुले स्थानीय आवश्यकतालाई सम्वोधन गर्छन कि गर्दैनन भन्ने कुरामा भने हामीहरु सचेत हुन जरुरी छ ।

प्रश्न २: कानुन तथा नीति निमार्णको क्रममा लाभग्राही वर्ग विशेषतः महिला, सामाजिक रुपमा पछि परेका वर्गहरुको सल्लाह सुझाव लिने विषयलाई कसरी लिनु भएको छ ?

कानून कानून विशेषज्ञहरुले वनाउने हो । कानून वनाउंदा आरक्षण राख्ने व्यवस्थालाई प्रवर्द्धन गर्नु ठीक होइन ।

प्रश्न नं.३: स्वीकृत भएका कानुन तथा नीतिहरुको वारेमा सवै कर्मचारीलाई अभिमुखीकरण गर्ने विषयमा यहांको अवधारणा के छ ?

कर्मचारीहरु स्वयंले आफ्नो कार्यालयले के कस्तो नियम कानुन वनाएको छ र वनाएका कानूनहरु संघ र प्रदेशको ऐन कानूनसंग मेल खान्छ कि खान्न भनेर अध्ययन गर्नु पर्छ ।

प्रश्न नं. ४: स्वीकृत भएका ऐन नियम तथा नीतिहरु सवैको जानकारीका लागि वेभसाईटमा राख्ने विषयमा यहांको प्रतिवद्धता के छ ?

आर्थिक वर्ष २०७४ तथा २०७५ मा स्वीकृत भएका सवै नियम तथा नीतिहरु वेभसाइटमा अपडेट गरी राखिएको छ । धेरै भन्दा धेरै मानिसहरुको पहुंच पालिकाको नीतिहरुमा होस भनेर यस्तो गरिएको हो ।

विषयः लैससास विश्लेषणमा आधारित योजना तर्जुमा

प्रश्न नं.१: गाउंपालिकाको के कस्तो लैससास नीति रहेको छ ? आगामी दिनमा गाउंपालिकाले लैससास नीतिलाई कसरी कार्यान्वयन गर्ने तयारी गर्दैछ ?

गाउंपालिकाले लैससास नीति वनाएको छैन । तर केन्द्रिय नीतिलाई मुखरित गर्ने गरी लैससासको क्षेत्रमा धेरै थोरै लगानी गर्दै आएको छ ।

प्रश्न नं.२ गाउंपालिकाले वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिकदायी वजेटको अवधारणालाई कसरी आत्मसात गर्दै आएको छ ?

गाउंपालिकाले लैङ्गिकदायी वजेटको अवधारणालाई आत्मसात गर्न सकेको छैन । गाउंपालिकाका विकास गतिविधिहरु मागमा आधारित हुने भएको र अधिकांश माग भौतिक पूर्वाधार विशेषत सडकमा आउने भएकोले लैङ्गिकदायी वजेटको अवधारणालाई आत्मसात गर्न नसकेको हो । तर आगामी दिनमा यस्ता विषयहरुमा पनि वजेट विनियोजन गरी कार्यक्रम तर्जुमा गर्ने सोच वनाएको छ ।

प्रश्न नं.३: गाउंपालिकाले वन्चितिकरण तथा जोखिममा परेका व्यक्ति तथा समुदायका लागि विशेष कार्यक्रम तथा वजेट तर्जुमा गरी कार्यक्रम सञ्चालन गरेको अवस्था के छ ?

विशेष कोषको व्यवस्था नगरे पनि त्यो क्षेत्रमा अप्रत्यक्ष लगानी नभएको होइन तर त्यसलाई यो क्षेत्रमा काम गर्नेहरुले नमान्ने थिति छ । हामीले आमा समूहको भवन निर्माण गर्न, सुकुम्वासीहरुको समस्या समाधान गर्ने क्षेत्रमा काम गरेका छौं । महिलाहरुको लागि सुरक्षित आमा कोष, एम्वुलेन्स सेवा आदिको व्यवस्था पनि गरिएको छ । त्यस्तै चेपाङ्ग समुदायका लागि शिक्षा, स्वास्थ्यको माध्यमवाट क्षमता विकास, स्वास्थ्य तथा शिक्षा सुधारमा लगानी भएको छ ।

विषयः योजना कार्यान्वयन, अनुगमन, नियमन तथा मूल्याङ्कन

१. गाउंपालिका अन्तर्गत रहेको अनुगमन समितिलाई सक्रिय वनाउन यहांले खेलेको भूमिका के छ ? (सूचक वा चेकलिष्ट वनाउने, अनुगमन गएर आईसकेपछि सम्वन्धित पक्षसंग वैठक वस्ने, अनुगमनमा देखिएका त्रुटी तथा कमजोरीहरुलाई सुधार्ने आदि)

सूचक वा चेकलिष्ट वनाएर अनुगमन गर्ने काममा वढी समय लाग्ने भएकोले सम्वन्धित स्थलमै गएर अनुगमन गर्ने गरिएको छ । हरेक अनुगमनमा लेखा, उपाध्यक्ष, अनि मेरो उपस्थिति हुने गरेको छ । अनुगमनमा देखेका कुरा सम्वन्धित सरोकारवालालाई जानकारी गराई गुणस्तरमा सुधार गर्ने कार्य भईरहेको छ ।

२. अनुगमन समितिको नियमित वैठक तथा अन्तर्किया एवं छलफलको विषयमा यहां के भन्नु हुन्छ ?

अहिले गाउंपालिकामा थोरै मान्छेवाट धेरै काम लिनु पर्ने स्थिति छ । योजना हेरेर आपसी सहमतिमा सम्वन्धित फांटका कर्मचारी तथा पदाधिकारी गई अनुगमन गरी आउने व्यवस्था गरिएको छ । अनुगमनले हाम्रो उद्देश्य पुरा हुन पर्छ प्रकिया कस्तो अपनाउने त्यो हाम्रो छनौटको विषय हो ।

३. अनुगमन समितिले कुनै कार्यक्रम सञ्चालन भए पश्चात त्यसको प्रभाव मूल्याङ्कनको अवस्था कस्तो छ ? यदि कमजोरीहरु छन भने त्यसलाई सुधार्नका लागि गरिएका प्रयासहरु के के छन ?

प्रभाव अनुगमनको काम हुने गरेको छैन ।

विषयः आन्तरिक संरचना

१. गाउंपालिकामा गठित न्यायिक समिति, वडातहका मेलमिलाप केन्द्रको कार्यसम्पादनको अवस्था कस्तो छ ? लैङ्गिक तथा सामाजिक रुपमा वहिष्करणमा परेका वर्गहरुले सो समितिवाट फाइदा पाउने अवस्था श्रृजना भएको छ कि छैन ?

न्यायिक समितिको कार्यसम्पादनलाई राम्रो भन्नु पर्छ । समितिले थुप्रै वादविवादहरुको मध्यस्थता गरेको छ । हामीकहां मेलमिलाप केन्द्रको स्थापना गर्न सकिएको छैन । तर मेलमिलाप केन्द्र स्थापना गर्ने लक्ष्य छ । वडा तहमा मेलमिलाप केन्द्र स्थापना गर्न सक्ने हो भने वहिष्करणमा परेका वर्गहरुले फाइदा पाउने स्थिति श्रृजना हुन्छ ।

२. लैङ्गिक तथा सामाजिक रुपमा वहिष्करणमा परेका समूहहरुको विकासका लागि छुट्टै कोषको व्यवस्था सम्वन्धमा कुन कुन सम्पन्न भएका छन ? जस्तै वालविकास कोष, अपाङ्गता कोष, छात्रवृत्ति कोष, दलित उत्थान विकास कोष आदि)

यसरी छुट्टै कोषको व्यवस्था नभएको भएता पनि कार्यक्रम सञ्चालन भई रहेको छ । अपाङ्ग सम्वन्धि कोषको व्यवस्था गरिएको छ ।

३. गाउंपालिकाले पालिकास्तरमा भएका समुदायमा आधारित संघसंस्थाहरुको अभिलेख तथा उनीहरुको क्षमता विकासका लागि के कस्तो भूमिका खेल्दै आएको छ ?

स्थानीय संघ संस्थाहरुको सूचीकृत गर्ने र उनीहरुले सम्पादन गरेका कामहरुको वारेमा जानकारी राख्ने अनि उचित निर्देशन दिने काम हुदै आएको छ ।

विषयः क्षमता विकास

१. गाउंपालिकाले आफूले सम्पादन गरेका कामहरुको सम्वन्धमा स्वःमूल्याङ्कन गर्ने विषयलाई कसरी लिनु भएको छ ? केही गाउंपालिकाहरुले आफ्नै सक्रियतामा संस्थागत स्वमूल्याङ्कनको पाटोलाई अघि वढाई क्षमता विकासको कार्ययोजना वनाएका छन । यसमा तपाईको भन्नु के छ ?

गाउंपालिकाले गरेका कामहरुको आफैले स्वःमूल्याङ्कन गर्नु राम्रो हो । हामी कहां पुग्ने लक्ष्य थियो, हामी कहां पुग्यौं ? हाम्रा सफलता र असफलता के के रहे । सफलताका कारण तथा असफलताका कारणहरु के के थिए यी सवै विषयमा हामी जानकार हुन जरुरी छ । तर स्वःमूल्याङ्कनका लागि स्वःमूल्याङ्कन हुनु हुदैन । गाउंपालिकाले कार्यपालिकाको वैठकवाट समीक्षा गर्ने गरेको । हामीले गर्ने समीक्षा होलसोलमा हुन्छ । सेक्टर अनुसार सूचक अनुसार समीक्षा हुदैन ।

२. गाउंपालिकाले स्वदेश तथा वैदेशिक रोजगारमा जाने व्यक्ति वा समूहको लागि के कस्तो नीति, रणनीति तथा क्षमता विकासको प्याकेज वनाई लागु गरेको छ ?

यो विषयमा काम गर्न सकिएको छैन तर काम गर्ने सोच रहेको छ ।

३. गाउंपालिकाले पदाधिकारी तथा कर्मचारीहरुका लागि लैससास सम्वन्धी विषयमा तालिम चलाउने विषयमा के कस्तो सोच अघि सारेको छ ?

नगरेको ।

४. गाउंपालिकाले महिलाहरुको रणनैतिक आवश्यकता पुरा गर्नका लागि के कस्ता क्षमता विकासका क्षेत्रहरुको पहिचान गरी लागु गरेको छ ? (जस्तै लोकसेवा आयोग तयारी कक्षा, ग्रामीण महिला प्राविधिक तयार गर्नका लागि लगानीको वातावरण आदि)

कृषि व्यवसाय सञ्चालनका लागि अनुदानको रुपमा श्रोत गएको तर लोक सेवा आयोग तयारी कक्षाका लागि, महिला प्राविधिक तयार पार्नका लागि श्रोत नगएको ।

विषयः नेपाल सरकार लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति तथा प्रतिवद्धता

१. स्थानीय सरकारका पदाधिकारीहरु, कर्मचारीहरुलाई वेईजिङ्ग घोषणा पत्रका वाह्वटा प्रतिवद्धता, दीगो विकासका सत्रवटा लक्ष्यहरु, वालअधिकार तथा जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी आदिका विषयमा प्रशिक्षित गरिनु कत्तिको आवश्यक छ ?

विस्तृतमा जानकारी नभए पनि अलिअलि जानकारी छ । यी विषयको सार संविधानमा पनि समेटिएर आएको छ । विस्तृत जानकारी भएको राम्रो ।

२. महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी (सिडा), संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदवाट पारित प्रस्ताव नं.१३२५ र १८२० को कार्यान्वयनका लागि गाउंपालिकाले रकम विनियोजन गरेको छ कि छैन ? छैन भने किन ?

गरेको छैन । यस सम्वन्धमा श्रोत विनियोजन गाउंपालिका आफैले नगरेको भएता पनि विकास साझेदारहरुवाट आयोजित कार्यक्रमहरुमा गाउंपालिकावाट अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा अन्य पदाधिकारीहरु सहभागि भएको अवस्था छ । तर सोही विषयलाई मध्यनजर गरी श्रोत विनियोजन भने गरिएको छैन ।

३. वेनिघाट रोराङ गाउंपालिकाको लैङ्गिता सम्वन्धी प्रमुख मुद्दा र समस्याहरु के के हुन ?

महिलाहरुको शशक्त छैनन । उनीहरुमाथि अहिले पनि विभेद छ । शारीरिक, मानसिक हिंसाले उनीहरु पीडित छन । पुरुषवाट हुने अत्याधिक रक्सी सेवनले पनि उनीहरु पीडित छन । महिला शिक्षामा जोड दिन सकियो र कृषिलाई व्यवसायिकरण गर्न सकियो भने यो समस्याको धेरै हदसम्म निराकरण गर्न सकिन्छ । छोरीलाई शिक्षा नदिने अभिभावकलाई दण्ड दिने परिपाटी ल्याउन सके राम्रो हुन्थ्यो । त्यस्तै सर्वसुलभ स्वास्थ्यमा जोड दिनुको विकल्प छैन ।

विषयः कार्यसंस्कृति

१.सेवा सुविधामा पहुंच नभएका व्यक्ति वा समूहहरुका लागि सेवा पुऱ्याउन पालिकाले खेलेको भूमिकाको वारेमा वताईदिनु हुन्छ कि ? (घुम्ती शिविर)

योजना सम्वन्धि काम वाहेक सवै काम वडावाटै हुने व्यवस्था गरिएको छ जस्तै उपभोक्ता समिति गठन, सम्झौता । हामीले जन्मदर्तालाई अन लाईन गर्ने प्रयास गरेका छौं शायद केही महिनाभित्र भई सक्छ ।

२. वालवालिका, महिला, ज्येष्ठ नागरिक, अपाङ्ग मैत्री भौतिक संरचना तथा सेवा प्रवाहमा उनीहरुको सहभागिता अभिवृद्धि गर्न के गर्न पर्ला ?

पहिला वनेका संरचनाहरु वालवालिका, महिला, ज्येष्ठ नागरिक, अपाङ्ग मैत्री नभए पनि अव वन्ने संरचनाहरुलाई मैत्री वनाउने कोशिश गरेका छौं ।

३. गाउंपालिकाले वालविवाह, वहुविवाह, दाइजो प्रथा, बोक्सी, छुवाछुत तथा घरेलु हिंसा, महिला हिंसा उन्मुलनका लागि के कस्ता चेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरेको छ ? नगरेको भए के कारणले गर्न नसकेको हो वताईदिनुहुन्छ कि ?

यो विषयमा हामीले विभिन्न संस्थाहरु मार्फत सडक नाटक, तालिम कार्यक्रमहरु सञ्चालन गरेका छौं । एफ.एम.रेडियो कार्यक्रम मार्फत पनि कार्यक्रम सञ्चालन गरिएको छ ।

सुशासनः

१. गाउंपालिकाले आयोजनाहरुमा सामाजिक जवाफदेहिता मापन गर्न के कस्ता उपायहरु अवलम्वन गर्दै आएको छ ?

गाउंपालिकाले आफ्नो सारा सूचना वेभसाइटमा राखेको छ । वजेट सिलिङ्गदेखि कार्यक्रमका नीतिहरु । सार्वजनिक सुनुवाई तथा सार्वजनिक अडिट हुने गरेको छ ।

२. गाउंपालिकाले वेभसाईट मा आफ्ना नीति, रणनीति, वार्षिक कार्यक्रम, आयव्यय विवरण, सामाजिक सुरक्षा सम्वन्धी अद्यावधिक जानकारी राख्ने सम्वन्धमा के कस्ता प्रयासहरु गरेको छ ?

हामीले हाम्रा सारा नीति, कार्यक्रम, सामाजिक सुरक्षा भत्ता सम्वन्धि सूचनाहरु राख्ने गरेका छौं ।

३. गाउंपालिकाले सुशासन प्रत्याभूति गर्नका लागि के कस्ता उपायहरु अवलम्वन गरेको छ ?

गाउंसभा, गुनासो पेटिका, सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण ।

४. गाउंपालिकाभित्रका नीति, कार्यक्रम, वजेट तर्जुमा, योजना कार्यान्वयन तथा व्यवहारमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषयलाई आन्तरिकिकरण गर्न के के गर्नु पर्ला ?

सवै भन्दा पहिला मानिसहरुको सहभागिता अभिवृद्धि गर्न जरुरी छ । मानिसहरु बोलाएको समयमा आउदैनन । समुदायको चाहना खस्कदै गएको अवस्था एकातिर छ भने अर्कोतिर उनीहरुको सहभागिताको कमीले गर्दा आयोजनाहरु प्रभावित भएका छन ।

७.३ योजना शाखा प्रमुख

प्रमुख सूचनादाता (गाउंपालिकास्तरीय व्यक्तित्वसंग अन्तर्वार्ता)

विषयः कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

प्रश्न १: गाउंपालिकाले वनाएका ऐन, नियम, निर्देशिका कत्तिको लैङ्गिकमैत्री छन ?

गाउंपालिकाले वनाएको ऐन, नियम र निर्देशिकाहरु संघीय सरकारले वनाएका ऐन नियमको फ्रेमभित्र वनाइएको भएर धरै हदसम्म लैङ्गिकमैत्री छन । यसलाई स्थानीय आवश्यकता र चाहना अनुरुप निर्माण गर्न नसक्नु अनि भएका ऐन नियमहरुलाई पूर्णतः लागु गर्न नसकिएको यथार्थ हो ।

प्रश्न २: कानुन तथा नीति निमार्णको क्रममा लाभग्राही वर्ग विशेषतः महिला, सामाजिक रुपमा पछि परेका वर्गहरुको सल्लाह सुझाव लिने विषयलाई कसरी लिनु भएको छ ?

सुझाव सल्लाह लिन सके धेरै राम्रो हो । नीति, नियमप्रति उनीहरुको अपनत्व वोधको लागि यो सर्वत्र स्वीकार्य हो । वेनिघाट गाउंपालिकाको हकमा लिन सकिएन । अवका आगामी दिनमा हामीले वनेका ऐन नियम जनताको वीचमा लान सक्नु पर्छ ।

प्रश्न नं.३: स्वीकृत भएका कानुन तथा नीतिहरुको वारेमा सवै कर्मचारीलाई अभिमुखीकरण गर्ने विषयमा यहांको अवधारणा के छ ?

यो वास्तवमा अति जरुरी छ । हाम्रो नेतृत्वले यस्ता गहन विषयहरुमा ध्यान दिन सकेकै छैन । कर्मचारीहरुको मनोवल उच्च वनाउनका लागि अनि उनीहरु वीचको एकतालाई अझ सुदृढ वनाउनका लागि पनि यो जरुरी छ । नीति नियमप्रतिको साझा वुझाईका लागि यो आवश्यक कुरा हो ।

प्रश्न नं. ४: स्वीकृत भएका ऐन नियम तथा नीतिहरु सवैको जानकारीका लागि वेभसाईटमा राख्ने विषयमा यहांको प्रतिवद्धता के छ ?

हामीले स्वीकृत भई राजपत्रमा प्रकाशित भईसकेका ऐन नियमहरु वेभसाइटमा राखी सकेका छौं । तर यो वेभसाइट पनि कति जनताको पहुंचमा छ भन्ने कुरा पनि उत्तिकै महत्वपूर्ण विषय हो ।

विषयः लैससास विश्लेषणमा आधारित योजना तर्जुमा

प्रश्न नं.१: गाउंपालिकाको के कस्तो लैससास नीति रहेको छ ? आगामी दिनमा गाउंपालिकाले लैससास नीतिलाई कसरी कार्यान्वयन गर्ने तयारी गर्दैछ ?

गाउंपालिकाले अरु धेरै नीति वनाएको तर लैससास नीति नवनाएको कुरा यथार्थ हो । यही विषयलाई आत्मसात गरी हामीले पूर्णिमाको सहयोगमा लैससास कार्यविधि तयार पारेका छौं । यसलाई कार्यपालिकाको वैठकवाट पारित गर्न वांकी छ ।

प्रश्न नं.२ गाउंपालिकाले वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिकदायी वजेटको अवधारणालाई कसरी आत्मसात गर्दै आएको छ ?

गाउंपालिकाले लक्षित समूहका लागि वजेट विनियोजन गरी सम्वन्धित शाखालाई जिम्मा लगाउने गरेको कुरा यथार्थ हो । लक्षित समूहका लागि विनियोजित रकम भौतिक पूर्वाधारका लागि खर्च हुनु अर्को विडम्वनापूर्ण विषय हो । लक्षित समूहका लागि विनियोजित रकम महिला समूह आमा समूहको भौतिक पूर्वाधारका लागि खर्च हुने गरेको कारणले क्षमता विकासको पाटो ओझेलमा परेको छ ।

प्रश्न नं.३: गाउंपालिकाले वन्चितिकरण तथा जोखिममा परेका व्यक्ति तथा समुदायका लागि विशेष कार्यक्रम तथा वजेट तर्जुमा गरी कार्यक्रम सञ्चालन गरेको अवस्था के छ ?

ठ्याक्कै त्यस्तो नभएको भएता पनि ज्येष्ठ नागरिक, महिला, दलित, अपाङ्गता भएका व्यक्ति, आदिवासी, जनजातिका लागि कार्यक्रम तर्जुमा भई वजेट वनी कार्यान्वयन भएको छ ।

विषयः योजना कार्यान्वयन, अनुगमन, नियमन तथा मूल्याङ्कन

१. गाउंपालिका अन्तर्गत रहेको अनुगमन समितिलाई सक्रिय वनाउन यहांले खेलेको भूमिका के छ ? (सूचक वा चेकलिष्ट वनाउने, अनुगमन गएर आईसकेपछि सम्वन्धित पक्षसंग वैठक वस्ने, अनुगमनमा देखिएका त्रुटी तथा कमजोरीहरुलाई सुधार्ने आदि)

गाउंपालिकामा अनुगमन समिति गठन भएको अनि अनुगमन समितिको सिफारिस नभई भुक्तानी भने दिने नगरिएको । अनुगमन समितिको वैठक नियमित वस्ने, अनुगमन गरिएका विषयहरुमा छलफल गर्ने, अनुगमनको प्रतिवेदन सार्वजनिक गर्ने नगरिएको यथार्थ हो । अहिलेका यो तस्विरलाई हामीले वदल्न सक्नु पर्छ ।

२. अनुगमन समितिको नियमित वैठक तथा अन्तर्किया एवं छलफलको विषयमा यहां के भन्नु हुन्छ ?

यो हुन पर्ने विषय भने हो । यसले कर्मचारी र पदाधिकारी वीच एक प्रकारको विश्वासको भावना श्रृजना मात्र गर्ने थिएन, यसले राम्रो कामका लागि उत्साहित गर्ने वातावरण श्रृजना गर्दथ्यो । पारदर्शिता प्रजातन्त्रको प्राण पनि हो ।

३. अनुगमन समितिले कुनै कार्यक्रम सञ्चालन भए पश्चात त्यसको प्रभाव मूल्याङ्कनको अवस्था कस्तो छ ? यदि कमजोरीहरु छन भने त्यसलाई सुधार्नका लागि गरिएका प्रयासहरु के के छन ?

प्रभाव मूल्याङ्कन गर्ने परिपाटीको विकास भएको छैन । कार्यक्रमहरुको लगानी, प्रक्रिया अनुगमन गरिन्छ ।

विषयः आन्तरिक संरचना

१. गाउंपालिकामा गठित न्यायिक समिति, वडातहका मेलमिलाप केन्द्रको कार्यसम्पादनको अवस्था कस्तो छ ? लैङ्गिक तथा सामाजिक रुपमा वहिष्करणमा परेका वर्गहरुले सो समितिवाट फाइदा पाउने अवस्था श्रृजना भएको छ कि छैन ?

न्यायिक समिति सक्रिय छ तर मेलमिलाप केन्द्रको गठन हुन सकेको छैन । मेलमिलाप केन्द्र गठन गरेर यसको क्षमता विकासका लागि काम गर्न सकियो भने लैङ्गिक तथा सामाजिक रुपमा वहिष्करणमा परेका वर्गहरुले वढी फाइदा पाउने अवस्था श्रृजना गर्न सकिन्छ ।

२. लैङ्गिक तथा सामाजिक रुपमा वहिष्करणमा परेका समूहहरुको विकासका लागि छुट्टै कोषको व्यवस्था सम्वन्धमा कुन कुन सम्पन्न भएका छन ? जस्तै वालविकास कोष, अपाङ्गता कोष, छात्रवृत्ति कोष, दलित उत्थान विकास कोष आदि)

यस्तो कोषको व्यवस्था नभएको भएता पनि यी वर्गहरुको लागि लगानी गरिएको छ ।

३. गाउंपालिकाले पालिकास्तरमा भएका समुदायमा आधारित संघसंस्थाहरुको अभिलेख तथा उनीहरुको क्षमता विकासका लागि के कस्तो भूमिका खेल्दै आएको छ ?

स्थानीयस्तरमा कार्यरत संघसंस्थाहरुको सूची निर्माण गर्ने काम भइरहेको छ । तर उनीहरुको क्षमता विकासका लागि कार्यक्रमहरु तय गर्ने काम भने खासै गर्न सकिएको छैन । हामीले उनीहरुलाई पनि स्थानीय सरकारको एउटा महत्वपूर्ण अंगको रुपमा स्वीकार्न सक्नु पर्छ ।

विषयः क्षमता विकास

१. गाउंपालिकाले आफूले सम्पादन गरेका कामहरुको सम्वन्धमा स्वःमूल्याङ्कन गर्ने विषयलाई कसरी लिनु भएको छ ? केही गाउंपालिकाहरुले आफ्नै सक्रियतामा संस्थागत स्वमूल्याङ्कनको पाटोलाई अघि वढाई क्षमता विकासको कार्ययोजना वनाएका छन । यसमा तपाईको भन्नु के छ ?

यो असाध्यै महत्वपूर्ण विषय हो । पालिकाले सम्पादन गरेका कामहरु कत्तिको नीति संगत तरिकाले सम्पादन गरिएका छन भन्ने कुराको लेखाजोखा जरुरी छ । अर्को कुरा गाउंपालिकाले विकासको सपना देख्न सक्नु पर्छ । हामी ५ वर्षमा कहां पुग्नु पर्ने हो, कहां पुगियो, कहां हामीले राम्रो गर्न सक्यौं कहां गर्न सकेनों यो वास्तवमा छलफल, अन्तर्कियावाट मात्र थाहा हुन्छ ।

२. गाउंपालिकाले स्वदेश तथा वैदेशिक रोजगारमा जाने व्यक्ति वा समूहको लागि के कस्तो नीति, रणनीति तथा क्षमता विकासको प्याकेज वनाई लागु गरेको छ ?

गाउंपालिकामा उनीहरुको रेकर्ड छ । वैदेशिक यात्राका लागि सिफारिस गर्ने काम वाहेक अरु गर्न सकिएको छैन । यो निकै संवेदनशील विषय पनि हो । हामीले उनीहरुका लागि केही गर्न पर्छ भन्ने कुरा नेतृत्व तहलाई वुझाउन सक्नु पर्छ ।

३. गाउंपालिकाले पदाधिकारी तथा कर्मचारीहरुका लागि लैससास सम्वन्धी विषयमा तालिम चलाउने विषयमा के कस्तो सोच अघि सारेको छ ?

यस्तो कार्यक्रमहरुमा गाउंपालिकाको चासो अभिवृद्धि गर्न जरुरी छ । यस्तो कार्यक्रमले सकारात्मक प्रभाव पार्दछ ।

४. गाउंपालिकाले महिलाहरुको रणनैतिक आवश्यकता पुरा गर्नका लागि के कस्ता क्षमता विकासका क्षेत्रहरुको पहिचान गरी लागु गरेको छ ? (जस्तै लोकसेवा आयोग तयारी कक्षा, ग्रामीण महिला प्राविधिक तयार गर्नका लागि लगानीको वातावरण आदि)

यस्ता श्रृजनशील कार्यक्रमहरु हुने नगरेको र यस्तो विषयमा छलफल पनि नभएको ।

विषयः नेपाल सरकार लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति तथा प्रतिवद्धता

१. स्थानीय सरकारका पदाधिकारीहरु, कर्मचारीहरुलाई वेईजिङ्ग घोषणा पत्रका बाह्वटा प्रतिवद्धता, दीगो विकासका सत्रवटा लक्ष्यहरु, वालअधिकार तथा जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी आदिका विषयमा प्रशिक्षित गरिनु कत्तिको आवश्यक छ ?

यो असाद्धै महत्वपूर्ण विषय हो । गाउंपालिका एउटा स्थानीय सरकारको रुपमा आएपछि आफूलाई चाहिने ऐन नियम आफै वनाउनु पर्ने भएकोले पनि यो विषयमा जानकारी राख्न जरुरी छ । जनप्रतिनिधि तथा पदाधिकारीहरुलाई यो विषयमा खासै ज्ञान छ जस्तो लाग्दैन ।

२. महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी (सिडा), संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदवाट पारित प्रस्ताव नं.१३२५ र १८२० को कार्यान्वयनका लागि गाउंपालिकाले रकम विनियोजन गरेको छ कि छैन ? छैन भने किन ?

यो विषयमा हामी कर्मचारी तथा पदाधिकारीहरु खासै जानकार छैनौं । महिला अधिकार सम्वन्धि विषयमा नीति निर्माताहरु जानकारी हुन जरुरी छ ।

३. वेनिघाट रोराङ गाउंपालिकाको लैङ्गिता सम्वन्धी प्रमुख मुद्दा र समस्याहरु के के हुन ?

गाउंपालिकामा लैङ्गिता सम्वन्धी थुप्रै समस्याहरु रहेका छन । ती मध्ये वालविवाह एक हो । अभिभावकले विवाहका लागि रोके पनि विवाह गरेर जाने चलन छ । वहुविवाह, घरेलु हिंसा, शारीरिक तथा मानसिक हिंसा पनि निकै चर्को छ । मदिरा सेवनका कारण पनि यो समस्या वढेको छ । त्यस्तै अचेल सम्वन्ध विच्छेदका कारण वालवालिकाहरुले दुःख झेल्नु परेको छ ।

विषयः कार्यसंस्कृति

१.सेवा सुविधामा पहुंच नभएका व्यक्ति वा समूहहरुका लागि सेवा पुऱ्याउन पालिकाले खेलेको भूमिकाको वारेमा वताईदिनु हुन्छ कि ? (घुम्ती शिविर)

अफिस भन्दा वाहिर गएर सेवा प्रवाह गर्ने काम गाउंपालिकाले केही गरेको छैन । स्वास्थ्यमा केही शिविरहरु भएका छन । यो विषय निकै सान्दर्भिक विषय पनि हो । गाउंपालिकाले गर्ने नियमित कामहरुलाई अभियानको रुपमा लान सक्ने हो भने जनतामा यसले एक प्रकारको सकारात्मक उर्जा भर्नेछ ।

२. वालवालिका, महिला, ज्येष्ठ नागरिक, अपाङ्ग मैत्री भौतिक संरचना तथा सेवा प्रवाहमा उनीहरुको सहभागिता अभिवृद्धि गर्न के गर्न पर्ला ?

पहिलाका भवनहरु वालवालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गमैत्री हुन सकेनन । यसको महत्वको वारेमा पछिल्लो चरणमा वल्ल वोध हुदै आयो । अहिले आएर पछिल्लो चरणमा वन्दै गरेका भवन र अवका दिनमा वन्ने भवन भने धेरै हिसावले मैत्री हुने देखिन्छ ।

३. गाउंपालिकाले वालविवाह, वहुविवाह, दाइजो प्रथा, बोक्सी, छुवाछुत तथा घरेलु हिंसा, महिला हिंसा उन्मुलनका लागि के कस्ता चेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरेको छ ? नगरेको भए के कारणले गर्न नसकेको हो वताईदिनुहुन्छ कि ?

गाउंपालिकाले विभिन्न संघसंस्थाहरुसंग मिलेर यी विषयहरुमा काम गर्दै आएको छ । हरेक वडामा एक एक जना स्वयसेवकहरु राखेर काम गर्ने गरेको छ । सहयात्री नामक स्थानीय गैर सरकारी संस्थासंग मिलेर काम गरिरहेको छ ।

सुशासनः

१. गाउंपालिकाले आयोजनाहरुमा सामाजिक जवाफदेहिता मापन गर्न के कस्ता उपायहरु अवलम्वन गर्दै आएको छ ?

एउटा त हामीले योजना तर्जुमा देखिनै समुदायको सहभागिता गराउने अनि समुदायलाई योजनाको वारेमा जानकारी दिने काम गर्दछौं । दोश्रो उपभोक्ता समितिको गठन गर्दा आमभेला मार्फत गर्ने अनि उपभोक्ता समितिहरुले हरेक योजनाको सार्वजनिक परीक्षण गर्ने, होडिङ्ग वोर्ड राख्ने काम गर्छन । गाउंपालिकाले बेला मौकामा सार्वजनिक सुनुवाईको पनि आयोजना गर्ने गरेको छ ।

२. गाउंपालिकाले वेभसाईट मा आफ्ना नीति, रणनीति, वार्षिक कार्यक्रम, आयव्यय विवरण, सामाजिक सुरक्षा सम्वन्धी अद्यावधिक जानकारी राख्ने सम्वन्धमा के कस्ता प्रयासहरु गरेको छ ?

गाउंपालिकाले पारित गरेका सवै जसो नीतिहरु वेभसाइटमा राखिएको छ । सामाजिक सुरक्षाका विवरणहरु पनि राख्ने गरेको छ ।

३. गाउंपालिकाले सुशासन प्रत्याभूति गर्नका लागि के कस्ता उपायहरु अवलम्वन गरेको छ ?

खासै त्यस्तो नयां उपायहरु अवलम्वन गरेको अवस्था छैन ।

४. गाउंपालिकाभित्रका नीति, कार्यक्रम, वजेट तर्जुमा, योजना कार्यान्वयन तथा व्यवहारमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषयलाई आन्तरिकिकरण गर्न के के गर्नु पर्ला ?

सवै भन्दा पहिला हामीले जनतालाई सचेत वनाउन जरुरी छ । बनेका ऐन नियमहरु र तिनीहरुमा भएको व्यवस्था जनतालाई थाहा हुनु पर्‍यो । साथै ऐन नियमको कार्यान्वयन पश्चात जनतामा के सन्देश गयो भन्ने कुराको पनि अनुगमन हुन जरुरी छ । विभिन्न खालका प्रेसर ग्रुपहरु जस्तै महिला मानव अधिकार सञ्जाल, आमा समूहले पालिकालाई सही वाटो डोऱ्याउनका लागि पनि सहयोग गर्नु पर्‍यो ।

७.४ पार्वती ठकुरी, सहयात्री नेपाल, महिला मानव अधिकार सञ्जाल, न्यायिक श्रोतव्यक्ति

प्रश्न नं. १: तपाईको फिल्ड अनुभवका आधारमा बेनिघाट गाउंपालिकामा रहेका महिलाहरुको प्रमुख समस्याहरु के के छन ? वडागत रुपमा भन्न पर्‍यो भने कुन वडाको समस्या के के हुन ?

धेरै जसो घरेलुहिंसा पहिला भन्दा धेरै कम भएको । गाउंपालिकामा विशेष गरी पुरुषहरुमा रहेको समस्या भनेको जांडखाने अनि कुटपिट गर्नु हो । यसले महिलाहरुमा एक प्रकारको मानसिक हिंसा जन्माएको छ । वच्चा पाउने विषयमा महिलाको निर्णय लागु हुदैन । परिवार नियोजनको साधन प्रयोग गर्ने तथा स्थायी वन्ध्याकरणको विषयमा पनि श्रीमानकै भूमिका वढी हुन्छ । महिला सुरक्षाका लागि धादिङ्गमा सेफ हाउस छ । हामीकहां वालविवाह अर्को समस्याको रुपमा रहेको छ । महिलाहरुको क्षेत्रमा काम गर्ने कार्यकर्ताहरुको पनि ज्यान जोखिममा रहेको छ । यही विषयमा काम गर्नका लागि गाउंपालिकावाट प्रत्येक वडाका लागि रु. २ लाख विनियोजन भएको थियो । गाउंपालिकाको वडा नं ४ मा ९ वर्षकी वालिका वलात्कारको घटनाको शिकार भईन । अहिले पीडकले २१ र्वषको जेल सजाय भोगिरहेको छ । त्यस्तै वडा नं ५ को जनगाउंतिर वढी हिंसा छ । वडा नं ९ को लेकसाईडतिर वढी हिंसा छ । पालिकाको वडा नं.१० मा मेरो विचारमा सवै भन्दा वढी हिंसा रहेको छ ।

प्रश्न नं. २: तपाईको फिल्ड अनुभवका आधारमा वालवालिकाका समस्याहरु (शैक्षिक, स्वास्थ्य, पोषण, सामाजिक, सरसफाई) आदि के के हुन ? वडागत रुपमा भन्न पर्‍यो भने तपाई के भन्नु हुन्छ ?

चेपाङ्ग वस्तीमा वालवालिका, महिलाका धेरै समस्याहरु लुकेर वसेका छन । चेपाङ्ग भएकै कारण उनीहरु धेरै पीडित छन । गाउं गाउंमा चेतनाको दीयो वाल्ने सरहरुले समेत चेपाङ्गहरुले अंग्रेजी पढ्न सक्दैनन भन्नु हुन्छ । यही कारणले पनि छोरीहरुले विद्यालय छोड्ने चलन आयो । पढाई राम्रो नभएसी सानैमा विवाह गरेका चेलीहरु पनि छन । विद्यालय जान छोडेकालाई सम्झाए पछि ४-५ जनालाई पुनः विद्यालय शिक्षामा फर्काउने काम पनि भएको छ । चेपाङ्ग, परियारहरुको आर्थिक स्थिति पनि कमजोर छ । चर्पी प्रयोग दर वढेको भएता पनि अहिले पनि चर्पी प्रयोग नगर्नेहरुको संख्या पनि छ । वालविवाह कम मात्रामा छ । केटीहरुको वालविवाह वढी छ । विवाह भएपछि पनि हामीहरुले किशोरीहरुको कक्षामा राखेर छलफल गराउने गरेका छौं । किशोरी कक्षामा लैङ्गिकता, महिनावारी, वालविवाह, नागरिकताको वारेमा छलफल गरिन्छ । हामीले प्रहरी र समुदायको अन्तर्क्रिया कार्यक्रम गर्ने गरेका छौं, त्यस्तै वालविवाहको सडक नाटक पनि प्रदर्शन गरेका छौं ।

प्रश्न नं.३: तपाईको फिल्ड अनुभवका आधारमा विशेष क्षमताका व्यक्तिहरुको (अपाङ्ग, दृष्टिविहीन, श्रवणहीन आदि) का समस्याहरु के के रहेका छन ?

यस्ता केसहरु धेरै छन सर । उनीहरुको आवाज सुनिदिने चलन छैन । उनीहरुको हक अधिकारका लागि बोल्ने स्थानीयस्तरमा संघसंस्था हुन जरुरी छ ।

प्रश्न नं. ४: महिला विरुद्ध हुने १६ दिने अभियान, वालदिवस आदि दिवस मनाउने चलन कस्तो छ ? के यो चलनले महिला विरुद्धका हिंसा तथा वालहिंसा हटाउन सहयोग गरेका छन ?

१६ दिने अभियान, वालदिवस धुमधामसंग मनाउने नगरिएको । एक ठाउंमा मनाएको विषयलाई पालिकाले मनाइयो भन्छ तर सम्वन्धित वडामा नभएसी भएन भन्न पर्‍यो । यस्तो खालको दिवसको महत्वको वारेमा सवैलाई जानकारी हुन सक्यो र गाउंका मानिसहरुलाई नै कार्यक्रमको आयोजनामा सहभागि गराउन सकियो भने मात्र उनीहरु उत्साहित हुन सक्थे साथै उनीहरुको क्षमता विकास पनि हुन्थ्यो । मेरो विचारमा यस्ता कार्यक्रमहरु व्यवस्थित ढंगले गर्न सक्ने हो भने महिला हिंसाका घटनाहरु कम गर्न सकिन्छ ।

प्रश्न नं. ५: गाउंपालिकाभित्र छुवाछुतको अवस्था कस्तो देख्नु हुन्छ ?

छुवाछुत अहिले सार्वजनिक स्थानहरुमा छैन । फलानाले छुवाछुत गर्‍यो भन्ने कुरा कंही कतै सुनिदैन ।

प्रश्न नं.६: उपभोक्ता समितिभित्र महिला, दलित, पछाडि परेको वर्गको सहभागिताको वारेमा तपाईको विचार के छ ?

उपभोक्ता समितिहरुमा महिला राख्ने गरेको भए पनि केवल हस्ताक्षरको लागि मात्र राख्ने गरिएको । समितिमा उनीहरुको कुरा चल्दैन ।

प्रश्न नं.७: महिलामाथि हुने हिंसाको अवस्थाको वारेमा तपाईको अनुभवले के भन्छ ? जस्तै एकल महिला, विवाहित महिला, दलित महिला आदि

महिला हिंसा छ । खास गरी घरेलु हिंसा । घरेलु हिंसालाई कम गर्नका लागि पालिकाले सवै भन्दा पहिला श्रीमान, श्रीमती अनि सासुलाई राखेर तालिम दिन सक्नु पर्छ । महिला हिंसा न्युनीकरणका कार्यक्रमहरु डिजाइन गर्न सक्नु पर्छ ।

प्रश्न नं. ८: वालवालिकामाथि हुने हिंसाको वारेमा तपाईको अनुभवले के भन्छ ?

लागु पदार्थको कुलत सम्वन्धि समस्याले वालवालिकाहरुलाई असर पारेको छ । यसका लागि विद्यालयस्तरमा वा समुदायस्तरमा विभिन्न खालका कार्यक्रम सञ्चालन गर्नु पर्छ । वालवालिकामाथि हिंसा भईरहेको हुन्छ तर उनीहरुले व्यक्त गर्न सक्दैनन । वालअधिकारको विषयमा गाउंका वालवालिकाले खासै थाहा नभएको कारणले पनि यो विषय वाहिर नआएको हो । तर हामी फिल्डमा हिंड्ने मान्छेले वालहिंसा भइरहेको देख्छौं । आमा शिक्षित नहुनुले पनि अक्सर त्यस्तो समस्या पार्छ ।

प्रश्न नं. ९: तपाईको विचारमा वडास्तरका स्वास्थ्य चौकी, विद्यालय, खानेपानी उपभोक्ता समिति, तथा गाउंपालिकाको सेवा प्रवाह कत्तिको लैंगिक मैत्री छ ?

पुराना भौतिक संरचनाहरु र कर्मचारीहरु मैत्री छैनन । तर अचेलका नयां भवन र कर्मचारीहरुमा मैत्रीपन वढी भएको महसुस भएको छ । जो बोल्छ उसलाई वढी फोकस गर्ने चलन छ ।

प्रश्न नं.१०: तपाईका आफ्ना विचार, अनुभव एउटा सामाजिक अभियन्ताको हिसावले ।

हाम्रो गाउंघरका महिलाहरु आफ्ना कुराहरु भन्न सक्दैनन । धेरै लजाउने वानी छ । साथै विभिन्न खालका कार्यक्रमहरुमा उनीहरुलाई सहभागि गराउन पनि गाह्रो हुन्छ । उनीहरुलाई जहिले पनि घरको काम वित्छ । भन्न र बोल्न डराउने भएकोले पनि उनीहरु हेपिएका हुन ।

प्रश्न नं. १०: तपाईसंग यस सम्वन्धी मामिला अध्ययनहरु छन भने भन्नोस ।

थुप्रै छन । गाउंघर घटनाको भण्डार नै हुन ।

७.५ प्रतिमा कण्डेल तथा चित्रादेवी, स्वास्थ्य आमा समूह सञ्जाल, वडा नं.५

प्रश्न नं. १: तपाईको फिल्ड अनुभवका आधारमा बेनिघाट गाउंपालिकामा रहेका महिलाहरुको प्रमुख समस्याहरु के के छन ? वडागत रुपमा भन्न पऱ्यो भने कुन वडाको समस्या के के हुन ?

हामीकहां महिला हिंसाका समस्याहरु धेरै छन । महिलाहरु धेरै प्रकारका सामाजिक हिंसावाट पीडित छन । महिला हिंसाका समस्याहरुलाई सम्वोधन गर्नका लागि धेरै महिला समूहहरु वनेका तर उनीहरु पार्टीको गोटी वनेका कारणले महिला समूहहरुको वीचमा एकता हुन नसकेको जसले गर्दा यसको फाइदा पुरुषहरुले पाउने गरेको । महिलाहरु शशक्तिकरणको नाममा केवल एउटा पाठशाला बनेको अवस्था छ । एउटा पार्टीले महिला दिवसको दिन महिला सहभागिताको कुरा गर्छ अर्कोले धत यस्तो पनि गर्ने काम हो भने हतोत्साही गर्छ जहां महिलाहरुले के गर्ने भन्ने विषयमा दोधारमा पर्छन । महिलाहरुलाई वाहिर संस्थाहरुले आयोजना गर्ने कार्यक्रमहरुमा सहभागिता हुने इच्छा हुन्छ तर उनीहरु सहभागि हुन पाइरहेका छैनन । श्रीमानले रक्सी खाएर पिट्ने, गाली गलौज गर्ने समस्या पनि उत्तिकै छ । विदेश गएका श्रीमानका श्रीमतीहरु पीडित छनः विशेष गरी शंकाका कारणले । महिला महिलाका भावनाहरुलाई जोड्ने कार्यक्रमहरुको अभाव भएको ।

प्रश्न नं. २: तपाईको फिल्ड अनुभवका आधारमा वालवालिकाका समस्याहरु (शैक्षिक, स्वास्थ्य, पोषण, सामाजिक, सरसफाई) आदि के के हुन ? वडागत रुपमा भन्न पऱ्यो भने तपाई के भन्नु हुन्छ ?

सडक सञ्जालको छेउछाउमा वालश्रमिकहरु छन । उनीहरु होटेलमा काम गर्न वाध्य छन । त्यस्तै हाईहेलोमा रमाउने आमाका कारणले पनि वच्चाहरुले स्याहार सुसार नपाएको अवस्था पनि छ । वावुआमा नभएका टुहुरा वालवालिकाहरुका लागि वाहुनटारमा क्वाइन नेपालले वालगृहको निर्माण गरेर राम्रो सेवा दिइरहेको छ जहां झण्डै २० जना जति वालवालिकाले राम्रो सेवा सुविधा पाइरहेका छन । यहां वालविवाह नभएको होइन छ तर वावुआमाको अनुमति विना भागेर जाने प्रचलन छ ।

प्रश्न नं.३: तपाईको फिल्ड अनुभवका आधारमा विशेष क्षमताका व्यक्तिहरुको (अपाङ्ग, दृष्टिविहीन, श्रवणहीन आदि) का समस्याहरु के के रहेका छन ?

उनीहरुका लागि विशेष शिक्षाको कार्यक्रम छैनन । उनीहरु विद्यालयको शिक्षावाट छुटेका छन । अपाङ्गहरुका लागि भत्ता छ तर दृष्टिविहीनहरुका लागि भत्ता सुविधा छैन ।

प्रश्न नं. ४: महिला विरुद्ध हुने १६ दिने अभियान, वालदिवस आदि दिवस मनाउने चलन कस्तो छ ? के यो चलनले महिला विरुद्धका हिंसा तथा वालहिंसा हटाउन सहयोग गरेका छन ?

आमा समूहको आयोजनामा महिला विरुद्ध हुने १६ दिने अभियान, वालदिवस आदि मनाउंदै आइएको छ । महिला तथा वालवालिकाहरुलाई उनीहरुको अधिकार जताउनका लागि मनाइने यी दिवसहरुमा झन महिला तथा वालवालिका झन हिंसाको पीडा सहन वाध्य हुन्छन । वाहिर कहां गइस, कोसंग गइस भन्ने खालका प्रश्नहरुको मुस्लोको जवाफ दिंदा उनीहरु हिंसाको शिकार वन्छन । यी दिवसहरु मनाउनका लागि उचित कार्यक्रमको डिजाइन यसमा पुरुषहरुको सहभागिता गर्न जरुरी छ ।

प्रश्न नं. ५: गाउंपालिकाभित्र छुवाछुतको अवस्था कस्तो देख्नु हुन्छ ?

छुवाछुत छैन । घरभित्र संगै वसौं खाओं भन्न सकेका छैनौं । भान्छामा लान सकिएको छैन । मन्दिरमा जांदा संगै जान्छौं, संगसंगै फूलमाला भगवानलाई चढाउंछौं । दलित महिला र माथिल्लो जातको वीचमा भएका विवाह पनि सौहाद्रपूर्ण तरिकाले चलिरहेका छन ।

प्रश्न नं.६: उपभोक्ता समितिभित्र महिला, दलित, पछाडि परेको वर्गको सहभागिताको वारेमा तपाईको विचार के छ ?

उपभोक्ता समितिमा महिला सहभागिता ठीकै छ । उपभोक्ता समितिमा ३३ प्रतिशत महिला सहभागिता गर्ने चलन छ । मुख्य पदहरुमा महिलाहरुलाई स्थान दिने र उनीहरुलाई काम गर्ने वातावरण अझै श्रृजना गर्न सकिएको छैन । मुख्य पदमा महिलालाई स्थान दिई हालियो भने पनि पुरुषलाई जिम्मेवार वनाउन रुचाउने चलन पनि छ । महिलाहरुलाई मुख्य पदमा गएर काम गर्नका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रमको अभाव हो कि जस्तो लाग्छ ।

प्रश्न नं.७: महिलामाथि हुने हिंसाको अवस्थाको वारेमा तपाईको अनुभवले के भन्छ ? जस्तै एकल महिला, विवाहित महिला, दलित महिला आदि ।

एकल महिलाको हकमा परिवारमा विवाह गरिदिने विषयमा संकुचित सोच अहिले पनि कायमै छ । आफै जान्छे भने जाओस भन्ने चलन पनि छ । तर आफैले केटा खोजेर विवाह गरिदिने संस्कार हामीले भित्राउन सकेका छैनौं । एकल महिला तथा दलितलाई आफू कुनै शुभकार्यमा हिंड्न पऱ्यो र उनीहरु वाटोमा देखा परे भने साइत परेन भन्ने चलन अद्यापि कायमै छ । उनीहरुको आफ्नै समूह गठन

गरेर उनीहरुको शशक्तिकरण गर्ने कामलाई हामीले प्रोत्साहन गर्न सकेका छैनौं । गाउंपालिकाले त्यस्ता खालका विशेष शशक्तिकरण, सामाजिक अभियानका कार्यक्रमहरु ल्याउन सकेको छैन ।

प्रश्न नं. ८: वालवालिकामाथि हुने हिंसाको वारेमा तपाईको अनुभवले के भन्छ ?

जुन घरमा वावुआमाको वीचमा मेलमिलाप छैन त्यो घरमा वालवालिकामाथि हिंसा छ । हामीकहां वालवालिकामाथि हामीले अहिंसात्मक सञ्चार गर्न सकेका छैनौं । न विद्यालयमा शिक्षकले वालमैत्री भाषाको प्रयोग गर्छन न घरमा अभिभावकले । नपढेका वुवाआमा भएको ठाउंमा त झन भाषात्मक हिंसा धेरै हुन्छ । शारीरिक हिंसा वालवालिकाको मुख्य हिंसा हो । सम्झाउने, फकाउने भन्ने कुरा निकै गाह्रो विषय रहेछ । पिट्न नै सजिलो हुंदो रहेछ । श्रीमान श्रीमतीको रिस वच्चा माथि पोख्ने चलन अहिले पनि कायमै छ ।

प्रश्न नं. ९: तपाईको विचारमा वडास्तरका स्वास्थ्य चौकी, विद्यालय, खानेपानी उपभोक्ता समिति, तथा गाउंपालिकाको सेवा प्रवाह कत्तिको लैंगिक मैत्री छ ?

वाहिरवाट झट्ट हेर्दा यी संस्थाहरु लैंगिक मैत्री देखिए पनि व्यवहारमा छैनन । विशेष अवस्थाका महिलाहरु जस्तै गर्भवती, विरामी, रोगी आदिप्रति हेरिने व्यवहार उही परंपरागत नै छ ।

प्रश्न नं.१०: तपाईका आफ्ना विचार, अनुभव एउटा सामाजिक अभियन्ताको हिसावले ।

आमा समूहमा काम गर्दा एक प्रकारको आनन्द लाग्छ । मानिसहरुको सेवा गर्न पाउंदा, महिला अधिकार, वालअधिकारको विषयमा बोल्दा र पीडितहरुलाई सेवा दिंदा निकै ठूलो सन्तोष प्राप्त हुन्छ । तर यी विषयहरुलाई व्यक्ति विशेषको अधिकार र सरोकारको विषयको रुपमा आम समाजले वुझ्दा काम गर्न गाह्रो छ । गल्ती गर्ने व्यक्तिले नै मानिसहरुको ठूलो भीड जम्मा गरेर हामी विरुद्ध बोलेका थुप्रै उदाहरणहरु छन । कुलत छोड्न पर्छ भन्ने खालका अभियानहरु पनि हामीले सञ्चालन गऱ्यौं तर समाजको कुलतको पक्षमा बोल्ने मानिसहरु देखेर दङ्ग लाग्छ ।

अनुसूची ८: लैङ्गिक अडिट कार्यदलको वैठक माइन्युट



आज मिति २०६६ साल फागुन २८ गतेका दिन प्रशासन शाखा प्रमुख श्री केदार कुमार खड्काको संयोजकत्वमा लैङ्गिक अडिट कार्यदलको बैठक बसी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सूचकहरुका सम्बन्धमा छलफल गरी संलग्न रहे बाट समाप्त गरियो ।

उपस्थिति

१. प्रशासन शाखा प्रमुख श्री केदार कुमार खड्का – बैठक सं.
२. लेखा अधिकृत श्री सन्तोष अर्याल – " "
३. शिक्षा अधिकृत श्री बोधराज पाठक – " "
४. अधिकृत श्री राजन खाण्डोट – " "
५. योजना शाखा श्री परशुराम घिमिरे – " "
६. कार्यक्रम समिति श्री समता पन्थ / चपलिया – " "
७. महिला बालबालिका शाखा श्री पुजा खनाल – " "
८. प्राविधिक शाखा श्री प्रकाश पोखरेल – " "
९. योजना, शाखा सल्लाहकार श्री लोक प्रसाद पौडेल – प्रतिनिधि
१०. यो. अं. इन्जिनियर श्री सुरराज खुवेडी – प्रतिनिधि

निर्णय नं. १

लैङ्गिक अडिटको निश्चित ढांचा र यसका सूचकहरुको सम्बन्धमा कार्यदलका सदस्यहरुलाई जानकारी गराइएको साथै बैठकबाट सोधिए गरिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा २२.५ अंक प्राप्त गरेको विषयमा आपत्ती सहमति गरियो ।

निर्णय नं. २

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सूचकहरुमाथि छलफल गरी प्राप्त निचोडको आधारमा तयारीको कार्ययोजना बनेको र सो कार्ययोजनाको सम्बन्धमा कार्यपालिकाका सदस्यहरुलाई जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं. ३

लैङ्गिक अडिटको उद्देश्य, लक्ष्य, विधि, प्रक्रिया, स्थिति, कार्ययोजना को बारेमा विस्तृत प्रतिवेदन बनाई सरस्वाकडोनाटको केन्द्रिय कार्यालयमा पठाउने निर्णय पारित गरियो ।

अनुसूची ९: प्रमुख सूचनादाता अन्तर्वार्ता स्वास्थ्य शाखा संयोजक

प्रश्न १: स्वास्थ्य सेवाको पहुंच र उपभोगका लागि पछि परेका महिला, वालवालिका, अपाङ्ग, दृष्टिविहीनहरुका समस्या र चुनौतिहरु के के हुन ?

वेनिघाट रोराङ गाउंपालिका भौगोलिक पहुंचका हिसावले निकै कठिन गाउंपालिका हो । मैत्री सेवा प्रदान गर्ने संरचनाहरु छैनन । भवन मैत्री छैनन । श्रवणहीनहरुलाई उपचार गर्ने त्यही खालका प्राविधिकहरु छैनन । लक्षित समूहलाई फाइदा पाउने संरचना पनि छैन । उनीहरुलाई सेवा प्रदान गर्ने संस्कार पनि छैन । लाटो तथा मुख नबोल्नेहरुले बोलेको भाषा वुझ्ने क्षमता हामीसंग छैन । अहिले भएका प्राविधिकहरुका लागि अहिंसात्मक सञ्चारको तालिम आवश्यक छ । भाषा पनि आफैमा एउटा उपचार पद्धति हो भन्ने धेरैले नवुझेको हुन सक्छ ।

प्रश्न नं.२: स्वास्थ्य क्षेत्रको सामाजिक जवाफदेहिता अभिवृद्धि गर्न के के प्रयास गरिएको छ ? अवका दिनमा के कस्ता कार्यक्रम तर्जुमा गरेर जान सकिएला ?

स्वास्थ्य सेवा लिने, स्वास्थ्य सेवा दिने अनि स्वास्थ्य सेवाको व्यवस्थापन गर्नेको वीचमा त्रिपक्षीय वैठक हुन्छ । गुणस्तरीय सेवा प्रवाह हुन्छ कि हुन्न भएन भने किन भएन भनेर गुणस्तर सुधार समितिको वैठक वस्ने गरिएको छ । स्वास्थ्य सेवाको पहुंचवाट टाढा भएकाहरु सेवा लिन आउंदैनन, यसका लागि घुम्ती शिविर बेला मौकामा सञ्चालन गर्ने गरिएको छ ।

प्रश्न नं.३: स्वास्थ्यसंस्थाभित्र हुने भेदभाव जस्तै धनी, गरिव (धनीलाई पहिला सेवा गरिवलाई पछि), छुवाछुत, जातिय विभेद (जस्तै चेपाङ्का छोराछोरीको स्वास्थ्य के राम्रो होस भन्ने खालका सोच) छ कि छैन ? छ भने कसरी व्यवस्थित गर्न सकिएला ?

स्वास्थ्य संस्थाभित्र विभेद छैन । स्वास्थ्यकर्मीले विरामीलाई अभिवादन गरेर परामर्शमा जान्छन । अपाङ्गहरुलाई अभिवादन गर्छन । टि.भि.का विरामीलाई लामो समय कुराएर राख्ने गरिंदैन । उनीहरुलाई लामो समय कुराउंदा यसले स्वास्थ्यकर्मीहरुलाई नै कन्टामिनेट गर्ने भएकोले त्यस्तो गरिएको हो ।

प्रश्न नं.४: परिवारभित्र हुने घरेलु हिंसा (महिला, किशोरी) दुवैका कारणले आमा र वालवालिकाको स्वास्थ्यमा के कस्तो प्रभाव परे जस्तो लाग्छ ?

हाम्रो समाजमा लैङ्गिक विभेद छ । महिलाहरुलाई परिवार नियोजनको साधनको वारेमा खुलेर बोल्ने, परिवार नियोजनको साधन प्रयोग गर्ने विषयमा कतिपय ठाउंमा अहिले पनि रोकटोक छ । नवविवाहित वुहारीहरुलाई परिवार नियोजनको साधन प्रयोगमा समेत वाधा छ । महिलाहरुका गोपनियताका सवालहरु उत्तिकै महत्वपूर्ण छन । यसका लागि सवै जसो ठाउंमा महिला स्टाफको व्यवस्था गरिएको छ ।

प्रश्न नं.५: स्वास्थ्य संस्थाभित्र वालमैत्री, अपाङ्गमैत्री वातावरणको (भवन, कुर्सी, चर्पी, व्यवहार आदिको अवस्था के कस्तो छ ?

अपाङ्गमैत्री छैन । आमाले आइरन चक्की नखाएको अवस्था पनि छ । खोप सुविधा नलिएको ठाउंमा दादुराको आउट ब्रेक भएको छ । लाउने खानेकुराको चेतना छैन । तर स्वास्थ्य चौकीको सुविधा पुगेको छ ।

प्रश्न नं.६: स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र आदिले गाउंघर क्लिनिक, खोप क्लिनिक दुरदराजमा सञ्चालन गर्छन कि गर्दैनन ? गर्छन भने के कसरी गर्दै आएका छन ? यसका लागि समस्या र चुनौतिहरु के के छ ? समुदायको दृष्टिकोण र व्यवहारले यी कार्यक्रमहरुमा पारेको प्रभाव तथा असर के छ ?

गाउंघर र खोप क्लिनिक दुवै सञ्चालनमा छन । गाउंघर क्लिनिक र खोप क्लिनिकका लागि भवन नभएको कारणले कहिलेकांही सञ्चालनमा वाधा आउंछ । तर पनि हामीहरुले व्यक्तिको घरमा सञ्चालन गर्दै आएका छौं । यो सेवा नियमित छ । फाइदा पाउने वर्गहरु पनि सहभागि भएको अवस्था छ । ढिलो आउने समस्यालाई भने हल गर्न सकिएको छैन ।

प्रश्न नं.७: लैङ्गिक समवेदनशीलताको हिसावले कर्मचारीहरुको व्यवहार के कस्तो रहेको छ ? अझ राम्रो वनाउन के गर्न सकिएला ?

कर्मचारीहरुका लागि वि.सि.सि.तालिम तथा अभिमुखीकरणको आवश्यकता छ । त्यस्तै अहिंसात्मक सञ्चार पनि । कर्मचारीहरुले सक्दो राम्रो व्यवहार प्रदर्शन गरेका छन । कतिपय अवस्थामा सम्वन्धित ठाउंको विकटता, मानिसहरुको प्रतिक्रियात्मक स्वभावले पनि उनीहरुलाई गाह्रो वनाउंछ । कतिपय कर्मचारी आफै लैङ्गिक हिंसाले पीडित छन । उनीहरुले आफ्नो पीडा कहां भन्ने कहां पोख्ने आदि जस्ता समस्याहरुले उनीहरुलाई काममा वाधा पुऱ्याएको हामीलाई लागेको छ ।

प्रश्न नं.८: महिलाहरुलाई गर्भजांच, परिवार नियोजनको साधनको प्रयोग, वालवालिकाको स्याहार, खोप आदिलाई सफलतापूर्वक अघि वढाउन पुरुषको के कस्तो भूमिका जरुरी छ ?

साक्षर परिवारमा यो समस्या खासै छैन । तर निरक्षरहरुको हकमा यो समस्या विद्यमान छ । अहिले पनि महिलाहरुमा कार्यभार वढी रहेको छ । गर्भवती महिलाले वालवच्चाको स्याहार, घरको सारा काम गर्नु पर्ने र जोखिमपूर्ण काम गर्नु पर्ने वाध्यता पनि छ । परिवार नियोजनको साधन महिलाहरुले वढी गर्नु पर्ने स्थिति छ । कण्डम प्रयोगकर्ता पुरुषहरुको संख्या वढाउन सके महिलाहरु माथि अस्थायी परिवार नियोजनको कारणले भएको प्रभाव र असरलाई कम गर्न सकिन्थ्यो । त्यस्तै स्थायी वन्ध्याकरणका लागि पुरुषलाई मनाउन नसक्दा महिलाहरुमाथि थप भार थपिएको पक्का हो । परिवार नियोजन पश्चात पुरुषहरु यौनमा सक्रिय हुन सक्दैनन, परिवार नियोजन गरेको पुरुषले गरेको पुजा भगवानले स्वीकार गर्दैनन भन्ने खालका परंपरागत सोचले गर्दा महिलाहरुमाथि थप समस्या श्रृजना गरेको छ ।

प्रश्न नं.९: स्वयंसेविकाहरुको मनोविज्ञान के कस्तो रहेको छ ? हामीहरुले उनीहरुलाई थप उर्जा दिन के गर्न जरुरी होला ?

गाउंपालिका भरि गरेर ३९ जना स्वयंसेविकाहरु रहेका छन । त्यस मध्ये ८ जना ६० नाघेका छन । १८ दिनको तालिम पश्चात अलि अलि रिपोटिङ्ग गर्ने अवस्थाका पनि छन । कतिपय स्वयं महिला हिंसाको मारमा परेका पनि छन ।

प्रश्न नं. १०: अब हामीले स्वास्थ्यको क्षेत्रलाई गुणस्तरीय बनाउन के कस्ता सचेतना निर्माणका कार्यक्रमहरु बनाएर जान पर्ला ?

स्वास्थ्य क्षेत्रमा प्रदान गरिएको सेवालाई गुणस्तरी बनाउनका लागि सबै भन्दा पहिला समुदायको क्षमता विकास जरुरी छ । यो सेवा हाम्रो लागि हो । हामी समयमा उपस्थित भई सेवा लिनु पर्छ भन्ने चेतना जरुरी छ । अति विपन्न समुदायको आवाज, अधिकार र छनौटको विषयलाई बलियो बनाउन सकियो भने यसले स्वास्थ्य सेवालाई सुदृढ बनाउन सहयोग गर्छ । स्वास्थ्य संस्थाहरुको भवन मर्मत, नयां निर्माणका कामलाई तदारुकता दिने, ल्याब स्थापना गर्ने काममा जोड दिनु पर्छ । त्यस्तै स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष वडाध्यक्ष भएको र उहांले समय दिन नसक्दा कामा गाह्रे भएको छ । उहांले कुनै सक्रिय वडा सदस्य(महिलालाई) जिम्मा दिने हो भने स्वास्थ्य व्यवस्थापन समितिलाई थप सक्रिय बनाएर लान सकिन्छ ।

अनुसूची १०: छलफलका केही झलकहरु: स्टाफहरुलाई जेसीको बारेमा अभिमुखीकरण

फोकस ग्रुप